**कृषि,.शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन खाँडाचक्रको शान**

**समता, दिगो विकास र सुशासन हाम्रो पहिचान"**

# खाँडाचक्र नगरपालिका,कालिकोट

# १० बर्षे शिक्षा योजना (२०७८।०७९ –२०८७।०८८)

# परिमार्जित नगर शिक्षा योजना (२०८१)

# कर्णालि प्रदेश, नेपाल

प्राविधिक सहयोग
समाज जागरण केन्द्र (स्याक) नेपाल, सुर्खेत
यूनिसेफ नेपाल

## वक्तव्य

मुलुक संघीय संरचनामा प्रवेशपश्चात् स्थानीय सरकार गठन भएका हो। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका अधिकारको व्यवस्था गरिएको छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहका योजना तर्जुमा दिग्दर्शन र गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरका विकासका लागि आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ। यही प्रावधानहरूलाई आत्मसात गर्दै खाँडाचक्र नगरपालिकाको आवश्यकता र सम्भावनालाई मध्यनजर गर्दै नगरवासीका अपेक्षालाई पुरा गरी नगरलाई संमृद्धिको दिशातर्फ डोर्‍याउन यो आवधिक योजना निर्माण गरिएको छ। प्राकतिक रूपले सुन्दर यस खाँडाचक्र नगरपालिका प्रचुर सम्भावना बोकेको नगरपालिका हो। यति हुँदाहुँदै पनि यो नगरपालिका आर्थिक र सामाजिक रूपले पछाडि परेको यर्थाथ हामी सामु छर्लङ्ग छ। त्यसैले खाँडाचक्र नगरपालिकामा भएका सम्भावना र चुनौतीलाई अवसरमा बदल्ने बेला आएको छ। यस कुरालाई मध्यनजर गरी या आवधिक योजनामा खाँडाचक्र नगरपालिकाका पूर्वाधार, शिक्षा, स्वास्थ्य, स्वरोजगार, कृषि, पशु, उद्योग, पर्यटनलयायतका क्षेत्रलाई प्राथमिकतामा राखी ५ वटा विषयगत क्षेत्रका समष्टिगत रूपमा ५ वर्षीय निर्देशित योजना तयार गरिएको छ। खाँडाचक्र नगरपालिकामा विद्यमान सामाजिक असमानता तथा पछौटेपनलाई सदाका लागि अन्त्य गर्न समावेशी, सहभागितामूलक र आवश्यकतामा आधारित योजना तर्जुमा प्रक्रियालाई यस आवधिक योजनाले आत्मसात गरेको छ। आवधिक योजनाले परिकल्पना गरेका दीर्घकालीन सोचका नजिक पुग्नका लागि पहिचान गरिएका लक्ष्य, रणनीति तथा नतिजाहरू प्राप्त गर्न निर्धारण गरिएका कार्यान्वयन कार्ययोजना ठिकठिक समयमा प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् भन्ने कुरामा म विश्वस्त छु। साथै यस आवधिक योजना कार्यान्वयनका लागि नगरपालिका, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रलगायत नागरिक समाज र विकास साझेदारहरूको भूमिका महत्वपूर्ण हुने विश्वास मैले लिएको छु। अन्त्यमा खाँडाचक्र नगरपालिकाका परिमार्जित नगर शिक्षा योजना ९२०८१० तयार गर्नेक्रममा प्रत्यक्ष र अप्रत्यक्ष्य रूपमा सबै पक्षको भूमिका महत्वपूर्ण छ। परिमार्जित नगर शिक्षा योजना ९२०८१) तयारीका क्रममा योगदान पु¥याउने नगर उपप्रमख, वडा अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा नगरपालिकाका विषयगत शाखा तथा कर्मचारीहरू, जिल्ला स्थित संघ तथा नागरिक समाज, विकास साझेदार ,गैरसरकारी संघसस्था, निजी क्षेत्र, सञ्चार माध्यमहरूलगायत सबैबाट प्राप्त सहयोग, समन्वय र सहभागिता तथा योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै परिमार्जित नगर शिक्षा योजना ९२०८१० निर्माणका लागी आर्थिक र प्राविधिक सहयोग प्रदान गर्ने स्याक नेपाल , युनिसेफ नेपालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

कमल बहादुर शाही

नगर प्रमुख

# दुइ शब्द

सार्वभौम नेपाली जनताको लामो त्याग र बलिदानपश्चात् संविधान सभाबाट जारी नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो विकास, सुशासन, शान्ति र समृद्धिको जन अपेक्षा पुरा गर्ने सङ्कल्प गरेको छ । यसै सङकल्पलाई आत्मसाथ गर्दै समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तबमोजिम तिनै तहका सरकारहरू विकास र समृद्धिका यात्रामा क्रियाशील रहेका छन् । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरूको घरदैलोमा विकासको मार्गचित्र कोर्न आवश्यक छ । यसका साथै स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिको नेतृत्व तथा निर्देशनमा स्थानीय नीति, कानुन, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा सञ्चालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक छ । खाँडाचक्र नगरपालिकाका परिमार्जित नगर शिक्षा योजना ९२०८१० तर्जुमा भई कार्यान्वयन गर्न आवश्यक रहेको छ । नगरपालिकाको विकास तथा सुशासनको समग्र अवस्थाको अध्ययन तथा विश्लेषण, वडागत छलफल, कार्ययोजना कार्यशाला सञ्चालन, सरोकारवालासँगको छलफल लगायतबाट आएका विषयलाई समावेश गरी यो आवधिक विकास योजना तयार भएको छ । समृद्धि खाँडाचक्र नगरपालिकाको दीर्घकालीन सोचसहितको यो आवधिक विकास योजनालाई नै आधार बनाई कार्यपालिकाको कार्यकाल अघि बढ्नेछ । साथै परिमार्जित नगर शिक्षा योजना ९२०८१) तयारीका क्रममा योगदान पुर्‍याउने नगरप्रमुख, वडा अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका विषयगत शाखा तथा कर्मचारीहरू, जिल्ला स्थित संघसंस्था तथा नागरिक समाज, विकास साझेदार ,गैरसरकारी संस्था, निजी क्षेत्र, सञ्चार माध्यमहरूलगायत सबैबाट प्राप्त सहयोग, समन्वय र सहभागिता र योगदानको उच्च कदर गर्दै धन्यवाद दिन चाहन्छु ।



गणेशबहादुर शाही
नगर उपप्रमुख

## दुइ शब्द

आम नागरिकहरूको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सवल, सक्षम र जवाफदेही हुन आवश्यक छ। सीमित साधन र श्रोत अनि असीमित जनआकाङ्क्षा र आवश्यकताबिच तालमेल गरी धैरैभन्दा धैरै विकासका प्रतिफलहरू विभिन्न क्षेत्र र वर्गका जनताबिच पुर्याउने जिम्मेवारी नगरपालिको रहेको छ। खाँडाचक्र नगरपालिकाले सरकारी, निजी, समुदाय, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीमा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गरी उनीहरूको आवश्यकताको सम्बोधन गर्ने प्रयास गरेको छ। यस नगरपालिकाको दीर्घकालीन सोचलाई मूर्त रूप दिन आवधिक विकास योजना, विषयक्षेत्र रणनीतिक तथा गुरूयोजना र वार्षिक वजेट तथा कार्यक्रमबिचमा अन्तरसम्बन्ध स्थापित गर्न प्रयास गरिएको छ सुशासन तथा विकासको योजना तयार गर्नु आवधिक विकास योजना तयार गर्नु र कार्यान्वयन गर्नु गराउनु स्थानीय सरकारको एक प्रमुख र महत्वपूर्ण दायित्व हो। नगरपालिकाको विकास तथा सुशासनको समग्र योजनाको रूपमा खाँडाचक्र नगरपालिकाको परिमार्जित नगर शिक्षा योजना ९२०८१० तयार गरी प्रकाशन गरिएको छ। यस योजना तयार गर्ने काममा सहयोग गर्नुहुने कार्यपालिका तथा वडा समितिका निर्वाचित पदाधिकारीज्यूहरू, महत्वपूर्ण रायसुझाव प्रदान गर्ने राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधीज्यूहरू, विज्ञ समूहका सल्लाहकारज्यूहरू, सामाजिक तथा बौद्धिक क्षेत्रका महत्वपूर्ण व्यक्तित्व र समुदाय तथा समन्वय र व्यवस्थापनमा विज्ञ तथा सहयोगी हातका रूपमा रहेका शाखा प्रमुखहरूसमेत सबै कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्न चाहान्छु। आगामी दिनमा सबै पक्षहरूको सकारात्मक सहयोग, सल्लाह, सुझाव र समन्वय र जिम्मेवारीपूर्ण भूमिकाको साथ यो परिमार्जित नगर शिक्षा योजना ९२०८१० कार्यान्वयन हुने विश्वास लिएको छु।

प्रवलजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

# भनाइ

शिक्षा क्षेत्रको दश वर्षीय योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, १६ औं योजना , नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन , शिक्षासम्बन्धी सङ्घीय कानुनहरू र कर्णाली प्रदेशको पहिलो आवधिक योजनालाई आधार मानिएको छ । यसमा प्रारम्भिक बालविकास, आधारभूत  तथा माध्यमिक शिक्षा , प्राविधिक तथा व्यावसायिक तालिम र जीवन प्रयत्न सिकाइको व्यवस्था समेटिएको छ । साथै शिक्षक व्यवस्थापन विद्यालय सुरक्षा , पोषण स्वास्थ्य , पाठ्क्रम, समावेशी शिक्षा , सूचना तथा सञ्चार प्रविधि र सुशासनका कार्यक्रमलाई व्यवस्थित गरेर शिक्षा प्रणालीलाई सुदृढ बनाउने लक्ष्य राखिएको छ । आवधिक योजनाले परिकल्पना गरेका दीर्घकालिन सोचका नजिक पुग्नका लागि पहिचान गरिएका लक्ष्य, रणनीति तथा नतिजाहरू प्राप्त गर्न निर्धारण गरिएका कार्यान्वयन कार्ययोजना ठिकठिक समयमा प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् भन्ने कुरामा म विश्वस्त छु । साथै यस आवधिक योजना कार्यान्वयनका लागि नगरपालिका, सरकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत नागरिक समाज र विकास साझेदारहरूको भूमिका महत्वपूर्ण हुने विश्वास  लिएको छु । अन्त्यमा, खाँडाचक्र नगरपालिकाको परिमार्जित नगर शिक्षा योजना ९२०८१० तयार गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष्य रूपमा सबै पक्षको भूमिका महत्वपूर्ण छ । परिमार्जित नगर शिक्षा योजना ९२०८१) तयारीका क्रममा योगदान  पुर्‍याउने नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू ,प्रमुख प्रशासकीय अधिकृत तथा नगरपालिकाका विषयगत शाखा तथा कर्मचारीहरू, जिल्ला स्थित सङ्घ तथा नागरिक समाज, विकास साझेदार, गैरसरकारी संस्थाका प्रतिनिधिहरूको पर्याप्त सहयोग, समन्वय, सहभागिता र योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

जसीप्रसाद चौलागाईं
शाखा प्रमुख,शिक्षा,युवा तथा खेलकुद शाखा

# विषय सूचि


क) भूमिका १
ख) शिक्षा योजना नर्माणको आवश्यक्ता र औचित्य 1
ग ) शिक्षा योजना निर्माणका आधारहरु 1
घ) शिक्षा योजना निर्माणको प्रक्रिया 2
ङ) योजनाको लेखाजोखा 2
परिच्छेद १: परिचय **4**
१.१.अवधारणा 4
१.२ ऐतिहासीक परिचय 4
१.३ भौगोलिक अवस्थिति 5
१.४ जनसाङ्ख्किय संरचना 6
१.५ सामाजिक सास्कृतिक अवस्था 6
१.१.५.१ जातिगत मुख्या १० जातजातिको विवरण 6
१.१.५.२ धर्म अनुसारको जनसङ्ख्या 7
१.१.५.३ चाड पर्व तथा सास्कृतिक पर्वहरु 7
१.१.६. नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था 8
१.१.७ आर्थिक अवस्था 9
१.१.८ विगतका योजनाको प्रगति समीक्षा 10
१.१.९ वर्तमान परिवेश 10
१.१.१० शिक्षा क्षेत्रको क्षेत्रगत ( SWOT) विश्लेषण 10
१.१.११ शिक्षक दरबन्दी विवरण 11
१.१.११.१ नगरपालिका भित्र रहेका तहका आधारमा विद्यालयहरु 12
१.१.११ .२ शैक्षिक सत्र २०८१ को विद्यार्थीको विवरण 12
१.१२ शिक्षा क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु 13
१.१२.१. समस्याहरु 13
१.१२.२. चुनौतिहरु 13
१.१२.३ शिक्षा क्षेत्रका अवसरहरु 14
परिच्छेद २: नयाँ शिक्षा योजना **15**
२.१ सन्दर्भ र औचित्य 15
२.२. दीर्घकालीन राष्ट्रिय सोच 15
२.३. प्रदेशको दीर्घ कालीन सोच तथा गन्तव्य 15
२.४. खाँडाचक्र नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य 16
२.५.लक्ष्य 16
२.६ उद्देश्यहरू 16

२.६ रणनीति 16
कार्यनीतिहरु 17
परिच्छेद ३: शिक्षाका क्षेत्रहरू **23**
३.१ प्रारम्भिक बाल विकास र शिक्षा 23
३.१.१ परिचय 23
३.१.२. चुनौति तथा अवसर 23
३.३. लक्ष्य 24
३.४ उद्देश्य 24
३. ५. रणनीति 24
३.६. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 26
३.२ आधारभूत शिक्षा 28
३.२.१ परिचय 28
३. २.२ चुनौती र अवसर 28
३.३ लक्ष्य 29
३.४ उद्देश्य 29
३.५ रणनीति 29
३.६ अपेक्षित उपलब्धि 30
३.७ नतिजा 31
३.२.८ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activates and Target) 32
तालिका ३.२ः आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 32
३.३ माध्यमिक शिक्षा 33
३.३.१ परिचय 33
३.३.२ चुनौति तथा अवसर 33
३.३.लक्ष्य 34
३.४. उद्देश्य 34
३.५ रणनीतिक क्रियाकलाप 34
३.६ अपेक्षित उपलब्धि 35
३.७.प्रमुख क्रियाकलापहरू तथा नतिजा (Major Activates and Target) 37
तालिका ३.३ः माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 37
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम 39
३.४१. परिचय 39
३.४.२ चुनौती तथा अवसर 39
३.३ लक्ष्य 40
३.४ उद्देश्य 40

३.५ रणनीति 40

३.६ प्रमुख उपलब्धि तथा नतिजा 41

३.५ अनौपचारिक शिक्षा, आजिवन सिकाइ 42

३.५.१ परिचय 42

३.५.२ लक्ष्य 43

३.५.३ उद्देश्य 43

३.५.४ रणनीति 43

३.८.२ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 45

तालिका ३.६: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 45

परिच्छेद – ४ **47**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन 47

४.१.१ परिचय 47

४.१.२ वर्तमान अवस्था 47

४.१.३ उद्देश्य 50

४.१.४ रणनीतिहरू 51

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 52

ग) प्रमुख क्रियाकलापहरू त्था लक्ष्य ( Major Activities and Target ) 53

तालिका ३.४: पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 53

४.२ शिक्षक व्यवस्थापन र विकास 56

४.२.१ परिचय 56

४.२.२ वर्तमान अवस्था 56

४.२.२.१ शिक्षक तयारी 57

४.२.२.१ शिक्षणसिकाइ क्रियाकलाप 58

४.२.२.३ शिक्षक पेसागत सहयोग पद्धति 58

४.२.२.४ शिक्षक क्षमता विकास कार्यक्रम 59

४.२.३ उद्देश्य 60

३.६.४ रणनीतिहरू 60

४.२.४ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activity and Targets) 62

तालिका ३.२: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 62

४.३ शिक्षामा समानता र समावेशीकरण 65

४.३.१ परिचय 65

४.३.२. वर्तमान अवस्था 65

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको नीति लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायालाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । 66

४.३. ३ चुनौति तथा अवसरहरु 66
४.३.४. उद्देश्यहरू 67
४.३.५ रणनीतिहरू 67
४.३.६ उपलब्धिहरू 67
४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 69
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 70
४.४.१ परिचय 70
४.४.२ वर्तमान अवस्था 70
४.४.३ चुनौती तथा अवसर 70
४.४.४ लक्ष्य 71
४.४.५ उद्देश्य 71
४.४.६ रणनीति 71
४.४.७ उपलब्धि तथा नतिजा 72
४.४.७.१ उपलब्धि 72
४.४.७.२ नतिजा तथा परिमाणात्मक लक्ष्य 72
४.४.८ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and target) 74
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता 75
४.५.१ वर्तमान अवस्था 75
४.५.२ लक्ष्य 75
४.५.२ उद्देश्य 75
४.५.३ रणनीति 75
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा 76
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा 76
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 78
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 80
४.६.१ वर्तमान अवस्था 80
चुनौतीहरु 80
४.६.२ उद्देश्य 80
४.६.३ रणनीति 80
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा 81
४.६.५ नतिजा तथा परिमाणात्मक लक्ष्य 81
४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 83
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 84
४.७.१ वर्तमान अवस्था 85
चुनौती तथा अवसरहरुः 85
४.७.२ उद्देश्य 86

४.७.३ रणनीति 86

४.७.४ प्रमुख उपलब्धि र नतिजा 86

४.७.४.१ उपलब्धिः 86

४.७.४.२ नतिजा तथा परिमाणात्मक लक्ष्यः 86

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः 88

परिच्छेद– ५: **89**

५.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम 89

५.१. १ परिचय 89

५.१.२ चुनौती तथा अवसर 89

५.१.३ लक्ष्य 90

५.१.४ उद्देश्य 90

५.१.५ रणनीति 90

५.१.६ अपेक्षित उपलब्धि 91

५.१.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 92

परिच्छेद –६ **93**

६.१ सुशासन तथा व्यवस्थापन 93

६.१.१ परिचय 93

६.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास 93

६.१.१ परिचय 93

६.१.२ वर्तमान अवस्था 95

चुनौती र अवसरहरुः 95

६.३ लक्ष्य 96

६.५ रणनीतिहरू 96

६.६ उपलब्धि तथा प्रमुख नतिजा 96

६.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः 97

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 100

६.२.१ वर्तमान अवस्था 100

६.२.३ लक्ष्य 100

६.२.४ उद्देश्य 100

६.२.५ रणनीतिहरू 101

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा 101

६.२.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य 103

परिच्छेद– ७ : **105**

७.१. लगानि र स्रोत व्यवस्थापन 105

७.१. १ परिचय 105

चनुौती तथा अवसरहरुः 105

७.१. २ लक्ष्य 106

७.१. ३ उद्देश्य 106

७.१. ४ रणनीतिहरू 106

७.१. ५ प्रमुख उपलब्धि र नतिजा 107

७.१. ६ प्रमखु क्रियाकलाप र लक्ष्य तालिका: 108

७.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान 109

**परिच्छेद: ८ 110**

८.१ अनुगमन तथा मूल्याङ्कन 110

अनुसूचीहरू 111

शिक्षा क्षेत्रका प्रमुख सूचकहरू 112

क) भूमिका 12

ख) शिक्षा योजना नर्माणको आवश्यक्ता र औचित्य 12

ग ) शिक्षा योजना निर्माणका आधारहरु 13

घ) शिक्षा योजना निर्माणको प्रक्रिया 13

ङ) योजनाको लेखाजोखा 13

**परिच्छेद १: परिचय ....................................................................................................15**

१.१.अवधारणा 15

१.२ ऐतिहासीक परिचय 15

१.३ भौगोलिक अवस्थिति 16

१.४ जनसाङ्ख्किय संरचना 17

१.५ सामाजिक सास्कृतिक अवस्था 17

१.१.५.१ जातिगत मुख्या १० जातजातिको विवरण 17

१.१.५.२ धर्म अनुसारको जनसङ्ख्या 18

१.१.५.३ चाड पर्व तथा सास्कृतिक पर्वहरु 18

१.१.६. नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था 19

१.१.७ आर्थिक अवस्था 20

१.१.८ विगतका योजनाको प्रगति समीक्षा 21

१.१.९ वर्तमान परिवेश 21

१.१.१० शिक्षा क्षेत्रको क्षेत्रगत ( SWOT) विश्लेषण 21

१.१.११ शिक्षक दरबन्दी विवरण 22

१.१.११.१ नगरपालिका भित्र रहेका तहका आधारमा विद्यालयहरु 23

१.१.११ .२ शैक्षिक सत्र २०८१ को विद्यार्थीको विवरण 23
१.१२ शिक्षा क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु 24
१.१२.१. समस्याहरु 24
१.१२.२. चुनौतिहरु 24
१.१२.३ शिक्षा क्षेत्रका अवसरहरु 25
**परिच्छेद २: नयाँ शिक्षा योजना ............................................................................26**
२.१ सन्दर्भ र औचित्य 26
२.२. दीर्घकालीन राष्ट्रिय सोच 26
२.३. प्रदेशको दीर्घ कालीन सोच तथा गन्तव्य 26
२.४. खाँडाचक्र नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य 27
२.५.लक्ष्य 27
२.६ उद्देश्यहरू 27
२.६ रणनीति 27
कार्यनीतिहरु 28
**परिच्छेद ३: शिक्षाका क्षेत्रहरू ............................................................................34**
३.१ प्रारम्भिक बाल विकास र शिक्षा 34
३.१.१ परिचय 34
३.१.२. चुनौति तथा अवसर 34
३.३. लक्ष्य 35
३.४ उद्देश्य 35
३. ५. रणनीति 35
३.६. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 37
३.२ आधारभूत शिक्षा 39
३.२.१ परिचय 39
३. २.२ चुनौंती र अवसर 39
३.३ लक्ष्य 40
३.४ उद्देश्य 40
३.५ रणनीति 40
३.६ अपेक्षित उपलब्धि 41
३.७ नतिजा 42
३.२.८ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activates and Target) 43
तालिका ३.२: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 43
३.३ माध्यमिक शिक्षा 44
३.३.१ परिचय 44

३.३.२ चुनौति तथा अवसर 44
३.३.लक्ष्य 45
३.४. उद्देश्य 45
३.५ रणनीतिक क्रियाकलाप 45
३.६ अपेक्षित उपलब्धि 46
३.७.प्रमुख क्रियाकलापहरू तथा नतिजा (Major Activates and Target) 48
तालिका ३.३: माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 48
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम 50
३.४१. परिचय 50
३.४.२ चुनौती तथा अवसर 50
३.३ लक्ष्य 51
३.४ उद्देश्य 51
३.५ रणनीति 51
३.६ प्रमुख उपलब्धि तथा नतिजा 52
३.५ अनौपचारिक शिक्षा, आजिवन सिकाइ 53
३.५.१ परिचय 53
३.५.२ लक्ष्य 54
३.५.३ उद्देश्य 54
३.५.४ रणनीति 54
३.८.२ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 56
तालिका ३.६: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 56
परिच्छेद – ४ ......................................................................................................58
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन 58
४.१.१ परिचय 58
४.१.२ वर्तमान अवस्था 58
४.१.३ उद्देश्य 61
४.१.४ रणनीतिहरू 62
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 63
ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ( Major Activities and Target ) 64
तालिका ३.४: पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 64
४.२ शिक्षक व्यवस्थापन र विकास 67
४.२.१ परिचय 67
४.२.२ वर्तमान अवस्था 67
४.२.२.१ शिक्षक तयारी 68

४.२.२.१ शिक्षणसिकाइ क्रियाकलाप 69
४.२.२.३ शिक्षक पेसागत सहयोग पद्धति 69
४.२.२.४ शिक्षक क्षमता विकास कार्यक्रम 70
४.२.३ उद्देश्य 71
३.६.४ रणनीतिहरू 71
४.२.४ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activity and Targets) 73
तालिका ३.२: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 73
४.३ शिक्षामा समानता र समावेशीकरण 76
४.३.१ परिचय 76
४.३.२. वर्तमान अवस्था 76
नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको नीति लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायालाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । 77
४.३. ३ चुनौति तथा अवसरहरु 77
४.३.४. उद्देश्यहरू 78
४.३.५ रणनीतिहरू 78
४.३.६ उपलब्धिहरू 78
४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 80
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 81
४.४.१ परिचय 81
४.४.२ वर्तमान अवस्था 81
४.४.३ चुनौती तथा अवसर 81
४.४.४ लक्ष्य 82
४.४.५ उद्देश्य 82
४.४.६ रणनीति 82
४.४.७ उपलब्धि तथा नतिजा 83
४.४.७.१ उपलब्धि 83
४.४.७.२ नतिजा तथा परिमाणात्मक लक्ष्य 83
४.४.८ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and target) 85
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता 86
४.५.१ वर्तमान अवस्था 86
४.५.२ लक्ष्य 86
४.५.२ उद्देश्य 86
४.५.३ रणनीति 86
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा 87

४.५.५ प्रमुख उपलब्धि तथा नतिजा 87

४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 89

४.६ विद्यालय भौतिक पूर्वाधार विकास 91

४.६.१ वर्तमान अवस्था 91

चुनौतीहरु 91

४.६.२ उद्देश्य 91

४.६.३ रणनीति 91

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा 92

४.६.५ नतिजा तथा परिमाणात्मक लक्ष्य 92

४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 94

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 95

४.७.१ वर्तमान अवस्था 96

चुनौती तथा अवसरहरुः 96

४.७.२ उद्देश्य 97

४.७.३ रणनीति 97

४.७.४ प्रमुख उपलब्धि र नतिजा 97

४.७.४.१ उपलब्धिः 97

४.७.४.२ नतिजा तथा परिमाणात्मक लक्ष्यः 97

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः 99

**परिच्छेद– ५: ....................................................................................................100**

५.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम 100

५.१. १ परिचय 100

५.१.२ चुनौती तथा अवसर 100

५.१.३ लक्ष्य 101

५.१.४ उद्देश्य 101

५.१.५ रणनीति 101

५.१.६ अपेक्षित उपलब्धि 102

५.१.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 103

**परिच्छेद –६ ....................................................................................................104**

६.१ सुशासन तथा व्यवस्थापन 104

६.१.१ परिचय 104

६.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास 104

६.१.१ परिचय 104

६.१.२ वर्तमान अवस्था 106

चुनौती र अवसरहरुः 106

६.३ लक्ष्य 107

६.५ रणनीतिहरू 107

६.६ उपलब्धि तथा प्रमुख नतिजा 107

६.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः 108

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 111

६.२.१ वर्तमान अवस्था 111

६.२.३ लक्ष्य 111

६.२.४ उद्देश्य 111

६.२.५ रणनीतिहरू 112

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा 112

६.२.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य 114

परिच्छेद– ७ :......**116**

७.१. लगानि र स्रोत व्यवस्थापन 116

७.१. १ परिचय 116

चनुौती तथा अवसरहरुः 116

७.१. २ लक्ष्य 117

७.१. ३ उद्देश्य 117

७.१. ४ रणनीतिहरू 117

७.१. ५ प्रमुख उपलब्धि र नतिजा 118

७.१. ६ प्रमखु क्रियाकलाप र लक्ष्य तालिका: 119

७.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान 120

परिच्छेद: ८......**121**

८.१ अनुगमन तथा मूल्याङ्कन 121

अनुसूचीहरू 122

शिक्षा क्षेत्रका प्रमुख सूचकहरू 123


## क) भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरि प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ। यसै गरी विंधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ। राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका

लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन र राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरि नगरपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि नगरपालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ। संघिय सरकारले १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संघिय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ। यसै सन्दर्भमा खाडाँचक्र नगरपालिका, कालिकोटले यो शिक्षा योजना निर्माण गरेको छ।

## ख) शिक्षा योजना नर्माणको आवश्यक्ता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानिय तहले शिक्षाको योजना तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरि कार्यान्वियन गर्ने जमर्को गरिएको छ। नगरपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा संघिय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उदेश्य प्राप्तिमा मद्धत गर्न र नगरपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो। यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्धत गर्ने साथै राष्ट्रिय अपेक्षा पुरा पनि सहयोग गर्ने अपेक्षा गरिएको छ।

## ग ) शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

संघीय स्वरुपको व्यवस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ। राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५), १५ बर्षे दिगो विकास लक्ष्य, (२०८१– २०८६ ) सोह्रौ आवधिक योजना, बिद्यालय शिक्षा क्षेत्र योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उदेश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ। नेपालको दिर्घकालिन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, सन २०३० सम्मको दीगो विकास लक्ष्य , नगरपालिकाको बार्षिक शिक्षा नीति तथा कार्यक्रमहरु, नगरपालिकाको आवधिक योजना लगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निमार्ण गरेको छ।

## घ) शिक्षा योजना निर्माणको प्रक्रिया

शिक्षा योजना निर्माणका लागि पालिका कार्यपालिकाले आवश्यकता महशुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यबस्था मार्फत आ.व ०८०/८१ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार योजना निर्माणका लागि नगर पालिकाको अध्यक्षको संयोजकत्वमा योजना निर्माण मुल समिति र नगर उपप्रमुख को संयोजकत्वमा सल्लाहकार समिति गठन भयो । योजना लाइ कार्यरुप दिनका लागि शिक्षा शाखा प्रमुख संयोजकत्व र शिक्षा शाखा प्राविधिक सहायक सदस्य सचिव रहने गरि शिक्षा क्षेत्र योजना लेखन समिति गठन भएको छ । कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखिकरण मार्फत बिभिन्न लेखन उपसमितिहरु गठन भयो । लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु संगको कार्यशाला बैठक मार्फत शिक्षाको उप क्षेत्र निर्माणकालागि विषयगत कार्यदल तथा अन्तरसम्बन्धित क्षेत्रकालागि लेखनकालागि विभिन्न सरोकारवालाहरुलाइ लेखन कार्यदल गठन तथा परिचालन गरि तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै विषय क्षेत्रका विषय वस्तु संकलन गरी योजनाको मस्यौदा लेखन कार्य गरेको हो । तत् पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरी अन्तिमिकिकरण गरियो । अन्तिकिकरण गरिएको शिक्षा योजनामा बाह्य बिज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरि कार्यान्वयनमा लिने गरी प्रक्रिया पुरा गरियो ।

## ङ) योजनाको लेखाजोखा

योजनाको तयारी गरि सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरिनु पर्छ । जुन योजना कार्वान्वयन गर्नु पूर्व महत्वपूर्ण कार्य तथा अङ्ग मानिन्छ। निर्माण भएको योजना लेखाजोखा कार्यलाइ सम्वन्धित स्थानिय तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरियो । साथै स्थानिय विज्ञ, शिक्षा शास्त्री, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरुको सुझाव सल्लाह समावेश गरिएको थियो । योजना निर्माणको क्रममा समावेशिकरणहुनेगरी महिला, अपाङ्ग संजाल, शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघको सक्रिय सहभागिता रहेको थियो भने, शिक्षा योजना निर्माण मूल समितमा यस पालिकाका अध्यक्ष संयोजक सदस्यमा नगरपालिकाको उप प्रमुख लगायत सम्पुर्ण कार्यपालिका सदस्यहरु र सदस्य सचिवमा शिक्षा शाखा प्रमुख रहनुभएको छ । योजनाको सान्दर्भिकतामा यस नगरपालिकाको खुद भर्ना दर, कुल भर्नादर, लैङ्गिक समता र प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्नाहुने दर , कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा ९-१० र कक्षा ११-१२ मा उर्तिर्णदर र विद्यार्थि को टिकाउ दर,शिक्षक दरबन्दि, उमेरगत जानसाङ्खिक संरचना,भौगोलिक अवस्थिति,साक्षरता अवस्था, नगरवासि तथा नगरपालिकाको आर्थिक लगाएत यस योजनाको कार्यान्वयन पश्चात नगरपालिकाको शिक्षा क्षेत्रको उपलब्धि प्राप्ति सहायक हुने भएकाले यस योजनाको निर्माण तथा कार्यान्वयन गर्नु पर्ने प्रयाप्त अधार रहेकाले यसको सन्दर्भ विष्लेशण गरि तयार गरिएको छ, यस योजनामा आठ ओटा परिच्छेदको निर्माण गरिएको, परिच्छेद एक मा नगरपालिकाको वर्तमान अवस्था,मुख्य समस्या र चुनौतिको विश्लेषण,अवसर, परिच्छेद दुइमा दुरदृष्ट्रि,लक्ष्य,उद्धेश्य,रणनीतिको निर्माण गरिएको छ भने परिच्छेद ३ र ४ म शिक्षा क्षेत्रको उप क्षेत्र र यस संग सम्बन्धित अन्तरसम्बन्धित क्षेत्रहरुलाइ प्रश्तुत गरिएको छ , जस्मा उप क्षेत्रको परिचय, वर्तमान अवस्था,अवसर र चुनौतिहरु,उद्धेश्य,रणनीति, उपलब्धि र प्रमुख नतिजा तथा उप क्षेत्रअनुसारको क्रियाकलाप र परिमाणात्मक लक्ष निधार्ण गरिएको छ भने परिच्छेद ६ सुशासन तथा व्यवस्थापन परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन र परिच्छेद ८ मा अनुगमन तथा मुल्याङ्कन विषयलाइ राखेर निर्माण गरिएको छ ,सहभागितात्मक तरिकाले प्रस्तुत गरिएको छ। यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित क्षेत्रहरु राखिएको छ भने परिच्छेद ५ मा प्राविधिक तथा व्यवसायिक शिक्षा र पुस्तकालय व्यवस्थापनलाइ प्रस्तुत गरिएको छ भने परिच्छेद ६ लाइ ६.१ सुशासन तथा व्यवस्थापनलाइ सस्थागत संरचनाको विकास र ६.२ योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ । प्रत्येक उप क्षेत्रको लगानिको र स्रोतको व्यवस्थापन र स्रोतको खोजि गरि योजनावद्ध तरिकाले प्रस्तुत गरिएको छ, भने योजनाको प्रभावकारी कार्यन्वयनका लागि अनुगमन मुल्यांकन र यसको प्रभावको बारेमा व्याख्या गरिएको छ ।

# परिच्छेद १: परिचय

## १.१.अवधारणा

नेपालको संविधान (२०७२) को धारा ४ ले 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनि व्यवस्था गरिएको छ। नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धि कानूनको व्यवस्था गरेको छ। संविधानले राज्यको संरचनामा 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ।' भनि व्यवस्था गरे बमोजिम नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरु बनेका छन्। सबै भन्दा तल्लो तह स्थानीय सरकार हो। यसलाई घरदैलोको सरकार भन्ने गरिन्छ। राज्यको संरचनाअनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ। धारा ५७(४) मा ' स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित विषायमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ। अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारका सूची राखीएको छ। अधिकार नं. ८ मा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। साथै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची राखिएको छ जसको अधिकार नं २ मा शिक्षा, देलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धि व्यवस्था गरिएको छ।

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ। राज्यशक्तिको बाँडफाँडलाईसंविधानको अनुसूची ५, ६ र ८ मा सङ्घ,प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ। शिक्षासम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहलाईसंविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तलाईअवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ। विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासँगै शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकार्यमा हुने गरी संवैधानिक रूपमा व्यवस्था गरएिको छ।

नेपाललाईसन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका नीति विकास गरी समृद्ध नेपाल र सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षासम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएको समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरूपता आउने गरी १० बर्षे (२०७८– २०८७) शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाईअगाडि बढाएको परिवेशमा चालू विद्यालय शिक्षा क्षेत्र योजना विकास गर्न खोजिएको हो। कर्णाली प्रदेश अन्तर्गत २७१९ बालविकास केन्द्र, ३१६७ विद्यालयहरू, २७ वटा विद्यालयमा प्राविधिक धारका कार्यक्रमहरू सञ्चालनमा छन भने उच्च शिक्षातर्फ र १ वटा क्याम्पसहरू सञ्चालनमा छन।

## १.२ ऐतिहासीक परिचय

कालीकोट जिल्लाको सदरमुकाम रहेको खाँडाचक्र नगरपालीकाको नामाकरण कसरी भएको हो ? भन्ने बारेमा बिभिन्न धारणाहरु रहेका छन्। वुढापाकाको भनाई अनुसार खासगरी चैते दशै तथा बडा दशैको बेलामा सिंजाका राजाहरु हिउँदे राजधानी दुल्लुमा जादा र आउदा उनिहरुको स्वागतार्थ यहाँका मानिसहरु बिभिन्न बाजागाजा सहित दायाँ हातमा सिरुपाते (दुवैतिर धार) भएको खाणो र वायाँ हातमा थाली जस्तो वृत्ताकार चक्र (जस्ले छेल्ने गर्दछ) चलाउदै विभिन्न तालमा लामवद्ध भएर वृत्ताकार घेरामा नाच्ने स्थानको रुपमा यस ठाउँको नाम "खाँणाचक्र" रहन गएको हो। योगी नरहरीनाथ द्धारा लेखिइएको ईतिहास प्रकाश भागको पाना नं ३ र पाना नं. ३५ को आसी लेख दृश्यमा सा.के. १३०० का बडे राजा मलै बम्म ( मलय बम ) लाई लुवारे कोटमा बस्ने राजाकै पहरेदार देवसिंह लुवारका सन्तानले फलामबाट बनाएको खाँणोनामको धारीलो हतियार दिएको र सोही खाँणो लिई डोटीमा गई तौरता मान्या खाच्चार दिया बाल्या मानसरोबर

गई खाँणो पखाल्या खाँडाचक्र गई महाराजि पाया भनि दमाईको सुप्कारमा भनिदै आएको र मलय बमको राजधानी खाँडाचक्र भनि ईतिहासमा लेखेको पाईन्छ । नेपाली शब्दकोष अनुसार खाँणो भन्नाले हतियार र चक्र भन्नाले घुमाएको भन्ने अर्थ हुन्छ । अर्थात खाणो+चक्र = खाँणाचक्र भनेर नामाकरण गरिएको पाईन्छ । जुन शब्द अपभ्रंश हुदै "खाँडाचक्र" भन्न थालिएको अनुमान गर्न सकिन्छ । नेपालको राजनीतिक परिवर्तनपछि २०७२ सालमा साविकको भर्ता र बदालकोट गा.वि.स.का केहि वडाहरु र मान्म दाँहा र पाँखा गा.वि.स. हरुको सबै भुभाग मिलाएर "खाँडाचक्र नगरपालीका" नामाकरण गरी केन्द्रमा पठाईएको र नेपाल सरकारले बि.सं. २०७४ श्रावण २८ गते स्थानिय तहको संख्या ७४४ बाट बढाएर ७५३ कायम गर्दा सोही अनुरुप खाँडाचक्र नगरपालिकाको प्रशासनिक अस्थित्व कायम भएको हो । यस नगरपालिकाको प्रशासनिक केन्द्र मान्म मा रहेको छ ।

## १.३ भौगोलिक अवस्थिति

विश्व मानव चित्रका हिसावले कालीकोट जिल्ला २९०५' देखि २९०२८' उत्तरी दक्षांश तथा ८१०२' देखि ८१०२८' पूर्वि देशान्तर भित्र अवस्थित भएकाले खाडाँचक्र नगरपालीका २००५' देखि २९०१५' उत्तरी अक्षांश तथा ८१०२' देखि ८१०६१' पूर्वि देशान्तर भित्र अवस्थित रहेको मानिन्छ । जम्मा ११ वडामा फैलिएको खाँडाचक्र नगरपालीकाको क्षेत्रफल १३३.२९ वर्ग मिटर रहेको छ । नेपालको राजनीतिक परिवर्तनपछि २०७२ सालमा साविकको भर्ता र बदालकोट गा.वि.स.का केहि वडाहरु र मान्म दाँहा र पाँखा गा.वि.स. हरुको सबै भुभाग मिलाएर "खाँडाचक्र नगरपालीका" नामाकरण गरी केन्द्रमा पठाईएको र नेपाल सरकारले बि.सं. २०७४ श्रावण २८ गते स्थानिय तहको संख्या ७४४ बाट बढाएर ७५३ कायम गर्दा सोही अनुरुप खाँडाचक्र नगरपालिकाको प्रशासनिक अस्थित्व कायम भएको हो । यस नगरपालिकाको प्रशासनिक केन्द्र मान्म मा रहेको छ ।

| क्रसं . | नयाँ वडा | साविक गाविस | साविक वडा | जनसंख्या | | | क्षेक्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा | |
| १ | १ | मान्मा | ५ | १८७९ | १७३५ | ३६१४ | |
| २ | २ | मान्मा | १ - ५ | १८२९ | १७४९ | ३५७८ | |
| ३ | ३ | भर्ता | ८ | ८७१ | ९२८ | १७९९ | |
| ४ | ४ | मान्मा | ८- ९ | ८६४ | ९२० | १७८४ | |
| ५ | ५ | मान्मा | ६- ७ | ११९७ | १२११ | २४०८ | |
| ६ | ६ | दाहाँ | १ - ३ | ११९३ | १२०१ | २३९४ | |
| ७ | ७ | दाहाँ | ४ - ७ | ५५२ | ५४४ | १०९६ | |
| ८ | ८ | दाहाँ | ८- ९ | ८०९ | ७७५ | १५८४ | |
| ९ | ९ | पाँखा | १ - ४ | ७०५ | ७०१ | १४०६ | |
| १० | १० | पाँखा | ८- ९ | ६८८ | ६५५ | १३४३ | |
| ११ | ११ | बदालकोट | ४ - ७ | ६२५ | ६४३ | १२६८ | |
| | **जम्मा** | | | **११२१२** | **११०६२** | **२२२७४** | |

## १.४ जनसाङ्ख्यिकय संरचना

२०७८ सालको जनगणना अनुसार यस खाँडाचक्र नगरपालिकाको जनसङ्या जम्मा नेपालको राष्ट्रिय जनगणना वि.स २०७८ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या २२२७४ रहेको छ जस्मा पुरुष ११२०४ (४९.०% ) र महिला ११०७० (४९.७%) छन। यहाँको जनघनत्व १६७ रहेको छ साथै जम्मा घरधुरी संख्या ४१०१ रहेका छन। भने लैङ्गिक अनुपात १०१.३६ पुरुष प्रति १०० महिला रहेको छ यस नगरपालिकामा जम्मा जनसंख्याको २.६ प्रतिशत अपाङ्गता छन भने जस्मा २.९ प्रतिशत पुरुष अपाङ्गता तथा २.४ प्रतिशत महिल अपाङ्गता रहेका छन। जन्म भएका बालबालिका मध्य ९१.५ प्रतिशतको जन्म दर्ता भएको छ भने ८.५ प्रतिशत बालबालिकाको जन्मदर्ताहुन बाकी छ। यो नगरपालिका सुर्खेत-जुम्ला कर्णाली राजमार्गले छोएको छ ।

स्रोत : राष्ट्रिय जनगणना - २०७८

## १.५ सामाजिक सास्कृतिक अवस्था

यस नगरपालिका मा विभिन्न जातजातिहरुको बसोबास रहेको छ।विशेष गरि क्षत्रि कामी ठकुरी व्राम्हण मगर दमाई सार्की सन्यासी सुनार गुरुङ्ग आदीको बसोवास रहेको छ। यस नगरपालिका भित्र तपशिलमा उल्लेखित जात जातियताको बसोवास गर्दछन जुन निम्नानुसार रहेको छ ,जातजाती – ठकुरी (३६.४%), विश्वकर्मा (२५.६%), व्राम्हण (१९.३%), क्षेत्री (१०.१%), परियार (५.९%), सन्यासी / दसनामी ( १ %), मिजार (०. ९%), मगर(०.३%), अन्य (०.१%) सुनुवार( ०.१% )। यस नगरपालिकाका नागरिकहरुले तपशिल अनुसारको भाषा बोल्ने गर्दछन जुन निम्नानुसार रहेको छ ,

भाषा - नेपाली, ९४.६ %), खस- ४.९ मगर (०.२%),अन्य(०.१%) थारु -०.१%) भाषा बोलिने गरिन्छ जुन तपशिल अनुसार रहेको छ ।

| बोलिने भाषा | पुरुष | महिला | दुबै जम्मा |
|---|---|---|---|
| नेपाली | ९४.६ | ९४.७ | ९४.७ |
| खस | ४.९ | ४.९ | ४.९ |
| मगर धुत | ०.२ | ०.२ | ०.२ |
| अन्य | ०.२ | ०.१ | ०.१ |
| थारु | ०.१ | ०.०५ | ०.१ |
| | | | |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

### १.१.५.१ जातिगत मुख्या १० जातजातिको विवरण

| जात जाति | महिला | महिला प्रतिशत | पुरुष | पुरुष प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ठकुरी | २९३५ | ३६.२ | २९६७.४३१ | ३६.६ | ८१०७.७३६ | ३६.४ |
| विश्वकर्मा | १४६५.४ | २५.७ | १४५९ | २५.६ | ५७०२.१४४ | २५.६ |
| बाहमण | ८४२.५ | १९.६ | ८१३ | १८.९ | ४२९९ | १९.३ |
| क्षेत्रि | ४३५ | १०.१ | ४३४ | १०.१ | २२४९.६ | १०.१ |
| परियार | २५३ | ५.९ | २५३.६ | ५.९ | १३१४.१६ | ५.९ |
| सन्यासी/ दशनामी | ३९ | ०.९ | ४५ | १.०४ | २२२.७४ | १ |
| मिजार | ३५ | ०.८ | ३८ | ०.९ | २०० | ०.९ |
| मगर | १२ | ०.३ | १२ | ०.३ | ६६.८२२ | ०.३ |
| अन्य | ४ | ०.१ | ९ | ०.२ | २२.२७४ | ०.१ |
| सुनुवार | ४ | ०.१ | ४ | ०.१ | २२.७ | ०.१ |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

### १.१.५.२ धर्म अनुसारको जनसङ्ख्या

| qm= ;= | धर्म | महिला प्रतिशत | पुरुष प्रतिशत |
|---|---|---|---|
| ! | हिन्दु | ९९.७ | ९९.७ |
| @ | बौद्ध | ०.१ | ०.१ |
| # | इस्लाम | ०.०२ | ०.० |
| $ | किराँत | ० | ० |
| % | क्रिश्चियन | ०.२ | ०.२ |
| ^ | प्रकृति | ०.०४ | ०.०३ |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

यस खाँडाचक्र नगरपालिकाका नगरवासीले मनाउने विभिन्न चाड पर्व तथा सास्कृतिक पर्वले धनि रहेको छ जुन तपशिल अनुसार उल्लेगरिएको छ।

### १.१.५.३ चाड पर्व तथा सास्कृतिक पर्वहरु

| क्र स | चाडपर्वहरु | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति / धर्म |
|---|---|---|---|---|
| १ | बैशाख पुर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दु / बौद्ध |
| | इदुल बक्र इद | असार | इस्लामिक पात्रो अनुसार | मुस्लिम |
| २ | जनै पुर्णिमा | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दु |
| ३ | कृष्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दु |
| ४ | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |
| ५ | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दु |
| ६ | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया | हिन्दु |
| ७ | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| ८ | माघे सक्रांन्ति | माघ – १ | माघ | हिन्दु |
| ९ | सोनाम लोहछार | | | बौद्ध |
| १० | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दु |
| ११ | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दु |
| १२ | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दु |

### १.१.६. नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था

यस नगरपालिकामा पुरुष साक्षरत ८१.०% र महिला साक्षरता ६६.९% तथा औषत साक्षरता ७४.०% रहेको छ। पछिल्लो विवरण अनुसार यस नगरपालीकामा १५ देखि ६० बर्ष उमेर समुहका जना निरक्षर रहेकाले आवश्यक ठाँउमा प्रति कक्षा ३० जनाका दरले सहभागि गराई वडामा वटा साक्षरता कक्षाहरु संचालन गरिएको छ। २०७६ को अन्त सम्म पूर्ण साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य राखिएकोमा २०७६ साल चैत्र १० गते देखि कोरोना भाईरस कोभिड १९ का कारण नेपालमा लकडाउन भएकाले घोषणा गर्न नसकिए तापनि नेपाल सरकारको नीति (१५–६० वर्ष उमेर समूहका ९०% साक्षर भएमा साक्षर पालीका घोषणा गर्न सकिने भएकाले) सोही अनुसार आ.व २०८२ को अन्त सम्म पूर्ण साक्षर नगरपालीका घोषणा गर्ने लक्ष्य राखिएको छ।

स्रोत : राष्ट्रिय जनगणना - २०७८

१४४२७ विद्यार्थिमा तह अनुसारको विद्यार्थि सङ्ख्या र प्रतिसतमा

| अध्ययनरत तह | संख्या | प्रतिशत |
|---|---|---|
| प्रारम्भिक बाल्यवस्था | ६१३ | ४.२ |
| प्राथमिक तह | ४१८७ | २८. ४ |
| निम्ममाध्यामिक तह | २९४१ | २०.० |
| एस .एल. सी | २४२९ | ८.८ |
| उच्च माध्यामिक तह | १२८९ | १६.५ |
| इन्टरमिडियट | २४३५ | १६५. |
| स्नातक | ५४३ | ३.७ |
| स्नाकोत्तर | १३६ | ०.९ |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

## साक्षरता स्थिति र लिङ्ग ( ५ वर्ष र माथि उमेरको) जनसंख्या

| साक्षरताको अवस्था | महिला संख्या | महिला प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ६६२४ | ६६.९ | ७९९० | ८१ | १४६१४ | ७४ |
| पढ्न मात्र सक्ने | | ०.२ | | ०.३ | | ०.२ |
| पढ्न लेख्न नसक्ने | ३२३१ | ३२.६ | १८१९ | १८४. | ५०५० | २५.६ |
| | | | | | | |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

### १.१.७ आर्थिक अवस्था

१२ महिना सिंचाईको सुबिधाको लागि नदी खोला तथा भूमिगत जलश्रोत उपलब्ध यस क्षेत्रमा  भगखेतीयोग्य जमीन रहेको यस क्षेत्रमा व्यवसायिकरुपमा कृषि उत्पादनका लागि आवश्यक उर्वर खेती योग्य जमिन, वन जङ्गल तथा घासेक्षेत्र रहेको छ । बाख्रापालन, कुखुरापालन, मौरी पालन, बेसार खेती, अदवु खेती, मकै तथा गहु खेतीमा अधिक उत्पादकत्व र पकेट सम्भाव्य क्षेत्रका रुपमा रहेको छ । कृषि सेवा केन्द्र तथा पशुसेवा केन्द्रन्हरुबाट सुलभ सेवा स्थानीय स्तरमा उपलब्ध रहेको छ । उद्योग तथा व्यवसाय तर्फ घट्ट संख्या तटीय क्षेत्र र गढ संग्रालहिय पर्यटकीय क्षेत्रका रुपमा रहेका छन ।

यस नगरपालिकाका नागरिक आबद्ध पेशा अनुसारको जनसङ्ख्या

| अपनाइएको पेशा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कृषि | ७६.७ | ६२.९ | ६२.९ |
| खानी र उत्खनन | ० | ०.१ | ०.१ |
| निर्माण | ०.७ | १.४ | १.४ |
| बिजुली | ०.०२ | ०.४ | ०.४ |
| पानी आपूर्ति; सीवरेज फोहोर mgmtl र उपचार | ०.१ | ०.२ | ०.२ |
| निर्माण | २.८ | ९.४ | ९.४ |
| थोक र खुद्रा व्यापार; सवारी साधन र मोटरसाइकल मर्मत | ९.७ | १०.२ | १०.२ |
| ढुवानी र भण्डारण | ०.१ | १ | १ |
| आवास र खाना सेवा | २.१ | २.६ | २.६ |
| सूचना र संचार | ०.०२ | ०.२ | ०.२ |
| वित्तीय र | ०.४ | ०.५ | ०.५ |
| घर जग्गा | ०.०२ | ० | ० |
| पेशेवरहरू | ०.२ | ०.६ | ०.६ |
| प्रशासनिक र समर्थन सेवा | ०.०४ | ०.१ | ०.१ |
| सार्वजनिक व्यवस्थाप  र रक्षा; अनिवार्य सामाजिक सुरक्षा | २.२ | २.८ | २.८ |
| शिक्षा | १.२ | ३.२ | २.७ |
| मानविय स्वास्थ्य | ० | १.५ | १.४ |
| अन्य सेवा | २.२ | ०.१ | ०.०४ |
| रोजगारदाताको रूपमा घरपरिवारका | ०.७ | २.२ | २.२ |
| बाह्य संगठन र निकायहरु | ०.०५ | ०.३ | ०.५ |
| थाह छैन | ०.२ | ०.१ | ०.१ |
| रोजगारदाताको रूपमा घरपरिवार | २.२ | ०.२ | ०.२ |
| बाह्य संगठन र निकायहरूको | १.२ | २.८ | २.७ |

### १.१.८ विगतका योजनाको प्रगति समीक्षा

यस खाडाँचक्र नगरपालिकाको शिक्षा विकासको क्षेत्रमा विभिन्न तह र तप्का वाट सहयोग भएको प्रयाप्त प्रमाणहरु छन् । यस नगरपालिकाको शैक्षिक उन्नतीका लागि विगतका दिनहरुमा शिक्षा क्षेत्रमा भएका प्रयासहरु लाई पुर्वक अग्रजहरुले संचालन गरेको लेख, श्रेस्ता, गुरुकुल जस्ता अनौपचारीक शिक्षाको थालनी, अभिभावक ज्युहरुवाट जग्गा दान तथा चन्दा प्राप्त भएको , विद्यालयको भौतिक पुर्वाधार निर्माण तर्फ नेपाल सरकार, गैर सरकारी संघ सस्था लगायत अन्य सरोकारवाला निकायवाट अनुदान सहयोग प्राप्त भईरहेको ,यस नगरपालिकामा सवैका लागी शिक्षा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम सहसहाव्दी विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न योजना तथा कार्यक्रमले शिक्षामा पहुँच वृद्धि गरेको, २३ वटा नयाँ वालविकास केन्द्रहरुको स्थापना नमुना वालविकास केन्द्रहरुको निर्माण भई वाल तथा अभिभावक शिक्षा, वालशिक्षक तालिम, वालविकास केन्द्रका लागी शैक्षिक सामग्रीको व्यवस्थापन , गुणस्तरीय शिक्षाका लागी लगानी, विभिन्न शिक्षा ऐन, नियमावली, कार्यविधिहरुको निर्माण, शैक्षिक अभियान विभिन्न शैक्षिक कार्यक्रम संग सम्वन्धित जनचेतनामुलक कार्यक्रम बिद्यालय शिक्षक कर्मचारीको ब्यबस्थापन,भौतिक संरचनाको ब्यबस्थापन,यस नीति निर्माणको आधारशिलाका रुपमा लिईएको छ ।

### १.१.९ वर्तमान परिवेश

यस नगरपालिकामा पुरुष साक्षरता ६५.४४% र महिला साक्षरता ४९.५६% तथा औषत साक्षरता ५७.५०% रहेको छ । पछिल्लो विवरण अनुसार यस नगरपालीकामा १५ देखि ६० बर्ष उमेर समुहका १६५८ जना निरक्षर रहेकाले आवश्यक ठाँउमा प्रति कक्षा ३० जनाका दरले सहभागि गराई ११ वडामा ५२ वटा साक्षरता कक्षाहरु संचालन गरिएको छ । खाडाँचक्र नगपालिका भित्र ५५ वटा प्रारम्भिक वालविकास केन्द्र , कक्षा १ देखि ५ संचालित २० वटा, कक्षा १ देखि ८ संचालित ८ वटा र कक्षा १ देखि १२ संचालित ६ वटा सामुदायिक विद्यालयहरु रहेका छन भने ४ वटा सस्थागत विद्यालय, एउटा क्याम्पस संचालनमा रहेका छन् । पुर्वप्राथमिक शिक्षामा कुल भर्ना दर ८८ % रहेको छ । आधारभुत तह कक्षा १ देखि ८ र माध्यामिक तह कक्षा ९ देखि १२ को कुल भर्ना दर कम्रशः ९३% र ८६% रहेको छ । वालविकास केन्द्रमा ८९० जना, कक्षा १ देखि ५ मा ४१३३, कक्षा बिद्यालयहरु ६ देखि ८ मा २००७ जना र कक्षा ९ देखि १२ मा १८०९ जना वालवालिकाहरु अध्ययनरत रहेका छन भने शिक्षक विद्यार्थि अनुपात वालविकास केन्द्र, कक्षा १ देखि ५, कक्षा ६ देखि ८, कक्षा ९ देखि १२ मा क्रमश २२:१, ५४:१, १४७:१ र ६४:१रहेको छ । लैगिंक समता सुचांक मा ५२% छात्रा सहभागी देखिन्छ । विद्यालय दोहोर्याउने दर १७.२४% कक्षा छाड्ने दर १०% रहेको छ ।आधारभूत तह सिकाइ उपलब्धि ५२ प्रतिसत र माध्यमिक तह सिकाइ उपलब्धि ५६.३० प्रतिसत छ । शिक्षक विद्यार्थि अनुपात घटाउन निजिश्रोत वाट शिक्षक व्यवस्थापन गरिएको छ भने विद्यालय छाड्ने तथा कक्षा दोहोर्याउने समस्यालाई सुन्यमा झार्न बिभिन्न कार्यक्रम गरिएको छ । विश्व भुमण्डिलीकरणका साथै २१ औ सताव्दीको नजीवनतम सुचना प्रणाली मार्फत जीवन पद्दति लाइ अध्यावधि गर्न विधुतिय सूचना प्रणालीको विकास गर्ने प्रयत्न गरिएको छ ।

### १.१.१० शिक्षा क्षेत्रको क्षेत्रगत ( SWOT) विश्लेषण

नगरपालिकामा शिक्षा क्षेत्रको क्षेत्रगत विश्लेषण गर्दा प्रारम्भिक बालबिकास शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा,प्रविधिक तथा ब्यावसायिक शिक्षा र सिपबिकास तालिम, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक ब्यबस्थापन र बिकास,विद्यालय व्यबस्थापन,अनैपचारिक शिक्षा साक्षरता,निरन्तर शिक्षा, दुर तथा खुल्ला शिक्षा, जीवनपर्यन सिकाइ र शिक्षा, गुणस्तरीय सार्वजनिक शिक्षा,आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच÷ समावेशी शिक्षा हरुको बिषयगत शिक्षाहरुलाई तहगत रुपमा यीनीहरुको प्रत्येक रुपमा परिचय, चुनौति तथा अवसर, लक्ष्य, उद्देश्यहरु रणनितीक क्रियाकलापहरु, अपेक्षीत उपलब्धीहरु, प्रमुख क्रियाकलाप तथा लक्षहरुको बारेमा सबै बिषयगत क्षेत्रहरुको बारेमा बिश्लेषण गरीएको छ । मुख्यरुपमा शिक्षालाई जिवन उपयोगि ब्यबहारिक बनाइ विद्यार्थीको सिकाइ केन्द्रीत र सिकाइ उपलब्धीको रुपमा लक्ष्य तथा उद्देश्य दिर्गकालिन सोच बनाक्षएको छ । नेपालको

संविधान २०७२ ले शिक्षालाई मौलिक हक मानेको छ। संविधानको धारा ३१ ले शिक्षा सम्बन्धी हकको बारेमा उल्लेख गरेको छ जसमा : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकहुनेछ। (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ। (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनि उल्लेख गरेको छ।

खाँडाचक्र नगरपालिकामा करिव ८५ प्रतिशत जनताका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयको स्तर उन्नती गरी सबैलाई समान खालको शिक्षा प्रदान गर्ने उद्देश्यले नगरपालिकाको शिक्षाको आदर्श वाक्य “सक्षम समुन्नत र आत्मनिर्भर भबिष्यको कर्णधार, निशुल्क गुणस्तर प्रविधियुक्त शिक्षा विकासमा नागरिकको आधार” तय गरिएको हो। जिल्ला सदरमुकाम समेत रहेकाले तिलाकर्णाली बहुमुखि क्याम्पसलाई जिल्ला कै नमुना क्याम्पस, पंचदेव उ.मा.वि. लाई नमुना माध्यमिक विद्यालय, अन्य उ.मा.वि., मा.वि, आधारभूत, बालशिक्षा कार्यक्रमलाई क्रमश एकृकित नमुनाका रुपमा र प्रविधिमय गुणात्मक शिक्षालाई व्यवस्थित बनाएर युग अनुकूल शिक्षा प्रदान गर्ने लक्ष्य रहेको छ

## १.१.११ शिक्षक दरबन्दी विवरण

| प्रारम्भिक बालबिकास र शिक्षा | प्राथमिक | | | | | | आधारभूत तह | | | | | | माध्यामिक तह | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृत दरबन्दी | | | | | | स्वीकृत दरबन्दी | | | | | | स्वीकृत दरबन्दी | | | | | |
| ६२ | स्थायी | | | | | जम्मा | स्थायी | | | | | जम्मा | स्थायी | | | | | जम्मा |
| | प्रथम | द्धितिय | तृतिय | अस्थायि | राहत | | प्रथम | द्धितिय | तृतिय | अस्थायि | राहत | | प्रथम | द्धितिय | तृतिय | अस्थायि | राहत | |
| | १ | २४ | ३८ | ७ | २८ | ९८ | ० | २ | ७ | ० | १० | १९ | ० | २ | ५ | २ | १० | १९ |

● आरभतु तह कक्षा ६- ८ मा शिक्षण सिकाइ अनुदान जम्मा & जना र माध्यमिक तह कक्षा ९ - १० मा शिक्षण सिकाइ अनदुान जम्मा ८ जनागरि जम्मा शिक्षण सिकाइ अनुदानका दरबन्दी संख्या !% रहेको छ।

● प्रथमिक १ - ५, आधारभूत तह ६ - ८ र माध्यमिक तह ९ - १) ) गरि जम्मा &^ वटा स्वीकृत दरबन्दीमा जम्मा ( जना अस्थायी कार्यरत रहेका छन।

● प्रथमिक १- ५, आधारभूत तह ६- ८ माध्यमिक तह ९- १२ र साविक उच्च माध्यमिक ११- १२ गरि जम्मा $* जना राहत दरबन्दी रहेको छ।

यस नगरपालिकाको शैक्षिक सत्र २०८० को सुचकगत तथ्याङ्क तपशिल अनुसार रहेको छ। (फ्लयास रिपोट २०८०शिक्षा विज्ञान मन्त्रालय)

| क्र. स. | सुचकहरु | प्रारम्भिक बालबिकास र शिक्षा | आधारभूत शिक्षा १-५ | आधारभूत शिक्षा ६-८ | माध्यामिक शिक्षा ९-१० | माध्यामिक शिक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| १ | कुल भर्ना दर | ८८.७ | ९५.७ | ९२.७ | ७७.२ | ४२.६ |
| २ | खुद भर्ना दर | ६८.८ | १२१.४ | ११९.६ | १००.८ | ७५.१ |
| ३ | नयाँ भर्ना दर | ७८ | ८३ | ९५ | ९९ | १०० |
| ४ | कक्षा दोहोर्याउने दर | | ११.३ | १२.२ | १.५ | २.५ |
| ५ | विद्यालय छाड्ने दर | | ३.४ | ४.७ | २.८ | १.२ |

## १.१.११.१ नगरपालिका भित्र रहेका तहका आधारमा विद्यालयहरु

| क्र स | प्रकार | प्रारम्भिक बालविकास | आधारभूत १-५ | आधारभूत १-८ | माध्यामिक तह १-१० | माध्यामिक तह १-१२ |
|---|---|---|---|---|---|---|
| १ | सामुदायीक | ६२ | २२ | ७ | ३ | ७ |
| २ | सस्थागत | | २ | २ | | |
| जम्मा | | ६२ | ६२ | २४ | ९ | ३ |

## १.१.११ .२ शैक्षिक सत्र २०८१ को विद्यार्थिको विवरण

| क्र स | तह | कुल विद्यार्थि संख्या | | | blnt विद्यार्थि संख्या | | | hghftL विद्यार्थि संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | प्रारम्भिक बालबिकास | ५८३ | ४८० | १०६३ | २१० | २५२ | ४६२ | १७८ | १२४ | ३०२ |
| २ | आधारभूत १-५ | २०५३ | २०२८ | ४०८१ | २८० | २७८ | ५५८ | ३७७ | ४७३ | ८५० |
| ३ | आधारभूत १-८ | ९८६ | १०१० | १९९६ | ११० | २१६ | ३२६ | ८९७ | ७२४ | १,६२१ |
| ४ | माध्यामिक तह १-१० | ६२७ | ६७६ | १३०३ | ११९ | १९७ | ३१६ | ३०९ | २८३ | ५९२ |
| ५ | माध्यामिक तह ११-१२ | ५२० | ५२४ | १०४६ | २५७ | २०३ | ४६० | ४६३ | ३४५ | ८०८ |
| जम्मा | | ४७६९ | ४७६९ | ७४१८ | ९४८७ | ९७६ | ११४६ | २१२२ | २२२४ | १९४९ |

## १.१२ शिक्षा क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु

### १.१२.१. समस्याहरु

● सीमान्तकृत तथा विपन्न समदुायका लगायत अन्य बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहभालगतामूलक पहुच र गणस्तरिय सुनिश्तता गर्न नसक्नु।

● विद्यालय शिक्षाको अवसरको नक्शाङ्कन हुन नसक्नु ।

● विद्यालयहरु बालमैत्री निर्देशिका अनुरुप वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार नहुन तथा संचालन हनु नसक्नु

● स्थानीय पाठ्यक्रम तथा कक्षागत शैक्षक पाठ्यक्रमले प्रभावकारी रुपमा कार्यान्वयन गर्ना नसक्नु

● शिक्षकहरुलाई समयानुकल अध्यावधिक गर्न नसक्नुर प्राप्त तालिम गोष्ठि तथा कार्याशालाबाट प्राप्त ज्ञान र सिपलाइ शैक्षिणक कृयाकलापमा प्रयोगमा नल्याउनु ।

● विषयगत रुपमा र कक्षागत शिक्षकहरुको दरवन्दी नहुन

● निरिक्षण तथा अनगुमन प्रभावकारी नहनु

● शिक्षामा सचुना तथा सञ्चार प्रविधको पहुँच नहनु र प्रभावकारी रुपमा कार्यान्वयन गर्न

नसक्नु

● विद्यालयहरु भौतिक रुपले सुरक्षित,मनोवैज्ञानिक रुपिले भयरहित र विद्यालय शन्ति क्षेत्र हनु नसक्नु

● अपांगता भएका वालबालिकाहरुको लागि प्रयाप्त श्रोत कक्षाहरुका कमि तथा त्यस्ता

बालबालिकाहरुको लागि पाठ्यसामाग्रीको कमि

● साक्षरता कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन, अनमुन तथा जवाफदेहिताको अभाव रहनु ।

● साक्षरता निरन्तर शिक्षा र जिवनपर्यान्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु,

● सबैसमूदायमासामूदायिक अध्ययन केद्रको स्थापना हनु नसक्नु, सिकाई केन्द्रको कमि हनुतथा जीवनपर्यान्त शिक्षाको अवसर नहनु।

### १.१२.२. चुनौतिहरु

● सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहाँचु र प्रतिनिधित्वका लागि समावेशी विद्यालय शिक्षा आजको उपयक्तु र सान्दर्भिक मुद्दा भएतापनि प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु गणस्तरिय शिक्षाको मुख्य चनुौतीको रुपमा रहेको देखिन्छ।

● अपाङ्गता भएका लगाएतका अन्य बालबालिकाहरूको शिक्षामा रहेका चनुौतीहरू पञ्छाउन खोज, अध्ययन(अनुसन्धान र प्राप्त दक्ष जनिशक्तको पहिचान र परिचालन गर्नेकार्य अभावको कारण गुणस्तरको मापदण्ड सुनिश्चित नहनु।

● कुल बजेटको कम्तीमा २० प्रतिशतभन्दा माथि शिक्षामा लगानी हुनुपर्ने अन्तराष्ट्रिय मान्यता अनुरुप बजेटको व्यबस्थापन गर्न नसक्नु।

● भौगोलिक आवस्थितिको कारण विद्यालय नलसाङ्कन तथा समायोजन गर्नकठिन अवस्था रहनु

● नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालिन ऐन २०७४ विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहलाई प्रदान गरेको पररप्रक्षे मा शिक्षा क्षेत्रमा गुणस्तर तथा प्रभावकारीता कायम गर्न विभिन्न प्रयत्न गरेता पनि शिक्षा क्षेत्रको अवस्था अपेक्षाकृत हनु नसक्न।

### १.१२.३ शिक्षा क्षेत्रका अवसरहरु

● संवैधानिक तथा कानुनि आधारहरु सहित आधारभतु तह सम्मको शिक्षा अनिवार्या तथा नि शुल्क, र माध्यिमक तह सम्मको शिक्षा निःशुल्क गरेर सबैवावालिकाहरूको शिक्षामा पहुचको अवसर नेपाल सरकारद्वारा प्रदान गरिने,

● तीन तहको सरकारहरु बीच समन्वय, सहकार्या र जिम्मेवारी परा गर्न सकिने अधिकारका साथै माध्यिमक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूयाङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइउपलब्धि संगैअन्य थुप्रैगतिविधि संचालन गरेर समय सापक्ष शैक्षक उपलब्धि वृद्धि गर्न सक्नेअवसर स्थानीय तहलाई हनु,

● शिक्षामा लगानी वृद्ध गरी गुणस्तरिय गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गर्ने, तीनवटैसरकार तथा अन्य संघ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिनेवातावरण हनु,

● विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखिय उपलब्धि हासिलगर्न सिकनेवातावरण हुनु

● स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हनु,

# परिच्छेद २: नयाँ शिक्षा योजना

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधान २०७२ को धारा ६५ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५, ६ र ८ मा संघ,प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीको प्रबन्ध गरिएको छ । शिक्षासम्बन्धी संघ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासंगै शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तदायित्त्व पनि तत तत निकायमा हुने गरी संवैधानिक रुपमा व्यवस्था गरिएको छ ।

नेपाललाई सन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा विकास गरी समृद्ध नेपाल र सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षासम्बन्धीहालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएका समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरुपता आउने गरी १० बर्षे (२०७८–२०८७)शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको परिवेशमा चालूविद्यालय क्षेत्र विकास योजना (एस.एस.डि.पी) को ५ बर्षे (वि.सं. २०७३– २०७८) कार्यक्रमको समयावधि २०७८ असार मसान्तसम्म समाप्त हुने भएकाले पनि यो योजना विकास गर्न खोजिएको हो । कर्णाली प्रदेश अन्तर्गत २७१९ बालविकास केन्द्र, ३१६७ विद्यालयहरु, २७ वटा विद्यालयमा प्राविधिक धारका कार्यक्रमहरु सञ्चालनमा छन भने उच्च शिक्षातर्फ र १ वटा क्याम्पसहरु सञ्चालनमा छन ।खाँडाचक्र नगरपालिकामा ५५ बालविकास केन्द्र, ३९ वटा सामुदायिक विद्यालयहरु ४ वटा संस्थागत विद्यालयहरु गरेर ४३ वटा विद्यालयहरु,१ वटा क्याम्पस रहेको छ । शिक्षा क्षेत्रको क्षेत्रगत विकासका लागि शिक्षाको राष्ट्रिय गन्तव्य र अन्तराष्ट्रिय रुपमादिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४ पूरा गर्न तथा राज्य पुनर्संरचनाको वर्तमान सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको शैक्षिक योजनामा एकरुपता ल्याउनका लागि समेत खाँडाचक्र नगरपालिकाले १० बर्षे (२०७८ देखि २०८७) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माण कार्य अघि बढाउन लागेको हो ।

परिवर्तित शासकीय संरचनामा नेपालको संविधान बमोजिम विशेषतः शिक्षा क्षेत्रमा नगरपालिकाको अधिकार सूचिभित्र परेका र स्थानिय सरकार संचालन ऐन र संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका सवाल, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजना, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई परिपूर्ति गर्न तथा नगरपालिकाको गुणस्तरीय र जीवनपयोगी शिक्षा प्रदान गर्न, शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सक्षम समुन्नत र आत्मनिर्भर भबिष्यको कर्णधार, निशुल्क गुणस्तर प्रबिधियुत्त शिक्षा बिकासमा नागरिकको आधार, नगरको परिकल्पनाको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न, शिक्षालाई सर्वव्यापी, समकालीन आवश्यकतामा आधारित, विज्ञान तथा प्रविधियुक्त, रोजगारमूलक तथा प्रतिस्पर्धी बनाउन एवम्राज्य पुनः संरचनासँगै तहगत सरकारका शिक्षा प्रतिको लगानीको प्राथमिकता समेत निर्धारण भएको सन्दर्भमा शिक्षामा संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको प्राप्ति गर्न र शिक्षाका कार्यक्रमको व्यवहारिक कार्यान्वयन गर्न, आवश्यक स्रोतको पहिँचान, परिचालन र व्यवस्थापन गर्न, दिगो विकास लक्ष्य बमोजिम नगरका शिक्षाका सूचकहरुको विकास गर्न र सोही बमोजिमका उच्च शिक्षा, प्राविधिक शिक्षा र विद्यालय सुशासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न, शिक्षामा सरोकारवालाको सहभागिता सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता पुरा गर्ने उदेश्यका साथ खाडांचक्र नगरपालिकामा नयाँ शिक्षा क्षेत्र योजना (२०७८– २०८७) को कार्यढाँचा विकास गर्नुपर्ने अवस्था सिर्जना भएको हो ।

## २.२. दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यापुर्ण समाजलाई बिकशित नेपाललाई सबृद्ध र नेपालीलाइ सुखी बनाउने योगदान गर्ने ।

## २.३. प्रदेशको दीर्घ कालीन सोच तथा गन्तव्य

शिक्षा विकासको पूर्वाधारः समृद्ध कर्णालीको आधार ।

## २.४. खाँडाचक्र नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

सक्षम समुन्नत र आत्मा निर्भर भबिष्यको कर्णधार।

निशुल्क गुणस्तर प्रबिधियुत्त शिक्षा बिकासमा नागारिकको आधार॥

## २.५.लक्ष्य

शिक्षालाई गुणस्तरीय, जीवनपयोगी, सीपमूलक, उत्पादनशील तथा समावेशी समतामूलक पहुँच सुनिश्चित गरि सक्षम तथा दक्ष नागरिकको विकास तथा विपद् प्रति उत्थानशिल पूर्वाधार सुनिश्चित गर्ने।

## २.६ उद्देश्यहरू

२.६.१. सवै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, उत्पादनमुखी,रोजगारमूलक र प्रविधिमैत्री बनाउनु।

२.५.२ शैक्षिक गुणस्तरमा सुधार गर्दै सक्षम, सभ्य र स्वावलम्बी मानव संसाधनको विकास गरी उययोग गर्नु।

२.५.३ पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक,प्रविधिमैत्री र रोजगारमूलक बनाउदै मूल्यमा आधारित सक्षम समुन्नत र आत्मा निर्भरसमाज र सबल अर्थतन्त्र निर्माण गर्नु।

२.५.४. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु।

२.५.५. उच्च शिक्षातर्फ प्रतिस्प्रर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी एवम् देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्नु।

२.५.६. नगर भित्रको शैक्षिक (ब्यवस्थापक र शिक्षण) जनशक्तिको क्षमता विकासका लागि मानव संसाधन केन्द्रको संस्थागत सुदृढिकरण गर्नु।

२.५.७. सवै नागरिकका लागि जीवनपर्यन्त, साक्षरतार अनौपचारीक शिक्षाको अवसर सुनिश्चित गर्नु।

२.५.८. शिक्षा प्रणालीको सवल व्यवस्थापनमार्फत शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापनमा गुणात्मक र परिमाणात्मक सुधार गर्नु।

२.५.९. समावेशी र विशेष शिक्षाको लागि आवश्यक संरचना निर्माण गरी सरोकारवालाको पहुँच सुनिश्चित गर्नु ।

## २.६ रणनीति

**खाँडाचक्र नगरपालिकाले नेपालको संबिधान २०७२ र स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७४।०६।२९ लाई अनुसरण गर्दै निम्नानुसारको कार्यनीति तय गरेको छ।**

२.६.१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरिनेछ।

२.६.२. सम्पूर्ण अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको

शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि नगरपालिकाबाट पहल गरिनेछ र आवश्यकता अनुसार प्रदेश सरकारसँग समन्वय गरि सुनिश्चित गरिनेछ।

२.६.३. हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ साथै दृष्टिविहीन

बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिनेछ।

२.६.४.सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ।

२.६.५ वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धनमा जोड दिईनेछ।

२.६.६. प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्‌याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितिय सीप सिकेको सुनिश्चित गरिनेछ।

२.६.७. घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मूक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिनेछ।

२.६.८. सबै विद्यालय र बालबालिकालाई संभावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाइ व्यबस्था गरिनेछ।

२.६.९. निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरि नियमन र व्यबस्थापन गरिनेछ।

**कार्यनीतिहरु**

## १. प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरिनेछ।

### १.१ तत्कालिन कार्यनीति :

(क) शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूको तथ्यांक संकलन गर्ने, अद्याबधिक गर्ने, सार्बजनिक गर्ने र क्रमिक रुपमा अनुगमन गर्ने।

(ख )अभिभावकलाई बालविकास र बालशिक्षा बारे सचेतनामूलक क्रियाकलापहरू गर्ने।

(ग) जोखिममा रहेका बालबालिकाको विद्यालय नियमितताका लागि सहयोगार्थ बालहीतकोषको व्यबस्था गर्ने।

(घ) सेवाक्षेत्रका सबै बालबालिका विद्यालय भर्ना गरेका विद्यालयलाई पुरस्कृत गर्ने।

(ङ) दलित बस्तिहरुमा सिकाइ स्तर कमजोर भएका बालबालिको क्लब गठन गरि गृहकार्य गर्नप्रेरित गर्ने गरि विषेश प्रकारको आवश्यक प्रयासहरु गरिनेछन्।

(च) प्रत्यक विद्यालयमा छात्राहरुको लागी सेनेटरी प्याडको व्यवस्था गरिने छ।

### १.२ दीर्घकालीन कार्यनीति :

(क) शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षाको व्यबस्था गर्ने।

(ख) घुम्ती विद्यालय वा घुम्ती शिक्षाको व्यबस्था मिलाउन पहल गर्ने।

(ग) बाल तथा लैंगिकमैत्री विद्यालय निर्माण गर्ने।

(घ) शैक्षिक सत्रको सुरमै हरेक बालबालिकाले पाठ्यपुस्तक प्राप्त गर्ने व्यबस्था मिलाउने। पाठ्यपुस्तक सुरक्षित गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने (पुराना सकुशल किताब देऊ, नयाँ कापी लैजाऊ) भन्ने नारालाई सार्थक बनाउने वा लागु गर्ने।

## २. सम्पूर्ण अपांगता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि नगरपालिकाबाट पहल गरिनेछ र आवश्यकता अनुसार प्रदेश सरकारसँग समन्वय गरि सुनिश्चित गरिनेछ।

२.१ तत्कालीन कार्यनीति ;-

(क) अपांगता भएका र आर्थिकरुपमा विपन्न भएका बालबालिकाहरूको पहिचान गरी तथ्यांक अद्यावधिक, वर्गीकरण, विश्लेषण गरेर सार्वजनिक गर्ने।

(ख) अपांगता तथा आर्थिक विपन्नहरूको लागि छात्रवृत्ति तथा आवश्यक उपकरण र सामग्रीहरूको व्यवस्था गर्ने।

### २.२ दीर्घकालीन कार्यनीति;-

(क) अपांगता भएकाबालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि कोटाहरू निर्धारण गरेर सम्वन्धी विद्यालयहरूमा भर्ना गर्न पहल गर्ने। यस्ता बालबालिकाहरूको लागि सुविधा सम्पन्न विद्यालयमा सम्प्रेषण गर्ने।

(ख) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न श्रोत विद्यालयको व्यवस्था गर्ने र आवश्यक पाठ्य, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने।

(ग) दलित बालबालिकाहरूको शिक्षामा पहुँच पुऱ्याउन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा कोषको व्यवस्था गर्ने।

(घ) दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सीपमुलक तालिम गोष्ठीको व्यवस्था गर्ने।

(ङ) राज्यले प्रदान गरिएका सेवासुविधाहरू प्राप्त गरे नगरेको अनुगमन गर्ने र नपाएका विद्यार्थीहरूलाई सहयोगको लागि प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने।

(च) उच्च शिक्षाको लागि प्रदेश तथा केन्द्रमा छात्रवृत्तिको लागि सिफारिस गर्ने।

## ३. हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ। साथै दृष्टिविहीन बालबालिकालाई ब्रेल लिपि तथा बहिरा बालबालिकालाई सांकेतिक भाषामा शिक्षा प्रदान गरिनेछ।

### ३.१ तत्कालीन कार्यनीति :

(क) अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनको लागि कार्यविधि निर्माण गर्ने।

(ख) सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र शिक्षकहरूले अनिवार्य रुपमा आफ्ना छोराछोरीहरूलाई सरकारी विद्यालयमा पढाउने व्यवस्थाको पहल गर्ने।

(ग) विद्यालयले दिवा खाजाको व्यवस्था मिलाउने जसका लागि अभिभावक तथा विद्यालयले व्यवस्था गर्ने।

(घ) दृष्टिविहीन, बहिरा र स्वर वा बोलाइ सम्बन्धी समस्या भएका अपांगता बालबालिकाहरूको तथ्यांक संकलन गर्ने र वर्गीकरण गर्ने।

(ङ) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्र्ने र आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने।

(च) अभिभावकहरू र शिक्षकहरूलाई साँकेतिक भाषा सम्वन्धी तालिम तथा अभिमुखिकरण तालिम संचालन गर्ने।

(छ) शैक्षिक सत्रको सुरुमै सबै विद्यालयहरुमा नगर स्वास्थ्य शाखाले बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरेको सुनिश्चित गर्ने।

(ज) बिद्यार्थि संख्या र तहको आधारमा स्वास्थ्य कर्मिको व्यवस्था मिलाई औषधिको पनि व्यवस्था विद्यालय परिसरमै गर्ने। मा.वि तहवाट शुरु गरेर क्रमशः सवै विद्यालयहरुमा स्टाफ नर्सको व्यवस्था मिलाउदै जाने।

### ३.२ दीर्घकालीन कार्यनीति:-

(क) अनिवार्य र निःशुल्क शिक्षामा पहुँच पुग्न नसक्ने बालबालिकाहरूको लागि पहुँच पुग्ने गरी छात्रवृत्ति र पाठ्यसामग्रीहरूको व्यवस्था गर्ने।

(ख) अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि विद्यालय नपठाउने अभिभावकहरूलाई आफ्ना छोराछोरी नियमित विद्यालय नपठाउदासम्म नगरपालिकाद्वारा प्रदान गरिने सेवासुविधाबाट वंचित गर्ने।

(ग) अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि नगरस्तरीय शिक्षा कोषको व्यवस्था गर्ने।

(घ) नगरपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङख्याको आधारमा क्रमशः शिक्षक दरवन्दिको व्यवस्था गर्ने। शुन्य दरवन्धी भएका विद्यालयवाट शिक्षक दरवन्दि को व्यवस्था गर्दै क्रमशः दरवन्दि अभाव भएका विद्यालयलाई प्राथामिकका आधारमा नगरपालिका द्धारा अनुदानमा दरवन्दि श्रृजना गरी लागु गर्ने।

(ङ) न्यूनतम मापदण्ड निर्माण गरी विद्यार्थी सङख्याको आधारमा बालमैत्रि विद्यालय भवन, खानेपानी र शौचालयको व्यवस्था गर्ने।

## ४. सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ।

### ४.१ तत्कालीन कार्यनीति

(क) गुणस्तरीयता शिक्षा सम्वन्धी सूचकहरू तयार गर्ने र सोहिअनुसार नमुना विद्यालयको बिकास गर्ने।

(ख) कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू संचालन गर्ने। कुनै शिक्षकले विद्यालय समयमा अन्यत्र कुनै पेशा व्यबसाय गर्न पाईने छैन।

(ग) समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लोकक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सृजना गर्ने।

(घ) सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा टिउसन पढाउन नपाउने नीति नगरपालिकाले कढाइका साथ अवलम्वन गर्ने।

(ङ) विद्यालयमा सबै पक्षको सभागिता सुनिश्चित (स्वास्थ्यकर्मी, प्रहरी, शिक्षा,युवा तथा खेलकुद शाखा,महिला विकास, नगरप्रतिनिधि, बालप्रतिनिधि आदि) गरेर शिक्षा विकास समिति गठन गर्ने।

(च) विद्यायलयको गुणस्तर कायम गर्न नगरक्षेत्र भित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गर्ने।

(छ) गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको विद्यालयले सुनिश्चत गर्ने।

(ज) शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने।

(झ) नगरपालिका भित्रका सबै प्र.अ.हरूको भेला जगरेर वास्तविक समस्याहरूको पहिचान गरी समाधानको लागि योजना बनाउने।

(ञ) तालिममा सिकेका विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गर्ने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने।

(ट) स्थानीयस्तरको आवश्यकतालाई मध्यनजर गरी स्थानीय पाठ्क्रम निर्माण गर्ने।

(ठ) विद्यार्थीहरूको नियमितता (मेरो साथी खोई अभियान) मा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने।

(ड) शिक्षक नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम्सेवकको रुपमा पढाउन व्यवस्था मिलाउने।

(ढ) बढी उपस्थित हुने विद्यार्थि र विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने। कक्षा ८ को परिक्षालाई को जस्तो बनाउदै लैजान परिक्षा केन्द्र र केन्द्राध्यक्ष , सहायक केन्द्राध्यक्ष। नीरिक्षक तोकेर व्यबस्थित रुपमा संचालन गर्ने उत्तरपुस्तिका परिक्षण र नतिजा प्रकाशनमा विश्वसनियता रहने गरि कार्य गर्ने।

(ण) विज्ञान सामाग्री, पुस्तकालय, खेलकुदको सामाग्री व्यवस्था, सास्कृतिक कार्यक्रमका सामाग्रीहरु, प्रविधिमय सामाग्रीको व्यवस्था गर्ने।

### ४.२ दीर्घकालीन कार्यनीति ;-

(क) प्रत्यक बिध्यालयमा शिक्षकले, तीन महिनामा विद्यालयस्तरीय र छ महिनामा नगरस्तरीय मूल्यांकन प्रणाली लागू गर्ने। अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्वन गर्ने (एक विद्यालयका शिक्षकले अर्को विध्यालयको उत्तरपुस्तिका जाँच गर्ने)।

(ख) निरन्तर मूल्यांकन प्रणालीलाई विस्थापित गर्न पहल गर्ने र शिक्षक दरवन्दि मिलान,विद्यालय समायोजन, तह समायोजन आदि गरेर कार्यान्वयन गर्ने।

(ग) शिक्षकहरूको नियमिततामा जोड दिने र यसको लागि हरेक कक्षामा घडिको व्यवस्थापन गरेर स्वयम् विद्यार्थीहरूबाट नै समयको बारेमा शिक्षकलाई सचेत गराउने व्यवस्था गर्ने।

(घ) कक्षागत सिकाइ उपलब्धीको मापदण्ड निर्माण गरी लागू गर्ने।

(ङ) हरेक विद्यालयमा विषयगत शिक्षक भएनभएको बारेमा विश्लेषण गरी अनिवार्यरुपमा विषय शिक्षकको व्यवस्था गर्ने।

(च) तालिम प्राप्त शिक्षकले कक्षाकोठामा सिकेको ज्ञान, सिप प्रयोग गरेनगरेको बारेमा एकिन गर्ने।

(छ) कमजोर तथा सहयोगको आवश्यकता भएको विद्यालयमा भौतिक तथा शैक्षिक क्रियाकलापहरू विस्तार गर्न सबैको सहमति कायम गर्ने।

(ज) विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधिहरूद्वारा निश्चित मापदण्ड तयार गरेर अनुगमनलाई प्रभावकारीरुपमा संचालन गर्ने।

(झ) श्रोत व्यक्तिको व्यवस्था गरि निजद्धारा मासिक रुपमा निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ।

## ५. वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धन गरिनेछ।

### ५.१ तत्कालीन रणनीतिः

(क) स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय सहयोगी शिक्षकका रुपमा प्रयोग गर्ने।

(ख) विद्यालयका शिक्षकहरूलाई अनिवार्यरुपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि नगरपालिकाले सुरुमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने।

(ग) अन्तर नगरपालिका भित्रका नमुना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाउने।

(घ) उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने।

(ङ) बालबालिकाहरूलाई समुदायस्तरमा परियोजना कार्यको माध्यामद्वारा अध्ययन गर्ने वातावरण निर्माण गर्ने।

(च) कक्षागत क्रियाकलापहरू संचालन गर्दा व्यवहारको माध्यामद्वारा प्रयोगात्मक, प्रर्दशन, चित्र, भिजिवल डकुमेन्ट्रीको माध्यामद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्ने (जस्तैः भात पकाउँदा विज्ञानका कुन कुन नियमहरूको प्रयोग हुन्छ, शक्ति, वाष्प, सुचालक र कुचालक आदि) गणित पढाउदा - घरायसि गणितका उपक्षेत्रहरु विजुलि, पानीको विल आदी।

### ५.२ दीर्घकालीन कार्यनीति;-

(क) आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सीपमुलक रोजगारीमूलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरुसंग समन्वय गर्ने।

(ख) स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाब्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने।

(ग) विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा संचालन गर्ने र अभिभावकहरूको सहभागिता सुनिश्चत गर्ने , सोलारको व्यवस्था गर्ने।

(घ) सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गर्ने।

(ङ) छोटो अवधीको प्राविधिक सीप सम्बन्धी तालिम केन्द्रहरु संचालन गर्ने।

(च) एक शिक्षक एक ल्यापटप निति लागु गरिने छ, हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाई क्रियाकलापमा हुने निश्चितता गर्ने।

## ६. प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पु¥याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गरिनेछ।

### ६.१ तत्कालीन कार्यनीति;-

(क) बालविकास कक्षा देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने।

(ख) सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने।

(ग) शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने र सहजकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने।

(घ) बालविकास सहजकर्ताहरूको पहलमा स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्न पहल गर्ने।

(ङ) बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार व्यवस्थापन गर्ने।

### ६.२ दीर्घकालीन कार्यनीति :

(क) विद्यार्थीहरूको नियमिततामा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने।

(ख) बालविकास केन्द्रमा नै आधारभूत नेपाली भाषा स्थानिय खसभाषा र गणितीय सीप सम्वन्धी ज्ञान, सीप र धारणामा अभिवृद्धि गर्न अनिवार्यरुपमा लागु गर्ने।

(ग) नगरक्षेत्र भित्रमा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रहरूको लेखाजोखा गर्ने र नमुना बालविकास केन्द्रका न्यूनतम मापदण्डहरू पुरा हुने गरी विस्तृत कार्ययोजना निर्माण गर्ने।

(घ) नगरपालिका भित्र कम्तिमा एक नमुना बालविकास केन्द्र स्थापना गर्ने।

(ङ) प्रत्येक वडामा बालउद्यानको व्यवस्था गर्ने।

## ७. घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मूक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिनेछ।

### ७.१ तत्कालीन कार्यनीति;-

(क) प्रत्येक वडा तथा विद्यालयस्तरमा बालक्लबको गठन गर्ने र उनिहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने।

(ख) वडा र नगरस्तरीय बालसंरक्षण समिति गठन गर्ने र बालअधिकारको सुनिश्चिताको लागि अनुगमन गर्ने।

(ग) बालबालिकाहरूको ओसारपसार गर्ने र उनीहरूलाई श्रममा लगाउन नदिने विषयमा कडाइका साथ कार्यान्वयन गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।

(घ) १४ वर्षमुनिका बालबालिकाहरूको ओसारपसार भएको तत्याङ्क अद्यावधिक गर्ने। यदि यस्तो देखिएमा कडाइका साथ कार्वाहि गर्न सिफारिस गर्ने।

(ङ) ओसापसारबाट फिर्ता भएका बालबालिकाहरू र विद्यालयका बालबालिकाहरू बीच अन्तरक्रिया तथा संवाद गर्ने वातावरण मिलाउने।

(च) वेवारिसे बालबालिकाहरूको हकमा नगरपालिकाले नै नाम राख्ने व्यवस्था गर्ने।

(छ) प्रत्येक विद्यालयमा बालसुरक्षा सम्वन्धी प्रहरीद्वारा कक्षा लिन लगाउने। जस्तैः राती सुतीसके पछि कोठामा बत्ति बाल्ने आदि। "प्रहरी मेरो साथी कार्यक्रम" अगाडी बढाउने।

(ज) कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा मानसिक तथा शारीरिक यातना दिन नहुने विषयमा संचेतनामूलक क्रियाकलापहरू संचालन गर्ने।

### ७.२ दीर्घकालीन कार्यनीति;-

(क) बालविवाह उन्मूलन गर्न बालविवाह सम्वन्धी कार्यविधि तयार गरी बालविवाह न्यूनिकरण सम्वन्धी अभियानहरू संचालन गर्ने।

(ख) बालविवाह विरुद्ध संचेतनामूलक क्रियाकलापहरू संचालन गर्ने।

(ग) विद्यालय शान्तिक्षेत्र सम्वन्धी रणनितिक कार्ययोजना कार्यान्वयन गर्ने।

(घ) गुनासो सुनुवाई संयन्त्र कार्यविधिलाई कडाईका साथ लागू गर्ने।

(ङ) हरेक विद्यालयमा दण्डरहित शिक्षण सिकाई क्रियाकलापहरूलाई कडाइका साथ अवलम्वन गर्ने र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागु गर्न प्रोत्साहन गर्ने।

## ८. सबै विद्यालय र बालबालिकालाई संभावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाई व्यबस्था गरिनेछ।

### ८.१ तत्कालीन कार्यनीति;-

(क) नगरका हरेक विद्यालयहरूमा विपद् जोखिम न्यूनिकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा समावेश गर्न अनिवार्य गर्ने।

(ख) हरेक विद्यालयका बालबालिकाहरूलाई भुकम्पबाट जोगिने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालयमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने। सवै विद्यालयमा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउने नीति अनिवार्य लागु गर्ने।(माक्स,सेनिटाईजर दैनिक रुपमा प्रयोग गर्नै र नियमित सावुन पानिले हात धुने.............)

(ग) प्रत्येक वडास्तरमा शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण व्यक्तित्व विकासका लागि व्यवस्था गर्ने।

(घ) छात्र र छात्राहरूको लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने।

(ङ) हात धुने, व्यक्तिगत सरसफाई तथा विपद् जोखिम न्यूनिकरण विषयमा अभिभावकहरूलाई अभिमुखिकरण गर्ने।

### ८.२ दीर्घकालीन कार्यनीति;-

(क) कोरोना भाईरस कोभिड १९ जस्ता अकस्मात देखिने रोग तथा, विपद् जोखिम व्यवस्थापन तथा न्यूनिकरण सम्वन्धी नगरस्तरीय योजना निर्माण गर्ने।

(ख) विद्यालयले वर्षको २ पटक अनिवार्यरुपमा सम्वन्धित स्वास्थ्य चौकीको समन्वयमा  बालबालिकाहरूको परीक्षण पनि गर्ने र जुकाको औषधी खाएको सुनिश्चत गर्ने ।

(ग) विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोशाक सरसफाई) र विद्यालयस्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप संचालन गर्ने ।

(घ) नगरका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको आफै व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । हरेक विद्यार्थीहरूद्वारा नै  शौचालय आफै सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने ।

(ङ) विपद् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुनस्थापन गर्न तथा तत्तकाल अस्थायी  पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गर्ने । वैकल्पिक शिक्षाका माध्यमहरु लागु गर्ने (रेडियो,टेलिभिजनमाऽ घुम्ति शिक्षा, टोल शिक्षा .....)

## ९. निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरि नियमन र व्यबस्थापन गरिनेछ ।

### ९.१ तत्कालीन कार्यनीति;-

(क) निजी विद्यालयहरूको गुणस्तर मापन गरी सेवामुलक बनाउन उनीहरूलाई निश्चित छात्रवृत्ति – कम्तिमा १० प्रतिशत) कोटा निर्धारण गरी कार्यान्वयन गराउने । साथै कार्यान्वयन भए नभएको  बारेमा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।

(ख) निजी विद्यालयहरूले विद्यार्थीलाई प्रदान गर्ने सुविधाको आधारमा शुल्क निर्धारण गर्ने नीति अवलम्वन गर्ने ।

### ९.२ दीर्घकालीन रणनीतिः

(क) नगरपालिकाले संस्थागत विद्यालयहरूको लागि बालमैत्री सूचक सहितका न्यूनतम मापदण्ड तयार  गरेर कार्यान्वयन गर्ने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ख) अब स्थापना हुने नीजी विद्यालयहरूलाई सेवामूलक गुठीको रुपमा संचालन गर्ने अनुमति दिने र  नेपाल सरकारको नीतिनियम बमोजिम स्वीकृति तथा अनुमति नलिई संचालन भएका यस्ता विद्यालयहरूको लागि जनप्रतिनिधिहरूको संयोजकत्वमा समिति गठन गरेर छानविनको दायरामा ल्याउने ।

# परिच्छेद ३: शिक्षाका क्षेत्रहरू

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचय

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक नीति शुरूवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ। सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो। २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ। शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ। शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ। वाल विकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको नीति स्थापित गरी समुदाय र विद्यालय स्तरमा वाल विकास केन्द्रहरू सञ्चालन गरिने व्यवस्था गरियो। समुदाय स्तरमा सञ्चालित वाल विकास केन्द्रहरूको अनुगमन नियन्त्रणमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित वाल विकास केन्द्रमा जोड दिन थालियो। पछिल्लो तथ्यांक अनुसार देशभर ३० हजार ३९ सामुदायिक र ६४११ संस्थागत गरी जम्मा ३५ हजार ४५० बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०७६ मा कक्षा १ मा भर्ना भएका बालबालिकाहरूमध्ये बाल विकास केन्द्रको अनुभव लिएका बालबालिकाको संख्या ५०.६ प्रतिशत पुगेको छ भने खाँडाचक नगरपालिकामा ३२ सङ्घीय सरकारको अनुदानमा २६ स्यानीय तहको अनुदानमा गरी जम्मा ५८ सामुदायिक बाल विकास केन्द छन्।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले वाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गराइएको छ। तत्कालीन शिक्षा विभागबाट विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत प्रारम्भिक बाल विकास सञ्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (पहिलो संशोधन २०७५) तयार गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल विकासको अवसर प्रदान गर्नुपर्ने प्रावधान उल्लेख गरेको छ। उक्त प्रारूप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बाल विकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु रहेको छ।

### ३.१.२. चुनौति तथा अवसर

एकीकृत प्रारम्भिक बाल विकास शिक्षाको कार्यविधि स्थानीय तहमा नहुनु,प्रारम्भिक बाल विकास शिक्षाको सर्वसुलभता,उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चितितासहित प्रारम्भिक बाल विकास शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, जनशक्ति व्यवस्थापन गर्नु, पारिश्रमिक तथा सेवा शर्तको स्पष्ट मापदण्डको विकास गर्नु, गुणस्तरको न्यूनतम मापदण्ड विकास गर्नु,चेकलिष्टका आधारमा आ नुगमन मुल्याकन बिद्यालय र केन्द बीचको आन्तर सम्बन्ध नहुनु, अभिभावकशिक्षा कमि ,आदि प्रारम्भिक बाल विकास शिक्षाका मुख्य चुनौतीहरू रहेका छन्।

**नेपालको संविधान २०७२ ले निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हक अन्तर्गत प्रारम्भिक वालविकास शिक्षालाई वालवालिकाको हकमा समावेश गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा काम कर्तब्य र अधिकार भित्त समेटिनु तथा विद्यालय क्षेत्र विकास योजनाले प्रारम्भिक शिक्षा र वालविकासलाई विद्यालय शिक्षाको सम्रचनामा एकीकृतगरीसकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक वाल विकास र शिक्षालाई विद्यालय शिक्षाको सम्रचनामा समेटेको हुँदा प्रारम्भिक वाल विकास र शिक्षालाई शिक्षा प्रणालीको जगको नीति आत्मसात गरएिको छ। यसनगरपालिकामा प्रारम्भिक बाल विकास केन्द्रको विस्तार तथा विकासका लागि सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूको योगदान, सहयोग तथा भूमिका बृद्धि गर्न सकिने अवस्था छ। अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरूबीच साझेदारी र सहकार्य मार्फत प्रारम्भिक वाल विकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने अवसर प्रशस्त छ।**

### ३.३. लक्ष्य

**बालबालिकाको सर्वाङ्गीण विकासको महत्वपूर्ण आधारका नीति एकीकृत प्रारम्भिक शिक्षा र वाल विकास कार्यक्रमको विस्तार गरिनेछ।**

### ३.४ उद्देश्य

**३.१.४.१ बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बाल विकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,**

**३.१.४.२ पाँच वर्ष मुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी एकीकृत प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु,**

**३.१.४.३ सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा नि शुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहूँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु।**

३.१.४.४. प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ माभर्ना हुँदा आधारभूत भाषिक र गणितीय सिप सिकेको सुनिश्चित गरिने।

### ३. ५. रणनीति

**३.५.१ प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको नीति विकास गरी यसलाई सबै बालबालिकाको लागि अनिवार्य गर्ने कार्यलाई सहजीकरण गरिने।**

**३.५.२ कम्तिमा एक विद्यालय, एक बाल विकास केन्द्रको अवधारणा अन्तर्गत स्थानीय तहमार्फत बाल विकास केन्द्रको पुनर्बितरण गरी प्रदेश तहबाट समेत लगानी गरी बाल विकास केन्द्रको विकासका लागि लागत साझेदारी गरिने।**

**३.५.३ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमुना बाल विकास केन्द्रको विकास गर्ने कार्यमा सहयोग गरिने।**

**३.५.४ पाँच वर्षभन्दा कम उमेर समूहका बालवालिकाहरूलाई पूर्व प्राथमिक शिक्षा दिन आवश्यक लगानी गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिने।**

**३.५.५ प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षा कार्यक्रमलाई सबै सामुदायिक विद्यालयमा रहने गरी व्यवस्थापन गर्न स्थानीय तहलाई अभिप्रेरित गरिने ।**

**३.५.६ तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तिमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने ।**

**३.५.७ प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षाको अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशत उच्च भएका स्थानीय तहहरूमा केन्द्रित गर्दै विद्यालयमा आधारित, समुदायमा आधारित तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षा कार्यक्रमको व्यवस्था गर्न सहजीकरण गरिने ।**

**३.५.८ अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सिप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षा कार्यत्रmममा समुदायको संलग्नता बढाउन आवश्यक सहयोग गरिने ।**

**३.५.९ अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टिकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षा स्थापना गर्ने लगायत अपाङ्गताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको स्थापना र सुदृढीकरण गराउन सहकार्य गरिने ।**

**३.५.१० प्रारम्भिक बाल शिक्षा तथा विकास÷पूर्व प्राथमिक शिक्षा कार्यत्रmमहरू सञ्चालन भएका विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गर्न आवश्यक सहयोग गरिने।**

**३.५.११ प्रारम्भिक बालविकास कक्षा र बाल विकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बाल विकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्न साझेदारीका कार्यक्रमहरू सञ्चालन गरिने ।**

**३.५.१२ स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास योजना निर्माणका लागि समन्वय र सहकार्य गरिने ।**

**३. १.६.अपेक्षित उपलब्धि**

**खाँडाचक नगरपालिकाका तीन वर्षदेखि पाँच वर्ष उमेर समूहका ९५% प्रतिशत बालवालिकाले प्रारम्भिक बाल विकास शिक्षाको अनुभव हासिल गरेका हुनेछन् । नगरपालिका भित्रका बाल विकास केन्द्रहरूमा एकीकृत न्यूनतम मापदण्डमा आधारित बाल मैत्री व्यवस्थापन सहित नमुना केन्द्र भएको हुनेछ । सबै विद्यालयहरूमा र पत्येक टोलमा कम्तिमा पनि एउटा एकीकृत प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको हुनेछ । बाल शिक्षकहरू कम्तिमा बाल मनोबिज्ञानमा आधारित तालिम प्राप्त र प्रविणता प्रमाण पत्र उत्तिर्ण गरेको हुनेछन् ।**

## ३.६. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### तालिका ३.१: प्रारम्भिक बाल विकास तथा शिक्षाको प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | परिमाण | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | **जम्मा** | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षाका न्यूनतम मापदण्डहरू विकास र परिमार्जन तथा प्रबोधीकरण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | ५ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | बालविकास केन्द्र | ५४ | ० | ५ | १० | १० | २० | ४५ | ९ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिका, (दुर्गम भेगमा बसोबास गर्ने अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि समेत प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचका लागि वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | बा. वि केन्द्र तथा समुदाय | ५ | २ | १ | १ | १ | - | ५ | निरन्तर |
| ४ | विकास साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास र शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन कार्यक्रम | कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा अपाङ्गताको पहिचान गर्ने व्यवस्थागरी सहयोग उपलब्ध गराउने र आवश्यकता अनुसार थप सेवाको सुनिश्चितता | सबै केन्द्र | ५४ | ० | २० | २० | १४ | - | ५४ | निरन्तर |
| ६ | न्यूनतम मापदण्ड अनुसार विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्गमैत्री शौचालय खानेपानी, घेरवार बाहीरी खेलौना सहितको दुई कक्षा कोठाको व्यवस्था | सबै केन्द्रमा | ५४ | ० | १० | २० | २० | ४ | ५४ | |
| ७ | बालबालिकाको अभिलखीकरण | सबै केन्द्र | ५४ | ० | १० | २० | २० | ४ | ५४ | |
| ८ | अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयत्तिक परिवार सेवा योजना निर्माण गरी कार्यन्वयन | पहिचान गरिएको केन्द्र | आ.अ | - | √ | √ | √ | √ | | निरन्तर |
| ९ | प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | सबै केन्द्रका | ५४ | - | ५४ | ५४ | ५४ | ५४ | | निरन्तर |
| १० | प्रारम्भिक बाल विकास र शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुनेगरी सन्दर्भ सापेक्ष बनाउने र प्रवोधिकरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | | निरन्तर |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको न्यूनतम मापदण्ड र सिकाइ तथा विकास मापदण्डमा समयपेक्ष परिमार्जन तथा कार्यन्वयन | पटक | १ | - | १ | - | - | - | १ | निरन्तर |
| | | केन्द्रहरू | ५४ | सबै | √ | √ | √ | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहीरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | सबै केन्द्रमा | ५४ | - | १० | १० | १० | १० | ५४ | |
| १३ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृक्ति विकासको अवसर मिलाउने | संख्या | ५४ | - | ५४ | √ | √ | √ | | निरन्तर |
| १४ | प्रारम्भिक बाल विकास र शिक्षामा बालबालिकालाई गुणस्तरीय एकिकृतसेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमनगरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रवन्ध गर्ने | सबै केन्द्र | ५४ | - | १० | १० | १० | १० | १४ | |
| १५ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग गर्ने केन्द्र | सा.सि केन्द्र | ५४ | - | १० | १० | १० | १० | १४ | |
| १६ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बाल विकास तथा शिक्षा सम्बन्धी नियमित अभिमुखीकरण | केनद्रमा | ५४ | - | १० | १० | १० | १० | १४ | - |
| १७ | प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमममा कम्तिमा महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | पटक | १२ | - | ३ | ३ | ३ | ३ | १२ | निरन्तर |
| १८ | प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा शारिरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको केन्द्र आधारमा मानोसामाजिक परामर्शदाता वा संस्था सँग समन्वय गर्ने ( अर्ध वार्षिक) | सबै केन्द्र | १० | - | २ | २ | २ | २ | ८ | निरन्तर |
| १९ | शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन | पटक | १० | १ | २ | २ | २ | ९ | १ | |
| २० | प्रारम्भिक बाल विकास र शिक्षामा परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घ संस्थाको सहभागित, संलग्नता र जिम्मेवारी वृद्धि प्रारम्भिक बाल विकास र शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मामदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | सबै केन्द्रमा | | ५५ | √ | √ | √ | √ | ६० | |
| | | पटक | २ | - | १ | - | १ | - | १ | |
| २२ | प्रारम्भिक बाल विकास र शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा बृद्धि | जना | ५४ | - | ५४ | √ | √ | √ | ५४ | निरन्तर |
| २३ | सबै प्रकारका प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराई पाठ्यक्रम कार्यन्वयन गर्ने। | बार्षिक | ५ | - | १ | १ | १ | १ | १ | निरन्तर |
| २४ | प्रारम्भिक बाल विकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, पभावकारीताको सङ्घ, प्रादेशिक प्रारम्भिक बाल विकास समिति, स्थानीय प्रारम्भिक बाल विकास समितिबाट अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण गरी कार्यन्वयन गर्ने | पटक | १० | १ | २ | २ | २ | २ | ९ | निरन्तर |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षाले मानव जीवनलाई आत्मनिर्भर, सरल, सहज र व्यवस्थित बनाउँछ । मानिसलाई मानवोचित जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान, सिप, दक्षता हासिल गराउने शिक्षा आधारभूत शिक्षा हो । आधारभूत शिक्षाले माध्यमिक शिक्षाको जग बसाल्ने र देश विकासको मेरूदण्डको भूमिका खेल्दछ । विश्वमा यस तहको शिक्षालाई भिन्न भिन्न संरचनामा राखिएको पाइन्छ । नेपालको सन्दर्भमा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्मको शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । नेपालमा प्राथमिक शिक्षाको इतिहासलाई हेर्ने हो भने राष्ट्रिय शिक्षा आयोग २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ र नयाँ राष्ट्रिय पद्धतिको योजना २०२८ ले योजनावद्ध र प्रगतिशील कदम चालेको पाइन्छ । देशमा बहुदलीय व्यवस्थाको प्रार्दुभाव भै सकेपछि २०४९ सालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले यसको गुणात्मक तथा संख्यात्मक सुधारका लागि व्यावहारिक उपायहरू अवलम्वन गरको पाइन्छ । विशेषतः २०२८ सालको नयाँ राष्ट्रिय शिक्षा पद्धतिको योजनाले यस तहको शिक्षामा आमूल परिर्वतन ल्याई पाठ्यक्रममा सुधार, शिक्षक तालिम, विद्यालय निरीक्षण अनुगमन, विद्यालयको भौतिक पक्षमा सुधार जस्ता कार्यक्रम कार्यान्वयनमा ल्यायो।

सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रममा आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राखिएको थियो । वि.सं.२०७२ साल असोज ३ गते जारी गरएिको नेपालको संविधानमा नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा पाउने मौलिक अधिकारको नीति उल्लेख गरएिको छ । हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजनाले आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरूको व्यवस्था गरेको छ ।

कर्णाली प्रदेश सरकारले आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न सामाजिक विकास मन्त्रालय मार्फत मातहत कार्यालयवाट विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ । आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखी ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रबन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरू पहिचान गरी यसको उद्धेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरूका साथै लक्ष्य तोकिएको छ नगरपालिकामा रहेका ३९ विद्यालयहरूमध्ये कक्षा १–५ सञ्चालन भएका विद्यालयहरू २० छन् भने ६–८ सञ्चालन भएका ८ र कक्षा १–८ सञ्चालन भएका जम्मा विद्यालयहरूको संख्या २८ रहेको छ । शैक्षिक सत्र २०७६ मा कक्षा १–५ सम्मको शिक्षक विद्यार्थी अनुपात ४६ र कक्षा ६–८ मा ७० रहेको छ । खाँडाचक्र नगारपालिकामा रहेका आधारभूत विद्यालयमा जम्मा ६४५ विद्यार्थीहरू अध्ययनरत भएको देखिन्छ भने आधारभूत तहमा यस नगरमा कक्षा १–५ मा ७७.२, ६–८ मा ७२.२ र कक्षा १–८ मा ७४.७ प्रतिशत खुद भर्नादर रहेको छ । खाँडाचक्र नगरपालिकाका जनताको आर्थिक अवस्था कमजोर भएका कारण यस नगरका विशेषगरी दलित तथा आर्थिक अवस्था कमजोर भएका वालवालिका सिजनमा काम गर्नु परेका कारणले गर्दा उनीहरूको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ भने कतिपय बालबालिका आयआर्जनका लागि छिमेकी मुलुक भारत सम्म जाने गर्दछन् भने कतिपय अभिभावक आय आर्जनकालागि विदेशिदा उनीहरूसँगै बालबालिका पनि जाने भएकोले कक्षा छाड्ने दरमा कमि ल्याउन कठिन भएको छ । खाँडाचक्र नगारपालिकामा वाल विवाह समेत वढी हुने भएकोले कक्षा दोहो¥याउने र कक्षा छाड्ने दर बढ्दो रहेको छ । अल्पसंख्यक जनजातीको समेत वसोबास काम रहेको यस नगरमा यी वालवालिकाको शैक्षिक अवस्था अत्यन्त कमजोर रहेको छ ।

### ३. २.२ चुनौंती र अवसर

निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाइ सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील बनाउनुका साथै समग्र शिक्षा प्रद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायि बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु,

सामुदायिक तथा निजी विद्यालयबीचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलव्धी अभिबृद्धि गर्नु, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र सम्प्रचनागत नीति विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धीत चुनौतिहरू हुन्।

शिक्षालार्ईई मौलिक हकको नीति स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागीता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ । देशमा सङ्घीयताको कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरूप्रतिको चासो र चिन्ता बढीरहेको छ। शिक्षकका पेशागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरहेको छ। निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्ने तथा साक्षरता घोषणा अभायान संस्थागत नीति सवै सरोकारवालाहरूले अगाडि बढाएको अवस्था छ। शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र निजी क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै गएको अवस्था छ। विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिएको छ। स्थानीय तहको सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ। शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रयाप्त लगानी अभिबृद्धि गर्नसकिने अवस्था देखिन्छ।

## ३.३ लक्ष्य

सबैका लागि आधारभूत शिक्षालाई अधिकारका नीति स्थापित गर्दै विद्यालयमा बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गरिनेछ।

## ३.४ उद्देश्य

३.४.१ सबै बालबालिकालाई आधारभूत शिक्षामा अनिवार्य तथा निशुल्क नीति पहूँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउनु साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिने।

३.४.२ आधारभूत शिक्षा प्रदायक विद्यालयहरूमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न सरोकारवालाहरूसँग साझेदारी गर्नु।

३.४.३ सामाजिक–सांस्कृतिक विविधतामा सामाञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी आधारभूत तहमा अध्ययन गर्ने बालबालिकामा जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु।

३.४.४ वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पु¥याउनु।

३.४.५ विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा क्रमिक सुधार गरी विद्यालय सञ्चालन पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउनु।

३.४.६ सबै बालबालिकाको सिकाइ उपलब्धि हासिल गर्न बैकल्पिक कार्यक्रम सञ्चालन गराउनु।

## ३.५ रणनीति

३.५.१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा उपलव्ध गराउन सबै सरोकारवालाहरू तथा गैर सरकारी संस्था लगायतका निकायहरूसँग समन्वय र सहकार्य गरिने।

३.५.२ विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियानलाई सबै सरोकारवालाहरू, राजनीतिक दल, स्थानीय बुद्धिजिवी, सरकारी तथा गैरसरकारी निकायहरूको साझेदारीमा निरन्तरता दिई सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी नगरपालिकामा रहेका विद्यालयहरूलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितताको लागि स्थानीय तह घोषणा गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि सङ्घ तथा प्रदेश सरकार सँग समन्वय गरी व्यवस्थापन गरिने।

३.५.३ आधारभूत तह (कक्षा १– ८ सम्म)सञ्चालन भएका सबै विद्यालयहरूमा दिवा खाजा कार्यक्रम लागू गरी बालबालिकाकोस्वास्थ्यलाई ध्यान दिइ स्थानीय स्तरमा उत्पादित खाद्यबस्तुलाई नै प्राथमिकता दिदै बजारीया खाजालाई विस्थापित गरी शैक्षिक क्षति न्यूनीकरण गरी लागु गरिने

३.५.४ आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गर्न स्थानीय पाठ्यक्रमलाई लागु गरिने।

३.५.५ कक्षा छाड्ने समस्या समाधानका लागि र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने लक्षित समूहका बालबालिकाहरूलाई विभिन्न किसिमका छात्रवृत्ति सरल र सहज नीति उपलब्ध गराउने, स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरू उपलब्ध गरानका साथै वालमनोबिज्ञानमा आधारित सिकाइ सहजीकरण गरिने।

३.५.६ नगरपालिकामा नगर शिक्षा योजना कार्यन्यन गारिसबै विद्यालयहरूमा विद्यालय सुधार योजना अद्यावधिक गर्न लगाइ स्थानीय स्रोतसाधन परिचालन गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

३.५.७ पछाडि पारिएका, अल्पसंख्यक, सिमन्तकृत, लोपोन्मुख वर्ग तथा जनजाती लगायतका वालबालिकालाई शिक्षाको मुल प्रवाहमा ल्याउन थप सेवासुविधाको व्यवस्थापन गर्ने तथा विद्यालय बाहिर रहेका,र औपचारिक शिक्षाको मूल प्रवाहमा आउन नसकेका सवै बालबालिकाहरूका लागि बैकल्पिक सिकाइ केन्द्र स्थापना गरिने।

३.५.८ नगरपालिकामा संचालित धार्मिक प्रकृतिका गुरूकुल÷विद्याश्रम जस्ता परम्परागत शैक्षिक संस्थालाई औपचारिक शिक्षाको मापदण्डसँग समकक्षी बनाउने।

३.५.९ सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार, समावेशी तथा बालमैत्री पूर्वाधार र शिक्षक तथा शैक्षिक स्रोत सुनिश्चित गर्न गराउने।

३.५.१० विद्यालय र विद्यालयका शिक्षकहरूलाई कार्य सम्पादन स्वःमूल्यांकनका आधारमा प्रोत्साहन गरिने।

३.५.११ विद्यालयका प्रदानाध्यापक,शिक्षकहरूसँग कार्य सम्पादन करार सम्झौता गरी विद्यालय र बालबालिकाको सिकाइप्रति जिम्मेवार र जवाफदेही बनाउन आवश्यक संयन्त्र निर्माण गरिने।

३.५.१२ जीवनोपयोगी सिप, व्यवहारिक सिप र मूल्यमा आधारित शिक्षाको प्रयोगलाई समेटिएको स्थानीय पाठ्यक्रम विकास गरी कार्यन्यन गरिने

३.५.१३ आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भएको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी नीति कार्यान्वयन गरिने।

३.५.१४ जनसांख्यिक बनोट, भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने कार्यमा सङ्घ र प्रदेश सरकार सँग समन्वयमा कार्यान्वयन गरिने।

३.५.१५ आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गरिने।

३.५.१६ आधारभूत तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील, अपाङ्ग मैत्री र बाल मैत्री बनाउने कार्यमा कार्यान्यन गरिने।

३.५.१७ राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले अगाडि सारेको विद्यालय शिक्षाको नयाँ पाठ्यक्रमको कार्यान्वयन गर्नका लागि सङ्घ र प्रदेश सरकारहरूबीच समन्वय र सहकार्य गरिने।

३.५.१८ विषय बिज्ञहरूसँग समन्वय गरी आधारभूत तह सञ्चालन भएका विद्यालयको अनुगन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्वन गरिने।

३.५.१९ विद्यालय शिक्षाको समग्र विपत् जोखिम व्यवस्थापन विविध आयामहरूमा तीन तहकै सरकारबाट जारी गरएिको नीति,मार्गदशन कार्यढाँचा लगायतका विषयवस्तुहरूलाई स्थानीय परिवेस अनुसार स्थानीयकरण गर्दै समग्र विद्यालय शिक्षा पद्धतिलाई विपत् जोखिम व्यवस्थापन उत्थानशील बनाउने,यसकालागि बहुक्षेत्रगत प्रयासहरूलाई समन्वयात्मक ढङ्गले अगाडि बढाइने।

३.५.२० सबै बालबालिकाको सिकाइ उपलब्धि हासिल गरी व्यवहारमा लागु गराउने र तत्कालिन रूपमा आवश्यकताका आधारमा बैकल्पिक कार्यक्रम सञ्चालन गरिने।

## ३.६ अपेक्षित उपलब्धि

खाँडाचक्र नगरपालिकामा अनिवार्य तथा आधारभूत शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भइ आधारभूत शिक्षाको गुणस्तर अभिवृद्ध भएको हुनेछ। खाँडाचक्र नगरपालिकामा आधारभूत तहको खुद भर्नादर ९८ प्रतिशत पुगेको हुने छ। योजनाको अवधिभर आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरूको शिक्षामा समतामूलक सहभागिता सुनिश्चित गरी समय अनुकूलको शिक्षा प्रदान गर्ने,

विद्यालय छाड्ने र कक्षा दोहर्याउने दरमा कमी ल्याई उत्तीर्ण र टिकाउदरमा बृद्धि ल्याई सिकाइ उपलब्धिमा उल्लेखनीय रूपमा सुधार आउनेछ। प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने विद्यार्थीको संख्या लक्ष्य अनुरूप बृद्धि भएको हुनेछ।

## ३.७ नतिजा

आधारभूत उमेर समूहका सवै बालबालिकाहरूको शिक्षामा पहुँच भइ सहभागी हुने अवसर सुजना हुनेछ। सवै विद्यालयहरूले प्राथमिकता प्राप्त सक्षमता पूरा गरी उत्थानशील भौतिक पूर्र्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता तथा उत्प्रेरित शिक्षकहरूद्धारा बालमैत्री र समावेशी वातावरण सिकाइ सहजीकरण क्रियाकलापमा बालबालिकाहरू सहभागि हुनेछन्। विद्यालयमा पोषण तथा स्वास्थ्य सम्वन्धी कार्यक्रमहरूको प्रवन्धबाट बालबालिकाहरूको स्वास्थ्य र पोषणको अवस्थामा सुधार हुनेछ। आधारभूत तहबाट माध्यमिक शिक्षामा प्रवेश गरेका सवै वालबालिकाहरूले न्युनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्। आधारभूत शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट सिकाइ सहजीकरणमा सहजता प्रदान गरएिको हुनेछ।

## ३.२.८ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activates and Target)

### तालिका ३.२: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाई | पटक | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ५ | - | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | - | १ | - | - | - | १ | निरन्तर |
| ३ | विद्यालयमा मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | विद्यार्थी अनुपात | १;४० | - | १;४० | १;४० | १;४० | १;४० | १:४० | |
| ४ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | १०० | ९५.७ | ९६.५ | ९७ | ९८.५ | ९९ | ९९ | १०० |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेरवार, खाजा घर, करेसाबारी, बालबगैचा, कम्प्युटर श्रब्य दृश्य सामाग्री ) | विद्यालय (संख्या) | | ५ | ७ | ८ | ६ | ४ | ३० | |
| ६ | विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | प्रतिशत | १०० | २५ | २५ | २५ | २५ | १०० | १०० | निरन्तर |
| | | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहार कुशल सिपहरूको एकिकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास (बहु भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवा समेत | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | शिक्षक तयारी, विकास र सहायता प्रणालीको विकास गर्ने | विद्यालय | ४४ | - | १० | १० | १० | १० | ४० | ४ |
| ९ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | संख्या | ५०० | - | १५० | १५० | १५० | १५० | ६०० | निरन्तर |
| १० | निशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक वितरण | विद्यार्थी | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | आर्थिक नीति विपन्नका लागि ड्रेस, स्टेसनरी ईत्यादिका लागि छात्रवृत्ति | संख्या | | ५५० | ६५० | ६८० | ७३० | ८४० | ९६० | |
| १२ | सिकाइ सामग्री निर्माण सहित शिक्षण विधिमा शिक्षकको क्षमता विकास | संख्या | ३०० | ५० | ५० | ५० | ५० | ५० | २५० | निरन्तर |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्नका लागि शिक्षकको क्षमता विकास | विद्यालय | ४४ | - | १० | १० | १० | १० | ४० | ४ |
| १४ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | विद्यालय प्रतिशत | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरएिको छ। नेपालको संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरीएतापनि अनुसूचि ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ। नेपाल सरकारबाट राष्ट्रि‌‌ऽय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ। आर्थिक सर्वेक्षण २०७६÷०७७ अनुसार देशभर कुल ३५५२० विद्यालयहरूमध्ये कक्षा ९-१० सञ्चालन भएका विद्यालयहरू १०६४४ र कक्षा ११–१२ सञ्चालन भएका ४१८७ तथा कक्षा ९–१२ सञ्चालन भएका विद्यालयहरू १०८८९ रहेका छन्।

कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ६६९ र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू २७९ तथा माध्यमिक तह (९-१२) सञ्चालन भएका विद्यालयहरूको संख्या ६६९ रहेको छ। प्रदेशभर माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १२३४ र ११-१२ मा ५४८ गरी जम्मा १७८२ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन भने खाँडाचक्र नगारपालिकामा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू १० र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू ५ तथा माध्यमिक तह (९-१२) सञ्चालन भएका विद्यालयहरूको संख्या ५ रहेको छ। नगर भरि माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १७ र ११-१२ मा ३ गरी जम्मा २० दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन्, भने शैक्षिक सत्र २०८१ मा कक्षा ९ देखि १० मा १२८४ जना र कक्षा ११ देखि १२ मा जम्मा ८९७ गरि जम्मा २१८१ विद्यार्थीहरू अध्ययनरत् रहेका छन साथै यस नगरमा माध्यमिक तहमा विद्यार्थी विद्यालय अनुपात कक्षा ९-१० मा १:३२१ र कक्षा ११-१२ मा १:१२८ तथा शिक्षक विद्यार्थी अनुपात कक्षा ९-१० मा १:७५.५२ र कक्षा ११-१२ मा १:१२८.१४ रहेको छ। खाँडाचक्र नगारपालिकामा विद्यार्थीको खुद भर्नादर कक्षा ९-१० मा ७७.२, कक्षा ११-१२ मा ४२.६ र कक्षा ९-१२ मा ६०.४ रहेको अवस्था छ।

### ३.३.२ चुनौति तथा अवसर

शिक्षक व्यवस्थापन, विद्यालयमा राजनीतिक हस्तक्षेप, विद्यालय सुपरिवेक्षण, माध्यमिक शिक्षामा समतामूलक पहुँच, शैक्षिक गुणस्तर र सान्दर्भिकता, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, कमजोर लगानी, तीनवटा तहका सरकारहरूबीचको समन्वय र सहकार्य तथा शिक्षासम्बन्धी अधिकारको साझा बुझाईमा अस्पष्टता आदि माध्यमिक शिक्षाका मुख्य चुनौतिका विषयहरू हुन्। मेधावी व्यक्तिहरूको शिक्षण पेशामा आकर्षण, शिक्षकको पेसागत विकास, संस्थागत विद्यालयलाई सेवामूलक बनाउँदै लैजाने कार्य, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमको प्रभाकारी कार्यान्वियन, विद्यालय र नतिजामा आधारित सुपरिवेक्षण आदि पनि माध्यमिक शिक्षाका चुनौतिहरू हुन्।

नेपालको संविधान (२०७२) को मौलिक हक सम्वन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी र पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति रहेको छ। संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने र प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेण्टी गरएिको छ। संविधानको त्यही धाराले "अपाङ्गता भएका, र आर्थिक रूपले बिपन्न नागरिकलाई" उच्च शिक्षा समेत निशुल्क हुने ब्यवस्था गरेको छ। त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले "प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निशुल्क" हुने ब्यवस्था गरेको छ। संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, ब्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अंगिकार गरेको छ। त्यही धाराले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र ब्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देशन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाको अधिकार दिएको छ। संविधानको अनुसूचि ९ ले उल्लेख गरएिको साझा अधिकारको क्षेत्रभित्र रहेर विद्यालय शिक्षामा समेत योगदान गर्न सक्ने प्रशस्त मार्ग प्रदान गरएिको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले कक्षा १० वा माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न, शिक्षकको पेशागत विकास गर्न, शिक्षक बढुवाका कार्य सम्पादन गर्न र विद्यालय क्षेत्र विकास योजना तथा समग्र विद्यालय शिक्षासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय तह र विद्यालयहरूलाई भूमिका प्रदान

गरेको छ। उक्त नीतिले सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार तथा जिम्मेवारीहरूलाई थप स्पष्ट बनाएको छ। राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले समेत विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रम निर्माण गर्न र कार्यान्वयन गर्न स्थानीय तहलाई विभिन्न जिम्मेवारी प्रदान गरेको छ। नगरपालिका भित्रका विद्यालयलाई नमुना विद्यालयको नीति विकास गर्नेका लागि सङ्घ र प्रदेशले कार्यक्रम सञ्चालनमा ल्याएको छ। आर्थिक वर्ष २०७६÷०७७ मा माध्यमिक तहमा शिक्षक अभावको समस्यालाई समाधान गर्नका लागि सङ्घले कम्तिमा पनि एउटा स्थानीय तहमा एउटा पर्ने गरी स्वयम् सेवक शिक्षकको व्यवस्थापन गर्ने कार्य समेत सञ्चालन गरेको थियो। र नगरपालिकाले प्रदानाध्याक, बिद्यालय ब्याबस्थापन समिति अध्यक्ष र शिक्षक बीचमा समिक्षा गोष्ठी गरी एकीकृत रूपमा प्रभावकारी बनाउनको लागि कार्यक्रम गरेको छ।

### ३.३.लक्ष्य

माध्यमिक तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई खाँडाचक्र नगारपालिकार समग्र देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गरिनेछ।

## ३.४. उद्देश्य

३.४.१.स्थानीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी माध्यमिक तहमा शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु,

३.४.२.गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु।

३.४.३.सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रत्रिmयामा सवलीकरण गर्न,

३.४.४.माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्न,

३.४.५.माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सिप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सिप हासिल गर्न सहयोग गर्न।

## ३.५ रणनीतिक क्रियाकलाप

३.५.१. निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि सङ्घ र स्थानीय तहहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने।

३.५.२. सामुदायिक विद्यालयमा अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित विनियोजन पद्धति अपनाउने।

३.५.३.माग र सम्भाव्यता अध्ययनका आधारमा साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षाका आवासीय तथा नमुना विद्यालयहरू स्थापना गरिने।

३.५.४. खाँडाचक्र नगारपालिकाका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा सहयोग प्रदान गर्ने कार्यत्रmमको थालनी गरिने।

३.५.५. गरीब तथा विपन्न परिवारका कक्षा ८ उतीर्ण विद्यार्थी (विद्यालय छोड्न सक्ने सम्भावना भएका) लाई कक्षा ९—१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्ने पद्धतिको विकास गरिने।

३.५.६. कक्षा १० र १२ को परीक्षामा सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिभाशाली विद्यार्थीलाई कक्षा ११ र १२ तथा उच्च शिक्षा पूरा गर्न समन्वय तथा सहयोग गरिने।

३.५.७. कमजोर आर्थिक सामाजिक परिस्थिति भएका समुदायका माध्यमिक विद्यालयहरूलाई प्राथमिकतामा राखि विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षालाई विस्तार गर्न सहयोग गरिने।

३.५.८. आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच बढाउने।

३.५.९. विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ को कार्यान्वयन गर्न विद्यालयहरूको आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिने।

३.५.१०.निजी एवम् सार्वजनिक क्षेत्रसँग सहकार्य गरी माध्यमिक तहका प्राविधिक तथा व्यावसायिक शिक्षामा सुदृढीकरण गरिने।

३.५.११. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूले सुनिश्चित गर्नुपर्ने गरी अनुकूल सिकाइ वातावरणका लागि सङ्घ र प्रदेश सरकार सँग समन्वय र सहकार्यमा आवश्यक पूर्वाधारको विकास गर्र्ने र विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई बालमैत्री र सुरक्षित एवं हरित विद्यालयको नीति  विकास गरिने।

३.५.१२. खाँडाचक्र नगारपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागू गरिने।

३.५.१३.विज्ञान, भाषा र गणित विषयको शिक्षण सिकाइ स्तर बढाउन शिक्षक व्यवस्थापन र पेसागत विकासका कार्यक्रmम कार्यान्वयन गरिने।

३.५.१४.उत्तरदायित्व सुनिश्चित गर्न वार्षिक रूपले विद्यालय सञ्चालन र व्यवस्थापन स्तरको कार्य सम्पादनको पुनरावलोकन गर्ने गराउने कार्यमा विद्यालयसँग समन्वय गरी कार्यान्यवयन गर्ने,

३.५.१५.माध्यमिक शिक्षामा मानव मुल्यमा आधारित शिक्षाको विस्तार गर्न प्रोत्सहान गरिने।

३.५.१६.सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गरिने।

३.५.१७.विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र स्थानीय तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्न सहजीकरण गरिने।

३.५.१८.माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर अभिबृद्धिका निम्ति नगरले नै परिचालन गर्ने गरी अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने।

३.५.१९.शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरूलेनगरपालिका सँग समन्वय र साझेदारी गरी कार्यक्रम सञ्चालन गरिने।

## ३.६ अपेक्षित उपलब्धि

योजना अवधिभर माध्यमिक शिक्षाको खुद भर्नादर ६० प्रतिशत पुगेको हुनेछ। तीन वटै तहहरूबीचको समन्वय र सहकार्यमा सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको व्यवस्थापन गरिने छ। शिक्षकको पेसागत विकास कार्य प्रभावकारी ढङ्गले सञ्चालन भएको हुनेछ। सम्भाव्यताको अध्ययनका आधारमा आवासीय विद्यालय सञ्चालन भएका हुनेछन्। माध्यमिक विद्यालयहरूलाई क्रमश नमुना विद्यालयको नीति विकास गरिनेछ। सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माण गर्ने कार्यमा सङ्घ र स्थानीय तहका सरकारसँगको समन्वयमा सहजीकरण गरिने छ। आर्थिक रूपले विपन्न, असहाय र दलित समुदायका वालबालिकाको लागि बिषेश कार्यक्रम लागु गारिनेछ।

## ३.७.प्रमुख क्रियाकलापहरू तथा नतिजा (Major Activates and Target)

**तालिका ३.३: माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ईकाइ | परिमाण | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | - | १ | | १ | १ | १ | निरन्तर |
| २ | विद्यालय सेवाक्षेत्रको सिमाङ्कन गरी हरेक माध्यामिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरु भर्नाको सुनिश्चतताकालागि विद्यालय नक्साङ्कन ,पुनर्वितर्ण तथा समयोजन र स्थापना | पटक | ५ | - | १ | १ | १ | १ | ४ | १ |
| ३ | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, ईन्जिनियरिङ, कला र गणित शिक्षा जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धीत गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययानका लागि अवसर बढाउने | विद्यालय | ४४ | - | ४४ | ४४ | ४४ | ४४ | ४४ | निरन्तर |
| ४ | प्राविधिक धारको शिक्षाको स्वरूप, समरचना, मापदण्ड तथा पाठ्यक्रम समायोजन तथा परिमार्जन सङ्घ र प्रदेशका आधारमा कार्यन्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षक योग्यताको मापदण्ड र दरवन्दी निर्धारणका मामदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | विद्यालय | ४४ | - | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ६ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था गर्ने | बिद्यालय | ४४ | २५ | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ७ | माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक शिक्षाको प्रवन्ध गर्ने | टोलमा | ३० | - | ७ | ३० | ३० | ३० | ३० | निरन्तर |
| ८ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षा कोठा, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, खेराबार, करेसाबारी) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गरी पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामाग्री विकास तथा अद्यावधिक गर्न पहल गर्ने | प्रतिशत | १०० | २५ | ५० | ७५ | १०० | १०० | १०० | |
| | | कक्षा | | १र१० | ११ र १२ | ९ र १० | | | ९ र १२ | |
| ९ | विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | प्रतिशत | १०० | २५ | २५ | २५ | २५ | | १०० | |
| | | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | पटक | १० | - | ३ | २ | २ | २ | ९ | निरन्तर |
| ११ | विव्यस, पिटिय पदाधिकारीको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | माध्यामिक विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगाएतका परिस्थति प्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा अध्यावधिक गर्ने | पटक | ५ | - | १ | १ | १ | १ | ४ | १ |
| १३ | माध्यामिक शिक्षा सिकाइका लागि सूचना तथा संचार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक सम्रचना, सामग्री तथा शिक्षकको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | शिक्षक तयारी, विकास र सहायता कोर्ष तथा कार्यक्रम विकास तथा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १५ | प्रणालीको पुनसम्रचना | पटक | १ | - | १ | - | - | - | १ | |
| | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | प्रतिशत | | ५० | ५० | १०० | १०० | १०० | १०० | |
| | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | संख्या | | २० | ८० | २०० | ३०० | ४०० | १००० | |
| १६ | निशुल्क शिक्षाको सुनिश्चितता लागि पाठ्यपुस्तक | कक्षा | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १७ | आर्थिक नीति विपन्नका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा ईत्यादिका लागि छात्रवृत्ति | संख्या | २०३० | ८० | १०० | १५० | २०० | ५०० | १०३० | निरन्तर |
| १८ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृतगर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | निरन्तर |
| | | प्रतिशत | | ४० | ८० | १०० | १०० | १०० | १०० | |
| १९ | माध्यामिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | सबै | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | निरन्तर |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.४१. परिचय

विकास र समृद्धि मूलतः उपलब्ध प्राकृतिक स्रोत साधन र क्षमता र दक्षता भएका जनशक्तिमा निर्भर गर्दछ।विकासलाई शिक्षासँग नजोड्ने र शिक्षालाई विकाससग नजोड्ने हो भने हाम्रो शिक्षा प्रणाली केवल शिक्षित बेरोजगार उत्पादन गर्ने कारखानाको निरन्तरता मात्रै हुनेछ । हाम्रो शिक्षा प्रणालीलाई सम्रचनागत नीति बदल्न अनिबार्य छ। हाम्रो शिक्षा प्रणाली मौलिकतामा आधारित साधन स्रोत परिचालन र उपयोग गरी विकासका लागि साधक बन्नु आवश्यक छ । समृद्ध नगरपालिका बनाउन नगरपालिकामा उपलब्ध सामर्थ्य र मौलिकतामा आधारित बनाउन शिक्षामा समेत पुनसम्रचना आवश्यक छ । जुन मुलुकले आफ्नो मुलुकमा रहेका स्रोत साधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन र आजको भूमण्डलीकरणको युगमा युग अनुकूलको नागरिक सनिर्माण गर्न सक्दैन त्यो मुलुक पनि विकासको दौडमा पछाडि पर्ने निश्चित छ । शिक्षालाई सिप सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न थप चुनौती हुने देखिन्छ।

नेपालको सन्दर्भमा लिच्छवी कालदेखि नै अनौपचारिक नीति सिकेका सिपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ । त्यस्तैगरी मल्लकालमा आएर सिपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ । शाहकालीन तथा राणाकालीन समयमा पनि कालीगढी व्यवसायले व्यापकता पाएको र बेलाईतबाट कालीगढहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो। औपचारिक नीति प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरूवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरू भएको हो । यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार गरीसकेको छ ।

कर्णाली प्रदेशको खाँडाचक्र नगरपालिकालाई जल, जमिन, जङ्गल र जडीबुटीको भर्जिन ल्याण्ड नै मान्न सकिन्छ । यिनी प्राकृतिक स्रोत साधनमा आधारित पाँच “ज” - जल, जमिन, जङ्गल, जडीबुटी र जैविक विविधता) हरूको उपयोग र परिचालन गर्न सक्ने अर्को “ज“ - जनशक्ति) आवश्यक्ता पर्दछ। तसर्थ जनशक्तिको उत्पादन र विकासबाट मात्र विकास र समृद्धिको दिर्घकालिन रोडम्याप तय गर्न सकिन्छ। खाँडाचक्र नगरपालिकामा रहेको क्याम्पस प्रबिधिक बिद्यालयहरू हाल संचालीत शैक्षिक प्राज्ञिक कार्यक्रमहरूले स्रोत साधनमा आधारित प्राविधिक र व्यवसायिक जनशक्ति उत्पादन र विकासको आवश्यक्तालाई सम्बोधन गर्न मौंजुदा सम्रचना र व्यवस्थापनले थेग्न सकिने देखिदैन भने विद्यालय स्तरको शिक्षादेखि नै स्रोत साधनको उपयोग गर्न सक्ने न्युनतम ज्ञान, सिप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न जरूरी छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सिप र दक्षता सहितको श्रम शिक्षा हुनुपर्छ। शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशिलतामा आधारित श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी हुन सक्ने हुनुपर्छ।यसका लागि राज्यको केन्द्रीय, प्रान्तीय र स्थानीय सम्रचनाको लगानी र भूमिका महत्त्वपूर्ण हुन्छ। माध्यामिक तहलाई श्रम शिक्षाको नीति विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ ।

### ३.४.२ चुनौती तथा अवसर

यस खाँडाचक्र नगरपालिकाको भौगोलिक बनावट र मानव वस्तीको अवस्थाका कारण प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु,शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणाली सम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उधमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने, प्राविधिक र व्यवसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम सञ्चालनका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्नु,प्राकृतिक स्रोत

साधनमा आधारित प्राविधिक र व्यवसायीक शिक्षा अगाडि बढाउन आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राबिधिक र व्यवसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यन्वयनको लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परगत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्तगर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन ।

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरूको चासो बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षा सङ्घ र प्रदेशसरकारको समन्वयमा उपलब्ध प्राकृतिक स्रोत साधनहरू (जल, जङ्गल, जमिन, जडीबुटी, जैविक विविधता,पर्यापर्यटन र हिमसार) लाई आधार वनाएर विद्यालय तथा विश्वविद्यालयस्तरमा शिक्षण कार्यक्रम सञ्चालनमा ल्याउने र निम्न मध्ययम र उच्चस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने संभावना हुनु,जैविक विविधताको अधिकतम उपयोगमार्फत प्राविधिक शिक्षाको हबका नीति  विकास गर्न सकिने संभावना हुनु, सीटिइभिटी अन्तरगतका विभिन्न तहका सिपमूलक र उद्यमशीलमा आधारित व्यवसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, खाँडाचक्र नगरपालिकाले प्राविधिक शिक्षालयहरू र पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना मार्फत प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनु यस क्षेत्रका प्रमुख अवसरको नीति रहेका छन् ।

## ३.३ लक्ष्य

खाँडाचक्र नगरपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन गरिनेछ ।

## ३.४ उद्देश्य

३.४.१. खाँडाचक्र नगरपालिकामा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सिपयुक्त स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु

३.४.२. प्राविधिक,व्यवसायिक र सिपमूलक शिक्षामार्फत शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु।

३.४.३  खाँडाचक्र नगरपालिको स्रोत साधनमा आधारित उद्योग, व्यवसाय, ररोजगारी मार्फत आर्थिक विकास र समृद्धिमा टेवापु¥याउनु ।

३.४.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम सिपयुक्त र उद्धमशील जनशक्ति तयार गर्नु ।

३.४.५. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

## ३.५ रणनीति

३.५.१ राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्प्रर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू सबैलाई प्रदान गरिने ।

३.५.२. प्राविधिक ताथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गरिने ।

३.५.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गरिने

३.५.४.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले तयार गरेका प्राविधिक र व्यवसायिक धारका पाठ्यक्रमहरूलाई नगरपालिकाको मौलिकता अनुकूल रूपान्तरण गर्न प्राविधिक तथा व्यवसयिक शिक्षा पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिने ।

३.५.५. खाँडाचक्र नगरपालिकामा माध्यमिक विद्यालयहरूलाई आगामी पाँच वर्षभित्र कम्तिमा ५ वटा प्राविधिक धारको शिक्षा प्रदान गर्नेगरी सङ्घ र प्रदेश सरकार सँग आवश्यक समन्वय र सहजीकरण गरिने ।

३.५.६. नगरपालिकामा कम्तिमा एक वटा प्राविधिक र व्यवसायिक धारको नमुना माध्यमिक विद्यालय स्थापना गर्न यसका लागि सङ्घ र प्रदेश सरकार सँग समन्वय गरिने ।

३.५.७. प्राविधिक र व्यवसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा प्राविधिक क्याम्पसस्थापना गर्नसङ्घ र प्रदेश सरकार सँग समन्वयगरी प्राविधिक र व्यवसायिक शिक्षाको उच्च स्तरको जनशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्ने रणनीति अख्तियार गरिने।

३.५.८. प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रमलाई व्यवस्थित नीति सञ्चालन गर्नका लागि नगरपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा व्यवस्थापन समन्वय एकाई गठन गरी प्राविधिक तथा व्यावशायिक शिक्षालाई थप प्रभावकारी बनाउने।

३.५.९. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यकजनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरूसँग सहकार्यगर्नुका साथै उनीहरूको क्षमता विकासमा जोड दिने।

## ३.६ प्रमुख उपलब्धि तथा नतिजा

नगरपालिका कम्तिमा एकवटा प्राविधिक तथा व्यवसायिक धारको नमुना माध्यमिक विद्यालय स्थापना भएकोहुनेछ । सबै माध्यमिक विद्यालयहरूलाई अनिवार्यनीति क्रमशःसाधारण र प्राविधिकधारको कार्यक्रम सञ्चालनगर्दै लगिएको हुनेछ। उच्चप्राविधिक शिक्षा हासिल गर्नका लागि नगरपालिकामा प्राविधिकधारको एक बहुप्राविधिक क्याम्पस सञ्चालनमा ल्याएको हुनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रममापिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि हुनेछ। प्राविधिक तथा व्यावसयिक शिक्षा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हुनेछ, एक नमुना प्राविधिक शिक्षालयको नीति तथा कार्यक्रम अख्तियार भएको हुनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थापन गर्नका लागि नगरपालिकामा प्राविधिक शिक्षा विकास समन्वय एकाईसञ्चालनमा ल्याइनेछ।

## ३.५ अनौपचारिक शिक्षा, आजिवन सिकाइ

### ३.५.१ परिचय

न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबीचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ । वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०६८ मा पुग्दा नेपालमा ६५.९ प्रतिशत पुगेको अवस्थामा कर्णाली प्रदेशमा ५८.२ प्रतिशत व्यक्तिहरू साक्षर भएको अवस्था हो । एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ । हालसम्म ५२ जिल्लाहरू साक्षर जिल्लाका नीति घोषणा भइसकेका छन् । नेपाल सरकारले आर्थिक वर्ष २०७७।०७८ को बार्षिक बजेटमा आगामी दुई वर्षभित्र साक्षर नेपाल घोषणा गर्ने कार्यक्रम अगाडि ल्याएको छ । कर्णाली प्रदेश सरकारले समेत आगामी दुई वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाँकी पाँच वटा जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको अवस्था छ ।

साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरीएतापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरीरहेको अवस्था छ । देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरीरहेका छन् भने नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयीय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् । शिक्षालाई प्राभाकारी बनाउनको लागि र सबैका लागि शिक्षा अनिबार्य पहुँचमा ल्याउनको लागि शिक्षा नीतिले तथा संबिधानमा भएकको व्यवस्था लाई कार्यन्वयन गर्नेका लागि शिक्षाको पहुँच भन्दा बाहीर रहेका नागरिकको लागि शिक्षाको पहुँचमा ल्याउन नेपाल सरकारले दुर शिक्षा र खुल्ला विश्व बिद्यालय द्वारा विभिन्न कार्यक्रम तथा शिक्षण क्रियाकलाप सञ्चालन गदै आइरहेको छ । यसले गर्दा समय कम भएका बिधार्थीका लागि सहज भएको छ । दुर शिक्षा लाई ब्यबस्थित बबनाउनको लागि नगरपालिका बाट पनि पहल तथा विभिन्ना कार्यक्रम सञ्चालन भइरहेका छन् । रेडियो टेलिभिजन विभिन्न मल्टीमिडीयाको सहायताले प्रत्यक्ष नीति त्यही ठाउँमा पुग्ने शिक्षा भएकोले यसको प्रभावकारीता को लागि विभिन्न रणानीति अबनाएको छ । समाजमा सन्देश मूलकनीति प्रसारण हुने जिङगल,रेडियो शिक्षा कार्यक्रम, अभिभाबकक शिक्षा कार्यक्रम कोभिड १९ कका कारण दुर तथा खुला शिक्षाको प्रयोग प्रभावकारी झन बढेको देखिन्छ । बिद्यालय बन्द भएका बेला रेडियो इन्टनेट र टेलीभिजनाको माध्यम बाट पढाइलाई निरन्तरताको लागि रेडियो शिक्षा कार्यक्रम प्रभावकारी भई शिक्षालाई निरन्तरता दिइयो । आगामी दिनहरूमा पनि दुर तथा खुल्ला शिक्षालाई प्रभावकारी नीति प्रयोग गर्नको लागि विभिन्न किसिमको रणनीति लिएको छ ।

चुनौति तथा अवसर

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, नगरपालिका घोषणा गर्नु, अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपाचरिक शिक्षालाई नविनतम प्रविधिसँग तादम्यता गर्नु, समाजमा पठन संस्कृतिको विकास गर्नु, निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सिपसँग जोडेर प्रदान गर्नु, विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिबृद्धि गर्नु आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन् । साक्षर जिल्ला घोषणा हुन बाँकी जिल्लाहरूमा साक्षरताका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । साक्षर घोषणा भएका जिल्लाहरूमा निरन्तर शिक्षा तह एक र दुईका कार्यक्रमहरू सञ्चालनमा छन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरीदै आएको छ । उच्च तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिबृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

### ३.५.२ लक्ष्य

जीवनपर्यन्त, साक्षरता, अनौपचारिक र खुला शिक्षाको माध्मबाट विद्यालय तथा विश्वविद्यालयबाट बाहिर रहेका व्यक्तिहरूका लागि समय सुहाउँदो शिक्षा प्रदान गरी उत्पादनशील र प्रतिस्पर्धी मानवश्रोतको विकास गर्ने .

### ३.५.३ उद्देश्य

३.३.१ सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्न,

३.५.२ युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्नु र पढ्ने बानीको विकास गराउने,

३.५.३ औपचारिक शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरूलाई खुला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्न,

३.५.४ नगरपालिकालाई पूर्ण साक्षर प्रदेश तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न,

३.५.५ सवै नागरिकका लागि जीवनपर्यन्त, साक्षरता अनौपचारिक शिक्षाको अवसर सुनिश्चित गर्नु ।

३.५.५ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्न ।

### ३.५.४ रणनीति

३.५.४.१ साक्षरता कार्यक्रमलाई प्रभावकारी बनाउन सार्वजनिक स्थानहरूमा अक्षर वा सन्देशमूलक सामग्रीहरूको लेखन, भर्चुअल नेटवर्क (मोबाइलको प्रयोग), आदि मार्फत पहिचान गरएिको निरक्षर व्यक्तिलाई साक्षेरीकरण गर्न

३.५.४.२ साक्षरता अभियान र जीवन पर्यन्त सिकाइ कार्यक्रमलाई स्वयंसेवी नीति  परिचालन गर्ने।

३.५.४.३ अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न सहजीकरण गर्ने,

३.५.४.४ साक्षरता, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ कार्यक्रमलाई पेशा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्धता गरिने,

३.५.४.५ पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि नगर पुस्तकालय स्थापना गरी सार्वजनिक पुस्तकालयका नीति  सञ्चालन गर्ने,

३.५.४.६ पुस्तकालय तथा सामुदायिक वाचनालयहरूको विस्तार गरी निरन्तर शिक्षा कार्यक्रमको स्तरोन्नति गर्ने,

३.५.४.७ जीवनपर्यन्त शिक्षाको प्रमुख संयन्त्रका नीति सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभाकारी नीति  परिचालन गर्न

३.५.४.८ रोजगारी र सिप विकासलाई जोड दिने वृतिमा आधारित कार्यक्रमको विकास र कार्यान्वयन गर्न सहयोग गर्ने,

३.५.४.९ समन्वयात्मक नीति साक्षरता तथा साक्षरोत्तर कार्यक्रमको विकास, योजना तथा कार्यान्वयन गरिनेछ ।

३.५.४.१० नागरिक समाज जस्ता प्राथमिक सरोकारवालाहरूलाई नगरपालिका सँग समन्वय गर्ने गरी राष्ट्रिय स्वयम् सेवा अभियान सञ्चालन गर्ने,

३.५.४.११ आगामी दुई वर्ष भित्र नगरपालिकालाई साक्षर नगरपालिकाको नीति  पूर्ण साक्षर नगरपालिका घोषणा गरिनेछ ।

३.५.४.१२ साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने,

३.५.४.१३ परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहूँच अभिबृद्धि गर्न सहजीकरण गर्ने,

३.५.४.१४ नगरपालिका भित्र सबै स्थानीय तहमा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूलाई सिकाइको श्रोत केन्द्रको नीति विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने ।

३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

योजना अवधिमा नगरपालिकाको साक्षरता दर राष्ट्रिय स्तरको साक्षरताको सूचकमा पुगेको हुने छ । आगामी दुई वर्षभित्र साक्षर नगरपालिका घोषणा भएको हुने छ । प्रदेश र नगरपालिका स्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुने छन् ।

## ३.८.२ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.६: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | परिमाण | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसको आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराइ अभिमुखीकरण गर्ने | पटक/स्थान | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | बिद्यालय र समुदाय बीचको लागत सहभागिताको प्रारूप तयार गर्ने तथा अध्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने वार्षिक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | सङ्घ र प्रदेश सरकारको नेपाललाई साक्षर घोषणा गर्ने लक्ष्य हासिल गर्न नगरपालिका लाई २ वर्ष भित्र साक्षर घोषणा गर्ने र आवश्यकमा आधारित साक्षरोत्तर शिक्षा कार्याक्रम सञ्चालन गर्ने | बिद्यालय | | ३९ | ३९ | √ | √ | √ | ३९ | निरन्तर |
| | | समुदायमा | | ४० | | √ | √ | √ | | |
| ५ | स्थानीय मागका आधारमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्ने | स्थान | ५ | २ | १ | ० | १ | १ | ५ | |
| ६ | सामुदायिक पुस्तकालयहरूलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने | वडामा | ५ | ० | १ | २ | १ | १ | ५ | |
| | | पुस्तकालय | ११ | २ | २ | २ | २ | ३ | ११ | |
| ७ | समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप कार्यक्रम सञ्चलन गर्ने त् | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| ८ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणको व्यवस्था | केन्द्रमा | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | सामुदायिक सिकाइ केन्द्रमा सहजकर्ताको व्यवस्था तथा सहयोगीको व्यवस्था गर्ने | जना | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ९ | सङ्घ, प्रदेश सँग समन्वय संयन्त्र विकास गर्ने | पटक | १ | १ | - | - | - | - | १ | १ |
| १० | समुदायमा आधारित संस्था तथा बालविकास केन्द्रसँग सहकार्य गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास (मौलीक तथा परम्परागत ज्ञान सहित) र डिजिटलाईज्ड | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइन डिजिटल सामाग्री, डिजिटल प्लेटफर्म विकास र सञ्चालन) | मोडयुल | ५ | ० | ० | १ | १ | १ | ३ | निरन्तर |
| १३ | राष्ट्रिय योग्यता प्रारूप अनुसार योग्यता प्रमाणीकरण तथा समकक्षता सम्बन्धी कार्यविधि तयार गर्ने। | पटक | १ | ० | ० | १ | ० | ० | १ | |
| १४ | सिकाइ सामाग्री र सिकाइको प्रमाणीकरणको व्यवस्था गर्ने । | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १५ | संस्थागत प्रवन्ध (मापदण्ड, नमुना मोडयुल, सामाग्री विकास, समन्वय र सहजीकरण लगायतका लागि नगरपालिकाका फोकल प्वाईन्टको व्यवस्था) | पटक | १ | ० | ० | १ | ० | ० | १ | निरन्तर |
| १६ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, धार्मिक प्रकृतिका विद्यालय लगायतका संस्थाहरू संस्थागत क्षमता विकास गर्ने। | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १७ | जेष्ठ नागरिक, श्रमिकका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको प्रवन्ध गरिनेछ। | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १८ | नजिकका पायक पर्ने मा.विका प्रधानध्यापक र स्रोत व्यक्ति वा अन्य सरोकारवाल निकाहरुवाट अनुगमन गर्ने व्यवस्था गरिने छ। | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |

# परिच्छेद – ४

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारीक शिक्षा पद्धतिमा पाठ्यक्रमद्धारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा संचालित हुनु पर्दछ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरा सँग मात्र सम्बन्धीत नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गगर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट ब्यक्तिलाई समाज तथा विश्व परिवेश अनूकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । फेरी पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरएिको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकरण सहित आत्मसात् गर्न, विभेदरहीत, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न आफ्नो र अरूको अधिकार र कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ । यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्ग दर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनु पर्दछ । मानविय आवश्यकता, बालबालिका रूची, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका नीति  लिनु आवश्यक छ ।

यस खण्डमा नेपालमा विद्यालय तह (बालविकास तथा शिक्षा देखि कक्षा १२ सम्मको) पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी वर्तमान अवस्थाको समिक्षाको आधारमा चुनौतीहरू पहिचान गरएिको छ । पहिचान गरएिको चुनौतहीहरूलाई सामना गरी यस योजना अवधिमा पाठ्यक्रमलाई अझ सान्दर्भिक बनाउन यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी यस योजनाको उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा, मुख्यमुख्य कार्यक्रम तथा लक्षहरू उल्लेख गरएिको छ ।

### ४.१.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरएिको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रवन्धका नीति  शिक्षा मन्त्रालय अन्र्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको सम्प्रचनाको निरन्तरता सँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्धारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेका नीति  वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको सुरू गरीयो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १–१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६  अनुरूपको पाठ्यक्रममा कतिपय नयाँ विषय क्षेत्र तथा विषयवस्तु समावेश, वर्तमान परिवेशमा उपयोगी नभएका विषय तथा विषयवस्तुलाई परिमार्जन तथा प्रतिस्थापन र शिक्षण सिकाइका विकसित तथा नविनतम दृष्टिकोण, विधि  तथा तरिकाहरूको पहिचान गरएिको छ । यस प्रारूप तथा यस अनुरूपका पाठ्यक्रमका विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा अन्तर सम्बन्धीत विषयवस्तुलाई एकीकृतगरीएको, व्यवहार कुशल तथा जीवन उपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिईएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, ईतिहास, प्ररम्परा सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवन सँग सम्बन्धीत गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरएिको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै

गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाष, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनउपयोगी तथा व्यवहारकुशल सिपका नीति एकीकृतगर्नुका साथै सिकाइको माध्यमका नीति प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा नागिरकताको शिक्षा दिने, विद्यालय तह पूरा गरेपछी पेसा, व्यवासाया तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्नि ऐच्छिक विषयहरू समावेश गरीको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरएिको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वियन गरएिको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा ( Credit Based) मा निर्धारित गरएिको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरएिको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सो अनुरूप विकास गरएिको पाठ्यक्रमका उल्लिखित परिर्वतन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ । यसका लागि शिक्षकको तयार, क्षमता विकासको अवसर उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाई सान्दर्भिक तथा उपयोगी बनाउन अध्ययन तथा अनुसन्धानका नतिजामा आधारित बनाउन सकिएको छैन । विद्यालय तहको कक्षा ९ देखी नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरूरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

शिक्षक सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरीसकेपछी पनि निश्चित अवधिमा शिक्षकको पेसागत विकास (TPT) तालिम लिनुपर्ने प्रावनधानबाट शिक्षण सिकाइमा सुधारका प्रयास गरएिको छ ता पनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारीता तथा शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वियन आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कान पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरूवात गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास गरएिको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइमा निरन्तर पृष्ठपोषण तयार गरी सिकाइ सुधार तयार गर्ने कार्यमा प्रभावकारी नीति प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १० र ११/ १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनिय बनाउनु पर्ने छ । त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धी कार्य चरणबद्ध नीति भईरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका आधारका नीति प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुर्याउनका लागि मूल्याङ्कन प्रारूपको विकास तथा कार्यान्वयन गर्न पर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन ।

मातृभाषा तथा स्थानीय विषय शिक्षाका लागि कानुनी तथा नीति गत आधारहरू तयार भई मौलिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै नगरपालिकाले तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरएिको छ । सम्बन्धीत शिक्षा वि विषयका यथेष्ट नीति विज्ञ पहिचान परिचालन गरी स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र समरचना प्रभावकारी हुन सकेका छैनन् ।

प्राविधिक माध्यामिक शिक्षा केही प्ररम्परागत शिक्षा तथा स्थानीय पाठयक्रम बाहेक अन्य सबै विषयमा पाठ्यक्रम अनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठयक्रम विकास केन्द्रले सम्बन्धीत विषय शिक्षक तथा विज्ञहरूबाट लेखाई मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निज मुद्रक तथा वितरक बाट विद्यालयमा बिक्रि वितरण हुने व्यवस्था रहेको छ । नेपाल सरकारले स्थानीय तह मार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १-१० मा अध्यायन गर्ने सबै विद्यार्थीले निःशुल्क नीति पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । विकल्पविहिन र प्रतिस्पर्धा विना तयार हुने यस्ता पुस्तकहरूमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई निर्कान सकिन्न । विगत केही वर्ष देखि कक्षा १-३ प्रराम्भ गरी कक्षा १-५ सम्म पुर्याइएकोरङ्गीन पाठ्यपुस्त छपाई गर्ने कार्य २०७६

देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाईका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरएिको छ। यसका लागि पुस्तक डिजाइन र मुद्रणमा सुधार आवश्यक देखिन्छ। त्यसैगरी स्पेसिफकेसन अनुसारको कागज तथ मुद्रणको गुणस्तर सुनिश्चत गर्नु उत्तिकै आवश्यक छ। यसले गर्दा नगरपालिकाका बिधार्थीहरूका लागि सिकाइ सहजीकरणमा टेवा पुग्ने अबश्य देखिन्छ।

अधिकाङ्स संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्धारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका नीति प्रयोग गर्ने प्रयोजनका लागि सूचिकृत पुस्तक मध्येबाट छनोट गरी पाठ्यपुस्तकका प्रयोग गरीरहेका छन्। विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीति गत व्यवस्था भएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले पनि सोही कुरा उल्लेख गरेको र यस सम्बन्धमा निर्देशकामा प्रक्रिया उल्लेख गरीए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन। निजी क्षेत्रका प्रकाशक द्धारा प्रकाशित पुस्तकहरूमा पनि प्रतिस्पर्धात्मक नीति  पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मान भई सबैलाई सूचिकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरू पनि प्रयोग हुनसक्ने देखिन्छ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तक बाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतिय प्रति वेवसाईटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाइ कार्यक्रम मार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाइसम्बन्धी सन्दर्भ सामग्रीहरूको कार्यक्रम लागु भएका विद्यालयमा पुर्याइएकोछ। अधिकांश वाल सन्दर्भ सामाग्रीहरूको उपलब्धता र प्रयोग सिमित छ भने कति पय सामग्री अद्यावधिक गर्नु पर्ने पनि छन्। यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १–५ का लागि विभिन्न २७ मातृभाषका पाठ्यपुस्तकहरू तयार गरेको छ। कक्षा १–३ का लागि अन्य विषयका पाठ्यपुस्तकहरू पनि तयार गरेको छ। एकातिर सिमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामग्री विकासमा चुनौती रहेको छ भने अर्कोतिर मातृभाषाका पाठ्यसामग्री प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन।

खाँडाचक्र नगरपालिकाकाले कक्षा १ देखी ८ सम्मका नगरपालिकाले स्थानीय परिवस रीतिरिवाज चालचलन धार्मिक र ऐतिहासिकताका आधारमा बार्षिकनीति  स्थानीय पाठ्यक्रम बनाएर लागु भइरहेको छ।  अरू सबै तहका पाठ्यपुस्तकहरू पाठ्क्रम विकास केन्द्रले तयारपारि देश भर एकरूपता ल्याइरहेको छ। पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतियप्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेवसाईटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतिय सिकाइ पोर्टल ( E– learning portal) मा उक्त सिकाइ सामग्रीहरू राखिएका छन्। माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेवसाईटमा राखिएका छन्। मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाईन, अफलाईन, मुद्रित..) मा पाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्सस्था कोभिड–१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अपर्याप्ततता देखाइएको छ। सधैँ आमने सामने विधिमा मात्र भर नपरी शिक्षण सिकाइ तथा मूल्याङ्कनका क्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको छ।

विद्यालय क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी प्रारम्भिक कक्षाहरूमा एकीकृत ढाँचा सहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने, गणित, विज्ञान तथा अङग्रेजी विषयमा केही डिजिटल सिकाइ सामग्री तयार गर्ने, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने, विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषा सम्बन्धी नीतिगत स्पष्टता गर्ने, प्रारम्भिक पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामग्री जस्ता कार्यक्रमहरू समावेश गरीएअनुसार लक्षित कार्यक्रम सम्पन्न भएका छन्। जीवनपर्यन्त सिकाइ कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने कार्य राष्ट्रिय योग्यता प्रारूप मार्फत व्यवस्थित गर्ने प्रस्ताव गरएिकोलेले यस अनुसार कार्यान्वयनको विस्तृत खाका तयार गरी कार्यान्वयन प्रारम्भ गर्नु पर्ने आवश्यक देखिन्छ।उल्लिखित विश्लेषणका आधारमा विद्यालय तहको पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरू पहिचान गरएिको छ।

१. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास
३. सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण
४. पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता

५. पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने

६. बालबालिकाको सिकाइलाई माध्यम भाषाको कारण अवरोध नहुने गरी छनोट, विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसरा मातृभाषा, स्थानीय भाषा, बुहुभाषा प्रयोग

७. विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन

८. अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा प्रर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु

९. पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तकको नीतिको कार्यान्वयन

१०. शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धि

११. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्य सम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउने

१२.योग्यता प्रमाणीकरण लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान (राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन)

१३.सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको बैकल्पिक विधिको प्रयोग

१४. पाठ्यक्रम विकास, परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कन गर्दा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितताको ।

**४.१.३ उद्देश्य**

१.पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु,

२. अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु,

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धीत गरी सिकाइ क्रियाकलाप सञ्चानल गर्नु,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारूमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु,

५. सिकारूका सिकाइ समस्याको समधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ४.१.४ रणनीतिहरू

१. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम, र प्रतिस्पर्धी नागरिक तयार गर्ने पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाईने छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने।

२. स्थानीय तहको विद्यालय शिक्षामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्राप्त जिम्मेवारी अनुसार पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं कार्यान्वयन,शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गरिने।

३. ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यवहारिक बनाउँदै लैजान्का लागि यसै क्रममा विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गर्न पहल गरिने।

३. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहमाथिता मूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफादेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका नीति कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ। विकास गरएिको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधिकरण गरिने।

४. सङ्घ र प्रदेश सरकार तहबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक सम्प्रचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनका लागि पहल गरिने।

५. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरे अनुसार प्रदेश तथा स्थानीय सरकारको विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार बनाइनेछ।

६. वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी देशमा पर्न सक्न् विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको सम्प्रचनागत सुधार गर्ने, शिक्षकको पेशागत सक्षमता विकास गर्ने र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाईदै लगिने।

७. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजिटाईज अनलाईन सिकाइ पोर्टलमार्फत् र हात हातमा पुग्ने गरी सर्वसुलभ गराइने।

८. पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजिवी, शिक्षा प्रेमी, परम्परागत ज्ञान र सिपको ज्ञाता तथा अनुसन्धेता आदिको सहभागिता र भूमिका वृद्धि गरिने।

९. पाठ्यपुस्तक गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गर्नाका लागि पहल गरिने।

१०. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्न शिक्षकका पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिने।

११.प्ररम्परागत नीति प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित, लैङ्गीक तथा अपाङ्गता मैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहमागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने।

१२.बालबालिकाको सिकाइलाई भाषाका कारण अवरोध नहुने गरी स्थानीय भाषा छनोट गरिने छ। यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने।

१३. विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षणसिकाइ अनुरूपाका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाईदै लगिने।

१४. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाईने।

१४. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने ( Meantoring and Coaching ) व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकारूको शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता अभिवृद्धि र सिकाइ उपलब्धिमा सुधार गरिने

१५. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत नीति प्रविधिमा आधारित शिक्षणसिकाइलाई परीक्षणमा ल्याईने।

१६. प्रत्येक सामुदायिक विद्यालयमा एक–एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग, थप ज्ञान सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने ।

१७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोलाई व्यवस्थित गर्न नगरपालिका तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवार जवाफदेही बनाईने छ र भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोष निर्माण तथा लेख्य प्रम्पराको विकास गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरी स्थानीय पाठ्यक्रम विकास गरिने ।

१८. नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयनका लागि आवश्यक सम्रचना विकास गरी समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यदल बनाइ त्यसलार्ई व्यवस्थित गरिने ।

१९. अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न पहल गरिने ।

२०. सिकारूको सिकाइ उपलब्धिप्र्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृद्धिविकास सँग आवद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने ।

२१. आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcome)**

१. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

**ख) नतिजा (Result)**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बाल विकास शिक्षादेखी कक्षा १२ सम्मका पाठ्यक्रम विकास तथा कार्यान्वयन हुने ।

२. कक्षा १–३ मा व्यवहारकुशल सिपहरू सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृतपाठ्यक्रम कार्यान्वयन हुने ।

३. कक्षा १–८ सम्म सबै विद्यालयमा सम्बन्धीत स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन हुने ।

४. प्रारम्भिक बाल विकास शिक्षा देखि आधारभूत तहसम्म विशेषत कक्षा १–३ मा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण हुने ।

५. बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार हुने ।

६. कक्षाकोठा सिकाइको अभिन्न अङ्गका मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने ।

७. पाठ्यसामग्रीहरू अपाङ्गमैत्री तथा सामाजिक–सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने ।

८. सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय समाग्रीको प्रयोग, सान्दर्भिक तथा प्रभावकारी हुने ।

९. पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितत्मक हुने ।

१०. पाठ्याक्रम परिमार्जन तथा सुधार अुनसन्धानमा आधारित हुने ।

११. पाठ्यक्रम कार्यान्वयनकालागि नतिजा अर्थात् विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व वहन  हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ( Major Activities and Target )

**तालिका ३.४: पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ईकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन | | | | | | | | |
| | नमुना पाठ्यपुस्तक विकास तथा परीक्षण | कक्षा/विषय | कक्षा ४, ७ र ९ (विषय | कक्षा ५ (विषय १२) | | | | | |
| | पाठ्यक्रम कार्यान्वयन | कक्षा/विषय | | कक्षा ४, ७ र ९ (विषय १७) | कक्षा ५, ८ र १० (विषय १७) | | | | |
| | शिक्षक निर्देशिका विकास | कक्षा/विषय | | | कक्षा४, ७ र ९ (विषय १७) | | | | |
| | नमुना साधन विकास | कक्षा/ विषय तथा तह वा स्थान | | कक्षा ४, ७ र ९ (विषय १७)÷ ७६१ | कक्षा ५, ८ र १० (विषय १७)/ ७६१ | | | | |
| २ | कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास र प्रबोधिकरण (पृष्ठपोषण र अभिलेखनसमेत | | | | | | | | |
| | समस्या तथा विकल्प पहिचान र सम्प्रचना तयारी | | पटक | १ | | | | | |
| | पाठ्यक्रम समायोजन परिमार्जन तथा विकासका लागि पहल कदमी | | विषय क्षेत्र | | ६ | | | | |
| | पाठ्यसामग्री समायोजन, परिमार्जन तथा विकासका लागि पहल | | विषय क्षेत्र | | | ६ | | | |
| | प्रयोगात्मक कार्यविधि विकासका लागि पहल गर्ने | | विषय क्षेत्र | | ६ | | | | |
| | पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधिकरण | | पटक तह | | | ७ | | | |
| | पाठ्यक्रम समायोजन, परिमार्जन तथा विकास पहल गर्ने | | कक्षा/विषय | १ देखि ५ | ६ देखि ८ | ९ र १० | ११ र १२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यसामग्री, शिक्षक स्रोत सामग्री समायोजन, परिमार्जन तथा विकास | | कक्षा/विषय क्षेत्र | | १ देखि ५ क्षेत्र ३ | ६ देखि ८ क्षेत्र ३ | ९ र १० क्षेत्र ३ | ११ र १२ क्षेत्र ३ | |
| | पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधिकरण | | कक्षा/तह | | १ देखि ५/७६१ | ६ देखि ८ /७६१ | ९ र १०/७६१ | ११ र १२ /७६१ | |
| ३ | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकीकरण का लागु सुझाब | | | संख्या | २ | | | | |
| ४ | डिजिटल सामग्री | | | पद्धति | | | | | |
| | विभिन्न विषयमा विद्यार्थीका लागि नमुना डिजिटल अन्तरक्रियात्मक सामग्री विकास गर्ने | | कक्षा/विषय | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | |
| | पाठ्यक्रम विकास केन्द्रद्धारा विकास गरएिको सम्पूर्ण सामग्रीलाई डिजिटलाईज गरी केन्द्रको ई–पुस्तकालयमा व्यवस्थित गरी सर्वाजनिक महुँच हुने गरी राख्ने | | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | पाठ्यपुस्तक | | | | | | | | |
| | निःशुल्क पाठ्यपुस्तक उपलब्धिमा प्रभावकारी गराउने | | कक्षा/ विषय | १–१० | १–१० | १–१० | १–१० | १–१० | |
| | पाठ्यपुस्तकको बहुबर्षे प्रयोगको परीक्षण | | कक्षा/विषय | तयारी | तयारी | परीक्षण कक्षा८ ६, ४ र ९, ६ विषय | परीक्षण नतिजाका आधारमा रणनीति तयार | एउटा कक्षामा रणनीति कार्यान्वयन | |
| ५ | पाठ्यक्रम मूल्याङ्कन | | | | | | | | |
| | अनुसन्धान तथा मूल्याङ्कन | तह/कक्षा | | | | १ | १ | | |
| | सुधार | कक्षा/विषय | | | | | | आधारभूत | माध्यमिक |
| ६ | विद्यालयमा आधारित पाठ्यक्रम विकास परीक्षण | विषय | | | | | कक्षा १ | कक्षा २ | कक्षा २ |
| ७ | मातृभाषा तथा स्थानीय पाठ्यक्रम | | | | | | | | |
| ८ | मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन | कक्षा/विषय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | मातृभाषाका बाहेक अन्य स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन | कक्षा/विषय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक नीति दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरूले गरीरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बीच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन । यसै गरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू, जस्तैः शिक्षक सेवा आयोगबाट छनोट भई नियुक्ति पाएका स्थायी, अस्थायी, राहत अनुदानका, विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन् । विभिन्न किसिमका शिक्षकहरूका सेवाको सर्त र सुविधा पनि फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन् । यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका नीति विकास गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपुर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरू परिचान गरएिको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरएिको चुनौतिहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रकका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरएिको छ ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक पेसालाई रोजाइको पेसाका नीति विकास गर्नका लागि नेपालको सोह्रौ योजनाले देशको लागि आवश्यक मानव पुजिँ निर्माणकोलागि दीर्घकालीन राष्ट्रिय आवश्यक जनशक्ति विकास योजना तर्मजुमा गरी यसका आधारमा शैक्षिक कार्यक्रम र्निमाण गर्ने संयन्त्र र पद्धतिको विकास गर्ने । योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक नीति योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्त्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गनुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठत पेसाका नीति लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित नीति स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्धारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानमानयोग्य सरूवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा

सर्वउत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुटयाई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका नीति विकास गराउन आवश्यक देखिएको छ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १–५), आधारभूत तह (कक्षा ६–८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपुर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ। विद्यालय क्षेत्र विकास योजनावधि (२०७३/०७४–२०७७/०७८) मा चरणवद्ध रूपले माध्यमिक तहमा विषय शिक्षकको नियुक्ति गर्न लागि मार्गचित्र तयार पार्ने भनिए पनि सो कार्य हुन सकेको छैन्। शिक्षक सेवा आयोगको कामलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरी संस्थापन सुदृढीकरण गर्नु आवश्यक देखिएको छ। अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक देखिएको छ।

**४.२.२.१ शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिएको छ। यस्ता पूर्व सेवाकालिन शिक्षक शिक्षा कार्यक्रमहरू त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गर्दै आएका छन्। विश्वविद्यालय अनुदान आयोगको भ्ःक्ष्क् प्रतिवेदन, २०१९ अनुसार शिक्षक शिक्षा कार्यक्रममा सन् २०१८÷०१९ मा भर्ना भएका ७५,९५७ विद्यार्थीमध्ये ३६,१६९ विद्यार्थीहरू त्रिभुवन विश्वविद्यलयअन्तर्गतका क्याम्पसहरूमा भर्ना भएका थिए। यसबाट शिक्षक शिक्षा कार्यक्रम सञ्चालनमा त्रिभुवन विश्वविद्यालयले ठुलो हिस्सा ओटेको छ। यी विश्वविद्यालयहरूमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूमध्ये ठुलो हिस्सा अर्थात् ४८,४११ छात्राहरू रहेका छन्। विश्वविद्यालयका यी कार्यक्रममा उत्त्तीर्ण दर भने ज्यादै न्युन रहेको छ, जस्तैः सन् २०१८/०१९ मा भर्ना भई परीक्षामा सहभागी भएका परीक्षार्थीहरूमध्ये १६.६५ प्रतिशत विद्यार्थी नियमिततर्फ उत्त्तीर्ण भएका थिए।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विश्वका विभिन्न मुलुकहरूको अभ्यासलाई हेर्दा मुल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुटै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मानिने प्रचलन पनि रहेका छन्। शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०४९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्त्तिर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्त्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्त्तिर्ण वा अन्यबाट स्नातक तह उत्त्तीर्ण गरी एक वर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसैगरी माध्यामिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर अनुमती पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आंएको छ।

पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक नीति योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हुन सकेको छैन। राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य्य सञ्चालन गरिने उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्ष विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ। यसैगरी विद्यालय तहको पाठ्क्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यवहारिक कुशलतको कमी देखिएको छ भने अर्कातिर सिमीत अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्नु पर्ने भएकोले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अबस्था छ।

परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा सङ्काय सम्रचना नभएको अबको एक वर्षमा कक्षा १२ उत्तीर्ण गरी शिक्षक हुनको लागि कम्तिमा १ वर्षे शिक्षक तयारी कोर्ष व्यावस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ। तर दीर्घकालिन नीति भने आधारभूत तह र माध्यामिक तहको शिक्षक बन्नको लागि क्रमशः न्युनतम् शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तिर्ण भई एक वर्ष शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने गरी कानुनी व्यावस्था गर्न उपयुक्त हुनेछ।

### ४.२.२.१ शिक्षणसिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइ विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित,सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका नीति एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको अबस्था छ। नेपालमा विगत देखि हालसम्म सञ्चालित विभिन्न शिक्षा परियोजना, तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षाणसिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्वि गर्न जोड दिएका छान। यसको फलस्वप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने,प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन।

पन्ध्रौ योजनाले शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षाण व्यावस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन गर्न उपयुक्त पाठ्यासामग्री, सन्दर्भ सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यावस्थापन लगायतको व्याबस्थामा जोड दिएको छ। विद्यालय क्षेत्र विकास योजना (२०७३/०७३–२०७७/०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सधार हुन्छ भन्ने मान्याता बोकेको पाइन्छ। यो विद्यालय क्षेत्र विकास योजनाको एउटा रणनीति पनी हो। गुणस्तरीय शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ। यस योजनाले बालकेन्द्रित तथा अन्तक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको पाइन्छ। यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका नीति नभइ गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ।

कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग, अपाङ्गता भएका बालबाललिकाको सिकाइको सुनिश्चिता, शिक्षणशिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड, उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिई शिक्षणशिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षक बाट अपेक्षित नीति हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन् (MOE २००६)

विद्यालय क्षेत्र विकास योजना अबधिमा कक्षाकोठाकोल शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो। हजारौँ शिक्षकले पेसागत विकास तालिम पाए तापनि शिक्षकले तालिममा सिकेका सिपको कक्षाकोठामा प्रयोग अपेक्षित नीति हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएको अवस्था छ (MOE २००६)। तालिकामा सक्रिय सिकाइका तौरतरिहरूका बारेमा जानकारी हासिल गरे पनि कक्षाकोठाको अभ्यासमा रूपान्तरण हुन नसकेको अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन। कतिपय बिद्यालयको कमजोर भैतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

### ४.२.२.३ शिक्षक पेसागत सहयोग पद्धति

विश्वमा शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तैः कक्षाअवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, कन्फरेन्स सहपाठीसँगको अन्तक्रिया, प्रतिविम्बित अभ्यास आदि। नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स २०२८मा लागु भएका राष्ट्रिय शिक्षा पद्धति योजनाले लिडर र फिडर विद्यालय (Leader and Feeder School)

को अवधारणा अघि पनि सारेको थियो । यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरएिको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सोपश्चात् नेपालको शिक्षा सुधारका लागि धैरै परियोजनाहरू कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभुत तथा प्राथमिक शिक्षा परियोजना–पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना–दास्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन १९९२-१९९९), माध्यामिक शिक्षा परियोजना (सन १९९३-२०००), शिक्षक शिक्षा परियोजना (स्न २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३), हुदै हाल कार्यन्वनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८),ले समेत शिक्षको पेशागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामिण विकासका लागि परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको संङ्ख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुदै आइरहेको थियो । स्रोत केन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नया पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकासम्बन्धी अभिमुखिकरण गर्ने शैक्षिक विषय वस्तुमा प्रदानाध्यापकहरूसंग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अबलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने शैक्षिक योजनाहरू निर्माणमा सहयोग गर्ने शिक्षकहरू बीचको अन्तरक्रिया गराउने आदि कार्यहरू हुने गर्थे । तर सङ्घीय सम्रचनाको कार्यन्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएको छ । राष्ट्रिय शिक्षा नीति, अनुसारको स्थानीय तहमा सेवा निवृत शिक्षकहरूलाई अध्यायन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदीमा प्रयोग गर्ने उल्लेख गरेपनि अनुभव हस्तान्तरणका कानुनी व्यवस्था मिलाउन सकिइएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान,क्षमता विकास प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ सस्थाहरू बीच सञ्जाल विकास गर्ने अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षक पेसागत सहयोग स्रोत केन्द्र अगुवा स्रोत केन्द्र र शैक्षिक तालिम केन्द र जिल्ला शिक्षा कार्यलयवाट गर्ने प्रवन्ध मिलाईएको थियो । सोहीबमोजिम विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रदानाध्यापक बैठक, शिक्षक अन्तक्रिया कार्यशाला, छोटो समयको अवधिको मागमा आधारित तालीम सञ्चालन आदि कार्यहरू स्रोत केन्द्र, तालिम केन्द्र र जिल्ला शिक्षा कार्यालयहरूबाट हुँदै आएका थिए । यसबाट शिक्षकको पेसागत सहायता विकास प्रणाली भएको अवस्था थियो । मुलुक सङ्घीय सम्रचनामा गए सँगै ती सबै स्रोत केन्द्रहरू खारेज भए । हाल स्रोत केन्द्रहरूले सम्पादन गर्दै आएका कामहरू समेत स्थानीय तहले गर्नुपर्ने अवस्था छ । शिक्षक पेसागत सहयोगका लागि अवसरहरूमा विविधता ल्याउने कार्य हुन सकेको छैन । शिक्षक सहयोग प्रणाली स्थापना गरी शिक्षक पेसागत सहयोगलाई प्रभावकारी बनाउन नगरपालिकाले आवश्यक कार्यक्रम ल्याउने छ । प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्ना लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सक्छ । पन्ध्रौ योजना (२०७६/०७६-२०८०/०८१) ले शिक्षकलाई निरन्तर पेसागत सहयोगमा प्रदानाध्यापकलाई बढी जिम्मेवार बनाउन कार्यान्वियन पक्षमा सुधार ल्याउनु पर्ने आवश्यक देखिएको छ।

### ४.२.२.४ शिक्षक क्षमता विकास कार्यक्रम

पेसागत नीति सक्षम, र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका निम्ती शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ र शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन । शिक्षक तालिम, कार्यशाला सेमिनार कन्फरेन्स, क्रियात्मक अनुसन्धान,शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भब हुन्छ । नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संञ्चालन भए । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना सँगै सोअन्तरगर्त ९ ओटा प्रथमिक शिक्षक तालिम केन्द्रहरू स्थापना भएर ती तालीम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरीए । शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शिक्षक तालिम केन्द्रहरू (२९ ओटा ), अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुदै आए ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू (२९ ओटा) अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत विकास तालिम कार्यक्रम सञ्चालन गर्दै आएको थियो। तर सङ्घीय सम्रचनाको कार्यन्वयनसंँगै शिक्षक तालिम तथा विकासका लागि प्रत्येक प्रदेशमा एक–एक गरी जम्मा सात तालिम केन्द्रहरू मात्र केही अन्य सम्रचनाहरू हटेका छन। पन्धौ योजनाको विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रदानाध्यापकको व्यवस्था गरी सबै प्रदानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसा सञ्चालन गर्ने उल्लेख छ। यसै गरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण कक्षा शिक्षण पद्धतिसम्बन्धी ज्ञान सिपहासिल गर्ने गरी सिकाइ प्रभावकारी प्रयोग गर्ने सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने समेत व्यवस्था गरएिको छ।

राष्ट्रिय शिक्षा नीति , २०७६ ले स्थानीय तहले बिद्यालयलाई केन्द्र बिन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू जस्तैः कष्टमाइज तालिम, कार्यशाला, सेमिनार अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटर्वक, सहकार्यत्मक नीति गरिने अनुसानधान ( Mentoring and Coaching) मेन्टरिङ,कोचिङ आदिको व्यवस्था गरेको छ। साथै सो नीति मा सूचना तथा सञ्चार प्रबिधिको विकास भएको तिब्र विकास सँगै तालिम दिने पद्धति समेत परिमार्जन गरी आमने सामुने, बिद्यालयमा आधारित, मिश्रित, अनलाईन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ। शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षण सञ्चालन गर्ने कार्य यस शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुदै आएको छ। हाल प्रदेश स्तरिय शिक्षा तालिम केन्द्रले अनलाईन तथा अफलाईन बिधिबाट तालिम सञ्चालन गदै आइरहेको अबस्था छ। हाल सञ्चालनमा रहेको बिद्यालय क्षेत्रविकास कार्यक्रमले शिक्षकको पेसागत विकासमा जोड दिएको छ।

बिद्यालय क्षेत्रविकास योजनावधिमा आधारभूत तथा माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान,गणित, अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टि.पि.डि तालिम सञ्चालनमा प्राथमिकता राख्ने कार्य भइरहेको थियो। शिक्षा तालिम केन्द्रले ठूलो स्ङख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रखान गर्ने कठिन भएको अबस्था छ। यसैगरी शिक्षक तालिमलाई वास्तबिक आवश्यकतामा आधारित बनाउन तालिममा सिकेका ज्ञान तथा सिपहरूको कक्षाकोठामा प्रयोग गर्नमा समस्या देखिएको छ। यसका लागि खाँडाचक्र नगरपालिकाको समन्वयमा बार्षिकनीति शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ

### ४.२.३ उद्देश्य

१. शिक्षक तयारीको गुणत्मकपक्षको पुनरावलोकन गरी तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिर्वतन गरी सक्षम शिक्षक आपुर्ति गर्नु।
२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणली स्थापना गर्नु।
३. सबै तहमा शिक्षकहरूरूको योग्यता पुनरावलोकन गरी विषय बस्तुमा निपुर्ण शिक्षकको सुनिश्चिता गर्नु।
४. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।
५. आवश्यक प्रोत्साहान, निरन्तर पेसागत विकास र सिकाइ आदनप्रदान कार्यक्रमका माध्यमबाट सबैतहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकको प्रवन्ध गर्नु ।
६.सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी सान्दर्भिक र प्रभावकारी बनाउनु।
७. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक शिक्षासम्बद्ध संस्थाहरू सँग सञ्जाल विकास र अन्वेषण गर्नु।

### ३.६.४ रणनीतिहरू

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने र यसलाई शिक्षक तयारी र छनौट प्रक्रिया आबद्ध गरिने।
२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषय बस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुदै पुनरावलोकन गरिने।
३. शिक्षक बिद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रमा र विषयगत नीति शिक्षक दरबन्दी मिलान ÷दरबन्दी पुनर्वितरित तथा थप गरिने।
४.प्रारम्भिक बाललिकास ÷ पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तिर्ण, कक्षा ४–८ का लागि स्नातक तह उत्तिर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तिर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने।

५. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालिन तालिमलाई अनिर्वाय बनाइने।

६. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि पालिकामा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभबी शिक्षकबाट सहयोग तथा मेन्टरिङ पद्धति विकास गरिनेछ।

७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफ देही हुने पद्धति विकासका लागि शिक्षक ताथा प्रदानाध्यापकको बृति विकासलाई बिद्यार्थीको सिकाइ सुधार सँग सम्बन्धित गरिने।

८ . सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने (Face To Face ),विद्यालयमा आधारित (School Based ),मिश्रित ( Mixed ) र अनलाईन पद्धतिबाट शिक्षक तालिम सञ्चालन गरिने।

क) उपलब्धि

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई बिद्यार्थीको सिकाइ सुधार हुने।

### ४.२.४ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activity and Targets)

**तालिका ३.२: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | परिमाण | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| | शिक्षक पेसाप्रति आकर्षण नियुक्ति | | | | | | | | | |
| १ | मेधावी बिद्यार्थीहरूलाइ सहज तरिकाले शिक्षण पेससामा प्रबेश गराउने गरी कानुनी प्रावधानको निर्माण गर्ने | पटक | १ | १ | | | | | १ | निरन्तर |
| २ | शिक्षकको कार्यसम्पादनका आधारमा प्रोत्साहान तथा सुबिधा दिने। | जना | १०० | ० | २० | ४० | | | १०० | निरन्तर |
| ३ | सरूवा बढुवालाई बस्तु निष्ठबनाउने गरी कानुनी नीति निर्देशिका निर्माण गर्ने। | पटक | १ | १ | | | | | १ | निरन्तर |
| ४ | पाठ्यक्रममा आधारित आधारभूत तह (कक्षा १–५)मा बहुकक्षा बहुस्तर, कक्षा शिक्षक , आधारभूत कक्षा १–६ र माध्यमिक तहमा विषयगत शिक्षक नियुक्ति गर्ने मार्गचित्र तयार गर्न माथिल्लो निकायमा पहल गर्ने | पटक | १ | १ | | | | | १ | |
| ५ | अस्थायी तथा बिद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने। | पटक | १ | १ | | | | | १ | |
| शिक्षक तयारी | | | | | | | | | | |
| १ | शिक्षण सिकाइ प्रक्रिया र मूल्याङकन प्रणाली निर्माण गर्ने । | पटक | १ | | १ | | | | १ | |
| २ | शिक्षकको न्यूनतम योग्यता सहित कार्य जिम्वेवारि निर्माण गर्ने। | १ | | १ | | | | | १ | निरन्तर |
| ३ | (प्रारम्भिक बालविकास / पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्त्रीर्ण कक्षा ४–८ का लागि स्नातक तह उत्त्रीर्ण र कक्षा ९–१२ का लागि स्नाकोत्तर भएको सुनिश्चितता गर्ने) | पटक | | १ | | | | १ | | |
| ४ | अपाङगता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका शिक्षकहरूलाई शिक्षक पेसामा सहभागी गराउन क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| नयाँ नियुक्ति पाएका शिक्षकहरूले बिषेश तालिमको व्यवस्था गर्ने | | संख्या | | | | १० | | | २० | ५० |
| | शिक्षण सिकाइ | | | | | | | | | |
| १ | नियमित शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन मापदण्ड विकास गर्न पहल गर्ने | पटक | | | १ | | | | १ | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कमजोर बिद्यार्थीका लागि बिशेष सहयोगी कक्षा सञ्चालन गर्ने उपचारात्कम शिक्षण पद्धति लागु गर्ने । | | | | | | | | | |
| ३ | दृष्टि समबन्धी अपाङगता भएका सबै बालबालिकाका लागि ब्रेललिपिलगायतबाट र श्रवण सम्बन्धी अपाङगता भएकालाई साङकेतिकलगायत बाट सिक्ने व्यवस्थाका लागि पहल गर्ने | पटक | | | | | | | | |
| ४ | प्रत्येक माध्यमिक बिद्यालयमा एक पुस्तकालयको प्रवन्ध गर्ने प्रत्येक आधारभूत कक्षामा पुस्तक कुनाको ब्यवस्था गर्ने | बिद्ययालय संख्या | | २३ | | | ३० | ३९ | ३९ | ४१ |
| ५ | प्रत्येक बिद्यालयमा कम्तिमा एक क्ष्क्रत् ीबद को प्रवन्ध गर्ने | संख्या | | | २३ | | ३० | ३९ | ३९ | ४१ |
| ६ | प्रत्येक बिद्ययालयमा उपकरण विज्ञान सामाग्रीयुक्त कम्तिमा एक विज्ञान प्रयोग शालाको व्यवस्था गर्ने | संख्या | | १३ | २३ | | ३० | ३९ | ३९ | ४१ |
| ७ | प्राबिधिक तथा व्यवसायिक शिक्षा धारको पढाइलाई व्यवहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसकालागि सुबिधायुक्त प्रयोगशालाको प्रवन्ध गर्ने । | संख्या | | २ | १३ | | २३ | २३ | २३ | |
| ८ | योग्य,दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षण सिकाइलाई बिद्यार्थी केन्द्रित परियोजनामा आधारित समूह कार्यमा आधारित प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइ सामाग्री विकास गर्ने | सेट | | १ | १ | १ | १ | १ | १ | |
| ९ | प्रत्येक बिद्यलयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धता मार्फत शिक्षण सिकाइमा सूचना तथा संचार प्रबिधिको प्रयोगलाई बढाउने | सेट संख्या | | | | | | | | |
| १० | निरन्तर बिद्यार्थी मूल्याङकन प्रणलीमा सुधार गर्ने गरी सहजीकरण पुस्तिका विकास गर्ने । | संख्या | | १ | | | | | १ | |
| ११ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्तगर्ने परीक्षर्थीको नजिता बिश्लेषण गर्ने | सबै शिक्षक | | | | | | | | |
| १२ | बिद्यार्थीको सिकाइ सुनिश्चित गर्ने शिषकले काममा विताउने समय सुनिश्चित गर्ने प्र.अ.लाई जिम्वार बनाउने । | सबै प्र अ | | | | | | | | |
| १३ | सुपरिवेक्षणलाई बिद्यालयमा आधारित बनाउन बिद्यालयका प्रदानाध्यापक अनुभोबी शिक्षक वा मेन्टर विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | जना | | ५० | ६० | ७० | ८० | ९० | २९० | |
| १ | शिक्षक पेसागत सहयोग मार्गदशन विकास गर्ने | संख्या | | १ | | | | | १ | |
| २ | कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरूको ई सञ्जाल समूह बनाउने । | संख्या | | ५ | १० | २० | २५ | ३० | ९० | १८० |
| ३ | शिक्षक मेन्टरीङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | जना | | ५ | १० | २० | २५ | ३० | ९० | १८० |
| ४ | असल अभ्यासको अवलोकन भ्रमण गराउने । | जना | | २० | ३० | ६० | ८० | ९० | २८० | ५६० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सिकाइ आदानप्रदान,क्षमता विकास, प्रबिधि हस्तान्तरण र ज्ञानको संञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तराष्ट्रि सङ्घसंस्थाहरूको बीच सञ्जाल विकास गर्ने । | पटक | | १ | निरन्तर | | | | | |
| ६ | ६ बिद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास गरी कार्यन्वयन गर्ने | पटक | | | १ | निरन्तर | | | | |
| ७ | प्रदानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्याङकन गर्ने । | पटक | | १ | निरन्तर | | | | | |
| ८ | शिक्षकलाई प्रामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्ने तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवा निवृत्त विज्ञ टोली गठन गर्ने | पटक | | १ | निरन्तर | | | | | |
| ९ | सहपाठीकक्षा अवलोकन गर्ने (प्रत्येक शिक्षकले प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षा अवलोकन र पृष्ठपोषण आदान प्रदान) | संख्या | | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | |
| | शिक्षक पेसागत विकास | | | | | | | | | |
| १ | शिक्षक पेसागत विकास सञ्चालन गरी बिद्यालयमा आधारित शिक्षक सहायता पद्धति स्थापना गर्ने | संख्या | | | | | | | | |
| | प्रत्येक बिद्यालयमा | ३९ | | ३९ | ३९ | ३९ | ३९ | | | |
| २ | बालमनोबैज्ञानिक सिकाइ सिप, आधारभूत तह कक्षा १ देखी ५ मा पठाउने शिक्षकका लागि कक्षाशिक्षण सम्बन्धी अन्तरसम्बन्धित विषय बस्तुलाई समेत समेटि मागमा आधारित छोटो अवधिको तथा पुनर्ताजगी अनलाईन र अफलाईन शिक्षक तालिम सञ्चालन गर्ने | जना | | ५० | ६० | ७० | ८० | ९० | ३५० | |

**४.३ शिक्षामा समानता र समावेशीकरण**

### ४.३.१ परिचय

नेपाल सामाजिक–सास्कृतिक नीति  विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामथ्र्यका नीति  लिने गरिनेछ भने अर्कोतिर ऐतिहासिक नीति  यही भिन्नतका आधारमा सामाजिक विभेद र बञ्चितिकरणमा परेका समुदायहरू पनि छन्। उदाहरणका लागि दलित तथा सिमान्कृत समुदाय , नेपाली बाहेक अन्य मातृभाषा समुदाय, अल्पसंख्यक सास्कृतिक समुदायहरू ऐतिहासिक नीति  सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितिकरणमा पर्न गई अहिले सम्मपनि यस्तो बञ्चितिकरणको असर कुनै न कुनै नीति  देखिने गरेको छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेको बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलीब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ। यस्तो समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रवन्ध गर्नु पर्दछ। समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नु पर्दछ। यस प्रकारको शिक्षामा विविधता, समता र समावेशीताको प्रवर्धन गर्नु आवश्यक छ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

समता तथा समावेशीतासम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालबालिकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यामिक शिक्षा लगायत अन्य सम्बन्धीत विषयगत खण्डमा पनि समावेश गरएिको भए पनि उल्लिखित उपक्षेत्रसँग अन्तरसम्बन्धीत महत्वपूर्ण विषयका नीति यसलाई यस परिच्छेदमा अलग्गै प्रस्तुत गरी योजनाको समग्र खाका समावेश गरएिको छ। त्यसैले अन्य खण्डमा समावेश भएका रणनीति तथा क्रियाकलापहरूको सम्बन्धीत उपक्षेत्रको समग्र क्रियाकलापलाई सङ्गठित र अन्तरसम्बन्धीत गर्न सहयोग गरे तापनि समता तथा समावेशीता सम्बन्धी समग्र योजना विकास गरी अरू उपक्षेत्र सँग सम्बन्धीत गराउन यसले सहयोग गर्ने छ।

### ४.३.२. वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता  भएकाहरूका लागि केही विशेष प्रवन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पञ्चकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कुलमा देष्टिविहिन बालबालिकाका लागि एकीकृतविद्यालय शिक्षा प्रारम्भ भई हाल सम्म सञ्चालित छ। त्यसैगरी वि.सं. २०२५ देखि खगेन्द्र बहादुर बस्नेतको अगुवाईमा सुरू भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरूषहरूको लागि आवसीय प्रवन्धको सुरूवात गरेको थियो। अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रवन्ध सहित यो नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृह केही पछी खगेन्द्र नवजीवन केन्द्रका नीति  स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ। शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाईन्छ। बालिका तथा महिला शिक्षामा वि.सं. २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गीक तथा भौगोलिक कारणले बञ्चितिकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताका लागि वि.सं. २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरू भएको थियो।

विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सँग समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरको छ। यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तराष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरीसकेको छ।  खासगरी सबैका लागि शिक्षाको

डकार घोषणा पत्र र तदअनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालकालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणा सहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्ति लगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालनग गर्नुका साथै महिला शिक्षक नियुक्ति बाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाती, दलित, मधेसी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित प्रतिशत आरक्षणको प्रवन्ध भएको छ।

**नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको नीति लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायालाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ।**

### ४.३. ३ चुनौति तथा अवसरहरु

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्धारा निःशुल्क नीति विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाती समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नु पर्ने देखिएको छ। यसै सम्बन्धमा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ। विद्यालय क्षेत्र विकास योजनाले अर्थपूर्ण सिकाइ उपलब्धिमा समता गरी तीन ओटा क्षेत्र पहिचान गरेको छ। पहुँच सुनिश्चित गर्नु भनेको विद्यालय शिक्षामा भर्ना भएका बालबालिकाहरूले भयरहित र सौहाद्र विद्यालय वातावरणमा स्वागत गर्नु हो भने सहभागिता भनेको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ स्वीसकाइ हुनु हो। सिकाइ उपलब्धि भन्नाले बालबालिकाले आवश्यकता अनुसारको जिविकोपार्जन तथा जीवनोपयोगी सिप सिक्नु हो। लिङ्ग, सामाजिक आर्थिक अवस्था, भौगोलिक अवस्थिति, स्वास्थ्य तथा पोषणको स्थिति, अपाङ्गता, जातजाती, भाषा र सङ्कटासन्न अवस्थाका बालबालिकालाई समता सुदृढिकरणका लागि लक्षित समूह मानेको छ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सिमान्नकृत बालबालिकाहरूले लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गीक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स, पाठ्यक्रममा लैङ्गीक सम्वेदनशीलता कायम, समावेशीकरण र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेस लगायतका कार्यक्रमहरू कार्यान्वयन गरीए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशीता कायम गर्न सकिएको छैन। आधारभूत विद्यालय उमेर समूह (५–१२) का अझै ६.२ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् भने बीचैमा विद्यालय छाड्ने दर उल्लेख्य रही तहगत टिकाउ दरमा सुधार आवश्यक देखिन्छ। त्यसै गरी विभिन्न तहको विद्यालय पूरा गर्ने मध्य करिब दुई तिहाई विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक छैन। विद्यालय बाहिर रहेका, बीचैमा विद्यालय छाडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशीता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरएिको छः

१. लक्षित समूह महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, कठिन भौगालिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, दन्द्ध प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुर्याउने।
२. सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।
३. अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्ने
४. लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गरिनेछ।
५. विद्यालयहरूमा लैङ्गीक र अपाङ्गमैत्री तथा शिक्षीक वातावरण निर्माण गरिनेछ।

६.पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरिनेछ।
७.विद्यालयमा कुनै पनि प्रकारको विभेद दुव्र्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री बनाउने।

## ४.३.४. उद्देश्यहरू

१.महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा मरेका, आर्थिकरूपले विपन्न, दन्द्ध प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गरिनेछ।
३.विविधता, समता एवं समाबेशी शिक्षाका मुल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने।
४.पाठ्यक्रम, पाठ्सामाग्री,शिक्षण सिकाइ प्रक्रियालगाएत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशीता अभिबृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने।
५.विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुव्र्यवहार हेपाइ नहुने सुनिश्चितता गर्ने।

## ४.३.५ रणनीतिहरू

१. समुदायमा आर्थिक र सामाजिक नीति पछाडि परेका व्यक्तिहरूको घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकताको पहिचान गरी सो अनुसारको पहुँच र सहभागिताको प्रवन्ध मिलाईने।
२. विद्यालयमा सबै प्रकारका लैङ्गिक तथा अपाङ्ग मैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विषेश लक्षित सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने।
३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, आर्थिक नीति पछिपरेका तथा सिमान्तकृत समुदययका बालबालिका,सामाजिक बहिस्कारमा परेका बालबालिका तथा आपाङ्ताभएका बालबालिका समेट्ने गरी आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुना समेत विकास गरी पहुँच सुनिश्चित गरिने।
४. विद्यालय दिवा खाजासहित स्वास्थ्य,पोषण,सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रवन्ध तथा किशोरिहरूको लक्ष्यित महिनावारी स्वच्छतासम्बन्धी तथा शिक्षा प्रदान गरिने।
५.आवश्यकता अनुसार पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने।
६. विद्यालयमा अभिभाबकको सँगलनताका लागि अभिभाबक शिक्षा सञ्चालन गरिने।
७. सिकाइ त्रिलयाकलाप सहभागिता मूलक बनाइ विद्याथीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिनेछ भने विद्यालयमा कुनै प्रकारको विभेद, दुव्यबहार, हेपाई, नहुने सुनिश्चिततासहित बाल मैत्री वातावरण सृजना गरिने।
८.लक्षित समूह तथा आर्थिक, सामाजिक, भौगोलिक, आपाङगता भएका तथा लैङ्गिक समानतामा भएका बालबालिकाका लागि सिकाइ आवश्यकता सम्बोधन हुने गरी नमुना शैक्षिक सामाग्री विकास, सिपयुक्त जनशक्ति र समयसापक्ष पाठ्क्रमको व्यवस्था गरिने।
९. औपचारिक विद्यालय शिक्षाबाट बन्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्यन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजिक्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने।

## ४.३.६ उपलब्धिहरू

महिला, दलित, जनजाति,अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिकरूपले विपन्न, द्धन्द्ध प्रभावित, लैङ्गिक अधारमा पछाडि परेका तथा सामाजिक तथा आर्थिक कारणले बन्चितीमा परेका सबै किसिमका बालबालिकालाई विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गणुस्तरीय शिक्षा सुनिश्चित गर्ने।

## ४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क अद्यावधीक | पटक | ५ | १ | १ | १ | १ | १ | **५** | **निरन्तर** |
| २ | छात्रवृत्ती कार्यकंम | जना | ७९१८ | १३०४ | १३०४ | १३१० | १३२० | १३३० | ६५६८ | १३५० |
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरू सहायता | जना | १४० | ० | १५ | २० | २५ | ३० | ९० | ५० |
| ४ | विद्यालयमा लैङ्गिक तथा समावेशी र गुनासो सुनुवाइ फोकल शिक्षकको व्यवस्था र क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | समावेशी तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | समता र समावेशीकरणका लागि सचेतनामूलक कार्यक्रमहरू | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

स्वास्थ्य मानिसको पहिलो धन हो। शरीर स्वस्थ रहनका लागि आवश्यक मात्रामा पोषणको आवश्यकता पर्दछ। गुणस्तरिय शिक्षाका

लागि मानव स्वस्थ शरीर महत्वपूर्ण आधार हो। बालबालिकाहरु स्वस्थ नभएसम्म उनिहरुले राम्रोसंग शिक्षा हासिल गर्न सक्दैनन् किनकि स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाई वास्तविक र धुर्वसत्य कुरा हो। बालबालिकाहरुको गुणस्तरिय र सहजसिकाइका लागि विद्यालयले स्वच्छ खानेपानि खाजा सफा शौचालयको व्यवस्था गर्नुपर्दछ। अहिलेको सबैभन्दा ठूलो समस्या भनेको बालबालिकाहरुमा बजारमा पाइने प्याकेटमा राखिएका रेडिमेट खाद्यपदार्थ र पेय पदार्थहरु खानेबानि हो। यि पदार्थहरु स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि हुन्छ। त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ। साथै बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाई स्तर अभिवृध्दी गर्ने र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायीक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालित छ। तत्कालिन रूपमा बालबालिकाको भोक न्युनिकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाई स्तर समेत अभिवृध्दी गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्ष देखि कार्यान्वयनमा छ। नेपाल सरकारको नीति बमोजिम यस नगरपालिकाले पनि यस क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयको कक्षा बालबिकास देखि कक्षा ५ सम्म स्थानीय उत्पादनमा आधारीत दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ। साथै खाँडाचक्र नगरपालिकाले विद्यालयहरुमा स्थानीय स्तरमा पाइने रैथाने बालि प्रयोग गरि पोषणयुक्त दिवा खाजा व्यवस्थापन गर्ने निर्णय गरेको छ। साथै विद्यालय नर्सले उक्त विद्यालयको फिडर विद्यालयमा समेत मासिक एक पटक स्वास्थ्य परीक्षण गर्दै आइरहनु भएको छ। यस पालिकाका सामुदायिक विद्यालयहरुले विद्यालय स्तरमा सरसफाइ समिति गठन गरी विद्यालयको नियमित सरसफाइ गर्ने गरिएको छ।

### ४.४.२ वर्तमान अवस्था

बालबालिकाको बौव्दिक विकासको लागि पोषणको आवश्यकता पर्दछ। हाल नेपाल सरकारबाट बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ। साथै स्थानीय तहमा महिनावारी स्वच्छता सम्वन्धी विद्यालय तहमा १०-१९ वर्षसम्मका किशोरीहरुलाई २ चरण रक्तअल्पता कम गर्ने आइरन फोलिक चक्की वितरण भइरहेको छ। साथै सम्पूर्ण सामुदायिक विद्यालयहरुमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरुलाई निशुल्क सेनिटरी प्याडको व्यवस्थापन समेत भएको छ। केहि विद्यालयहरुमा सरसफाई सम्वन्धी हातधुने पानि तथा अपाङ्गमैत्री र छात्रछात्रामैत्री छुट्टाछुट्टै शौचालय रहेको छ।

### ४.४.३ चुनौती तथा अवसर

विद्यालयमा पोषण तथा सरसफाई एक महत्वपूर्ण पक्ष हो। दिवा खाजा कार्यक्रमको कार्यान्वयनमा सरोकारवालाहरुको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्नु बालबालिकाको खाद्य तथा पोषणलाई कानुनि अधिकारको रुपमा स्थापित गराउनु सबै विद्यालयहरुमा स्वच्छ खानेपानी तथा शौचालयको प्रवन्ध गर्नु विद्यालयमा नियमित स्वास्थ्य जाँच गर्ने कार्यलाई विद्यालयमा कार्यान्वयन गर्नु र हाल विद्यालयहरुमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरुलाई निशुल्क सेनिटरी प्याडको व्यवस्थापन गरेतापनि प्रयोग गरिएका सेनिटरी प्याडहरुलाई व्यवस्थापन गर्न कठिनाई भएको देखिन्छ। विद्यालय तहमा सबै कक्षामा दिवा खाजा उपलव्ध नहुनु तथा भएका कक्षाहरुमा पनि व्यवस्थापन गर्न चुनौति रहेको छ। सबै सामुदायिक विद्यालयहरुमा ई.सि.डि.देखि ५ कक्षा सम्मका सम्पूर्ण बालबालिकाहरुलाई दिवा खाजाका लागि सशर्त अनुदानको व्यवस्था गरिनु,स्थानीय स्तरमा उत्पादित खाद्यानका आधारमा विद्यालय खाजा मेनुको निर्माण गरिनु,विद्यालयमा अध्ययनरत किशोरीहरुलाई निशुल्क आइरन फोलिक एसिड र सेनिटरी प्याड वितरण गरिनु, बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु जस्ता कुराहरुलाई यस क्षेत्रको प्रमुख अवसरको रुपमा लिन सकिन्छ। नगरपालिका अन्तरगतका विद्यालयहरूमा भर्ना दर वृध्दि गर्ने, शिक्षाको पहुँचमा पुर्याउने, स्वास्थ्य, पोषणमा सुधार ल्याउने, कक्षा छोड्ने र दोहोर्याउनेको अन्त्य गर्ने, नियमितता गराउने र सामुदायीक विद्यालयमा आकर्षण गराउने उध्देश्यले बालबालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छ। बहुक्षेत्रिय पोषण कार्यक्रम दिवा खाजासहित स्वास्थय तथा पोषण कार्यक्रम अन्तरगत विभिन्न प्रयासहरूको बाबजुद यस नगरपालिका अन्तरगतका विद्यालयहरूमा दिवा खाजा, स्वास्थय तथा पोषण र सरसफाई तथा स्वच्छताका प्रभावकारीतालाई अझैव्यवस्थापन गर्नु पर्ने सबैविद्यालयमा स्वास्थ्य कमीको व्यवस्था गर्नु पर्नेविद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरी पौष्टिकतथा स्वस्थकर विद्यालय खाजा

सुनिश्चित गर्नु पर्ने विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नुपर्ने र सरसफाई तथा स्वच्छताका लागि मापदण्ड विकास गरेर कार्यान्वयन गर्नुपर्नेजस्ता चनुौतीहरू पहिचान गरीएको छ।

विद्यालयमा अध्ययनरत बालबालिकामा प्रारम्भिक अपाङ्गता पहिचानका कार्यक्रम सञ्चलान हुनु। केहि सामुदायिक विद्यालयमा मनोसामाजिक परामर्स कार्यक्रम सञ्चालन हुनु। माध्यमिक तहका विद्यालहरुमा प्राथमिक उपचार बिकास तथा अन्य तहका विद्यालयमा स्वास्थ्य संस्था सँग समन्वय गरी आवश्यक प्राथमिक उपचारका सामाग्री उपलब्ध गराउने व्यवस्था हुनु। रकम अनुसारको सामाग्री उपलब्धतामा कमि, न्युन रकममा पोषण युक्त खाजाको व्यवस्थापन गर्नु, भौतिक संरचना तथा सामग्रीको अभाव, जनशक्तिको अभाव, विद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु, आदि चुनौती रहेका छन्।स्थानीय उत्पादनमा आधारीत दिवा खाजा कार्यक्रम सहयोगि पुस्तिका प्रकाशन, विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन, स्थानीय शासन सञ्चालन एन २०७४ लागु हुनु, स्थानीय उत्पादको प्राथमिकरण, सहकारी संस्थाको उपलब्धता, पोषण कार्यक्रमको व्यापकता आदि प्रमुख अवसरहरु रहेका छन्।

### ४.४.४ लक्ष्य

विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थय तथा पोषणको अवस्थामा सुधार गरेर सिकाईमा सुधार सहित सुरक्षित तथा रमाईलो सिकाई वातावरणमा पुर्ण समावेशी समतामूलक पहुँच सहितको सहभागिताको सुनिश्चित गर्ने।

### ४.४.५ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने बालिबाट उत्पादित पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु
- शारिरिक, मानशिक तथा संवेगात्मक रुपमा सक्षम र स्थानिय,राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको मागअनुसारको जनशक्ति उत्पादन गर्ने।

### ४.४.६ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावक, सहयोगि संस्थाहरुको संलग्नतामा माध्यामिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने
- दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न भौतिक, जनशक्ति तथा अन्य सुविधा विस्तार गर्ने
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्नु
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व, भिटामिन ए तथा आइरन चक्कि आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
- सबै विद्यार्थिहरुको कक्षामा खानामा अनिवार्य समावेश गर्नुपर्ने खाद्यपदार्थ तथा पोषणको महत्व तथा स्थानिय खद्यवस्तुमा पाइने पोषक तत्व र यसको प्रयोगबाट हुने फाइदाका बारेमा कक्षा सञ्चालन गर्ने।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने

### ४.४.७ उपलब्धि तथा नतिजा

#### ४.४.७.१ उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार अभिवृद्धि भइ सिकाइमा सुधार भै सिकाइ वातावरणमा समतामूलक तथा समावेशी रुपमा पूर्ण पहुँच सहितको सहभागिता हुने छ।

#### ४.४.७.२ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधार बर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये दिवा खाजा प्राप्त गरेका | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहमा दिवा खाजा सञ्चालन गरेका विद्यालय | सबै | सबै | सबै | सबै | सबै |
| ३ | माध्यामिक तहमा दिवा खाज सञ्चालन भएका विद्यलाय | ० | ५ | ५ | ५ | ५ |
| ४ | बार्षिक रुपमा विद्यार्थिहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ५ | ५ | ५ | ५ |
| ५ | खानेपानी ,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | नर्सिङ्ग सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायीक विद्यालयका सबैबालबालिकाहरूको स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा यस पालिका मार्फत प्राप्त गरेका विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ८ | सामुदायीक माध्यामिक विद्यालय र संस्थागत विद्यालयमा अभिभावकको सहभागितामा दिवा खाजा वा खाना कार्यक्रम सञ्चालन भएका विद्यालय। | ० | १० | १० | १० | १० |

### ४.४.८ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and target)

| क्र. स | नतिजा अनुसार प्रमखु कार्यक्रम | एकाइ | परिमाण | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | स्वास्थय, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि मापदण्ड तर्जुमा तथा कार्यान्वयन | पटक | १ | - | १ | - | - | - | १ | |
| २ | दिवा खाजाका लागि भान्सा तथा भण्डार भाँडावर्तन तथा आवस्यक सामाग्रिको प्रवन्ध | विद्यालय | ३९ | ० | १० | १० | १० | ९ | | निरन्तर |
| ३ | सबै विद्यालयमा दिवा खाजा, स्वास्थय, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यक्रम सञ्चालन | पटक | ३९ | १ | १ | १ | १ | १ | | निरन्तर |
| ४ | दिवा खाजाको लागि चाहिनेखाद्य सामाग्री आर्पुतिको लागि स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १० | २ | २ | २ | २ | २ | | निरन्तर |
| ५ | विद्यालयमा विद्यार्थि संख्याको अनपुातमा पर्याप्त पानी, साबनु तथा सफाई सामग्रीको व्यवस्थापन सहित छात्र र छात्राका लागि अलग शौचालयको व्यवस्था | विद्यालय | ३९ | १० | १० | १० | ९ | ० | | निरन्तर |
| ६ | माध्यामिक विद्यालयहरुका दिवा खाजा व्यवस्थानको लागि भाडाकुडा र चमेना गह्र निर्माण | पटक | ११ | २ | २ | ३ | २ | २ | | |
| ७ | दिवा खाजाका लागि आवस्यक तालिम तथा अन्तरक्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | | |
| ८ | कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | मासिक | १ | १ | १ | १ | १ | १ | | निरन्तर |
| ९ | आवधिक स्वास्थ्य जाँच जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याबलेटहरु (भिटामिन ए र आइरन फोलिक एसिड आदी प्रदान ) | त्रैमासिक | ३ | ३ | ३ | ३ | ३ | ३ | | निरन्तर |
| १० | विद्यालयहरुमा प्राथमिक किट प्रदान तथा प्रतिस्थापन | वार्षिक | १ | १ | १ | १ | १ | १ | | निरन्तर |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालिन तथा संकटपुर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चितताको लागि आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ । यस अवधारणा अन्तरगत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्वतयारी, आपतकाल पश्चात क्षतिको कम हुनेगरी तत्कालिन विद्यालय तहको शिक्षा सेवाको सुचारुपनाको व्यवस्थापन, आपतकालीन अवस्थामा आपूरण सम्बन्धि कार्यढाचालाई समेटेर यो उप-क्षेत्र अन्तरगत लक्ष्य, उद्देश्य, रणनीतिहरु तथा कार्यनीतिको तर्जुमा गरिएको छ। प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालिन अवस्थामा शिक्षाको कार्यढाचा निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरेरएको छ । द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । यसको मूख्य उदेश्य नगरपालिकामा विपदका कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत शिक्षासंग सम्बद्ध व्यक्ति, परिवार तथा समदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, समाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालिन तथा सङ्कट पुर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनु पर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागी माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएतापनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ । आपतकालिन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्यका रूपमा हेरिनु एक ठुलो चुनौतिको विषय बनेको छ । अहिले आपतकालिन अवस्थाको लागि शिक्षा महत्वपुर्ण र अनिवार्य कार्यक्रमका रूपमा स्थापित गर्नु अति आवश्यक देखिन्छ । त्यसैले शिक्षाको यो नयाँ भूमिका यस खाडाँचक्र नगरपालिकाको शैक्षिक व्यवस्थामा पनि सुनिश्चित गर्नु जरुरी छ । सामान्य समयभन्दा आपतकालिन अवस्थामा शिक्षाका विषयवस्तु, विधि र सामग्री फरक हुन्छन् । तर, नेपालको शिक्षासम्बन्धि योजनाहरू 'सबैको लागि शिक्षा' वा 'सहस्राब्दी विकास लक्ष्य' होस् वा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' यी कुनै योजनामा आपतकालिन शिक्षा व्यवस्थाको योजना नगरिएको हुदा, यस खाडाँचक्र नगरपालिकाको शिक्षा क्षेत्र योजना अन्तरगत आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाको निरन्तरताको लागि यस विषयलाइ योजनामा समावेश गरिएको छ ।

### ४.५.२ लक्ष्य

आपतकालिन तथा सङ्कटपुर्ण परिस्थीमा बालबालिकाहरुले प्राप्त गर्ने पाउनु पर्ने सबै तहको सिकाईको निरन्तरतालाई सुनिश्चित गर्ने।

### ४.५.२ उद्देश्य

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
- बिद्यालय, वडा तथा नगरपालिका स्तरीय विपद ब्यबस्थापनको स्थापना गरि कार्यन्वयनमा ल्याउने
- सम्भावित प्रकोप तथा विपदसम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
- विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवंम हरित विद्यालयको नीति विकास गर्ने ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने

- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरि कार्यन्वयन गर्ने
- स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
- विपद व्यवस्थापनका लागि बिद्यालय र स्थानीय तहको क्षमता विकास गर्ने
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमन तथा निरिक्षण गर्ने
- विपद तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

- विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
- सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ।

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ५ | १० | ५ | १० | ९ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ५ | १० | ५ | १० | ९ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ५ | १० | ५ | १० | ९ |
| ४ | नमुना अभ्यास गर्ने विद्यालय सख्या | ० | ३९ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | विपद प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गर्ने विद्यालय | २ | ३९ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | विपद समिति गठन र फोकल पर्सन तोकिएका विद्यालय | ० | ३९ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | जोखिम क्षमता लेखाजोखा गरि जोखिम नंसाङ्कन र मौसमि पात्रो निर्माण गर्ने र सबैले देख्ने ठाउमा राखेका विद्यालय | ० | ३९ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | विपद प्रतिरोधी विद्यालय भवन प्रतिशत | २५% | १०% | १०% | १०% | १०% | ३५% |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | नतिजा अनुसार प्रमखु कार्यक्रम | एकाइ | परिमाण | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा रणनीति, मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | ० | ० | ० | १ | २ | | ४ |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| ३ | विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| ४ | शिक्षक तथा वि. व्य.स तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| ५ | विपद प्रतिरोधी विद्यालय मर्मत, निर्माण | पटक | ० | १ | ० | १ | ० | २ | | ५ |
| ६ | निरन्तर र सुरक्षित सिकाइका लागी शिक्षक विद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| ७ | सबै विद्यालयलाइ आगो निभाउने सिलिन्डर प्रदान | पटक | १ | ० | ० | ० | १ | २ | | ७ |
| ८ | विद्यालयमा बर्षमा २ पटक विपदका नमुना अभ्यास संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| ९ | विद्यालयहरुको जोखिम नक्साङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| १० | विद्यालय शिक्षा आपतकालिन कोषको स्थापना | पटक | १ | ० | ० | ० | ० | १ | | १ |
| ११ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | वैकल्पिक विधिको प्रयोग र शिक्षालाई निरन्तरता सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| १३ | ReAL Plan निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | | १० |
| १४ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक सम्रचना, सामाग्री तथा क्षमता विकास गर्ने | विद्यालय | ४४ | - | १० | १० | १० | १० | ४० | ४ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

विद्यालय भौतिक पुर्वधार निर्माणसम्बन्धि मापदण्ड सबै विद्यालयले अनिवार्य पालना गर्नपर्ने भएतापनि यसको पुर्ण पालनाहनुसकेको छैन। विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नपर्ने, कक्षा कोठा सँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्थाको मापदण्ड भएतापनि हाल यस नगरपालिका अन्तरगतका सामुदायीक विद्यालयहरू मापदण्ड अनुरुप भएको अवस्था छैन। यो अवस्थामा मापदण्ड विहिन भौतिक पुर्वाधार विद्यार्थिको मनोविज्ञानमै असर परेको देखिन्छ। असुरक्षित भवन र कक्षाकोठा, शौचालय र खानेपानीको अभाव आदिले विद्यार्थीको आकर्षण घटाउने मात्र नभई विद्यार्थिहरु पढाइमा केन्द्रित नहुने अवस्था देखिन्छ। भौतिक पुर्वधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिएता पनि प्राविधिक एवमं वस्तुनिष्ठ आकँलन गर्न सकिएको छैन। पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पुर्वधारका लागि उपयक्तु मापदण्ड र मोडालिटी विकास गर्ने, पुर्वधार विकास एवंम विस्तारका लागि गुरू योजना निर्माण, आवश्यक स्रोतको पहिचान, भौतिक पुर्वधारहरू बालमैत्री तथा अपाङ्गमैत्री बनाउने चुनौतीहरू विद्यमान छन्। शैक्षिक गुणस्तरका लागि स्तरीय शिक्षक जस्तै भौतिक संरचना पनि आवश्यक पर्ने भएको हुदा विद्यालय भौतिक पुर्वधार विकासमा सम्बन्धित सरोकारवालाहरूको आकर्षण आजको आवश्यकता बनेको छ।

**चुनौतीहरु**

विद्यालय शिक्षा विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको कमी हुनु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोत अभाव हुनु , अपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई बालमैत्री, अपङ्गतामैत्री, लैङ्गिकमैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजूरी रहित बनउनु तथा स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु यस पालिकाको मुख्य चुनौती रहेको छ।

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुले विद्यालयको पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारले पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान अक्षुण जस्तै हुनु, अधिकांस विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुदै गएको देखिनु, निर्माण हुने पूर्वाधारहरुलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु, गैरसरकारी नियकाहरुले पुर्वाधार निर्माण सहयोग गर्नु जस्ता विषयवस्तुहरुलाइ अवसरके रुपमा लिन सकिन्छ।

### ४.६.२ उद्देश्य

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
- जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

### ४.६.३ रणनीति

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
- विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण, मर्मत सम्भार एवम् रंगरोगन गर्ने
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने

- भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
- विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने
- प्रत्यक बिद्यालयलाइ हरित बिद्यालयका रुपमा स्थापित गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने

२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

### ४.६.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय % | १० | ५ | ५ | ५ | ५ | ९ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २५० | ५० | ५० | ५० | ५० | ५० |
| ३ | सबलीकरण तथा मर्मत गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १०० | २० | २० | २० | २० | २० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | २० | ४ | ४ | ४ | ४ | ४ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ० | १० | १० | ९ | ५ | ५ |
| ६ | गैर संरचनागत क्रियाकलापहरुलाई न्यूनीकरण गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ |
| ७ | हरित बिद्यालय स्थापना | ३९ | ५ | १० | १० | १० | ४ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | परिमाण | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | पटक | ३९ | ५ | ५ | ५ | ५ | ५ | ५ | ९ |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | ३० | ५ | ५ | ५ | ५ | ५ | ५ | निरन्तर |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय | ३० | ५ | ५ | ५ | ५ | ५ | ५ | निरन्तर |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालयसँगै सेनिटरि प्याड डिस्पोजल गर्ने व्यवस्था तथा पानी र सरसफाइको प्रबन्ध | विद्यालय | ३९ | ० | १० | १० | १० | ९ | ३९ | ३९ |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | सङ्ख्या | ५४ | १० | १० | १० | १० | १४ | ५४ | ५४ |
| ६ | अपाङ्तामैत्री संरचना निर्माण | विद्यालय | ३९ | ५ | ५ | ५ | ५ | ५ | २५ | १४ |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | विद्यालय | आ. अ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालय घेराबार | विद्यालय | आ. अ | | १ | | १ | १ | ३ | |
| ९ | विद्यालयमा बालमैत्री, अपाङमैत्री पिङ र चिप्लेटी निर्माण | विद्यालय | आ. अ | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १० | विद्यालयको मागका आधारमा फर्निचर निर्माण | विद्यालय | आ. अ | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ११ | विद्यालय खाजा घर निर्माण | पटक | ४४ | १० | १० | १० | १० | ४ | ४४ | निरन्तर |
| १२ | प्रत्येक वडामा १ -पूर्णविद्यालय अनुरुप भौतिक पुर्वधार निर्माण गर्दै जाने | पटक | ३९ | ० | १० | १० | १० | ९ | ३९ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

अहिलको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । समयको माग र परिवर्तनसँगै सूचना तथा सञ्चार प्रविधि मानवीय जीवनको अभिन्न अङ्गको रुपमा विकास हुदै गएकाले शिक्षा क्षेत्रमा यसको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । विद्यालय शिक्षामा कम्प्युटर, रेडियो, टेलिभिजन, मोवाइल, इन्टरनेट, टेलिभिजन, स्मार्टबोर्ड जस्ता साधनहरुको प्रयोग गर्नुलाई शिक्षामा सूचना प्रविधिको प्रयोगका रुपमा लिन

सकिन्छ । पुरानो चक एण्ड टक विधिले अहिलेको समयको आवश्यकता अनुसारको शिक्षा र जनशक्ति दिन नसक्ने हुँदा विद्यालय तहदेखि माथिल्लो तहसम्मको शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको महत्वलाई बढावा दिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइलाई रोचक तथा सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न , शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न र युगसुहाउदो शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ । यतिमात्र होइन सूचना तथा संचार प्रविधिको मद्दतले सिकाइ सुधार हुने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउन सहज हुने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने भएकाले सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनको रुपमा लिइन्छ । नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने तथा शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने नीति लिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । जसमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।यसैगरी हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थीहरुको सिकाइका लागि इ लर्निङ्ग पोर्टल अर्थात सिकाइ चौतारी तयार पारेको छ ।जसलाई हामीले शिक्षामा सूचना प्रविधिको प्रयोगसँग जोड्न सकिन्छ । साथै पाठ्यक्रम विकास केन्द्रले पनि इ लाइबेरी मार्फत सिकाइका सामग्रीहरु विद्यार्थीहरु माझ ल्याउने जमर्को गरेको छ । साथै २०७१ सालदेखि विद्यालय शिक्षाको तथ्याङ्की, यव्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने उद्देश्यका साथ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक गराउने कार्यको थालनी भएको छ ।

नेपालको पछिल्लो समयमा सन २०१९ को अन्त्यतिर विश्वव्यापी महामारिको रुपमा देखा परेको कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकतालाई महसुस गराएको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन् ।

यस खण्डमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि डुङ्गेश्वर नगरपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

खाडाँचक्र नगरपालिका ३९ वटा सामुदायिक विद्यालयहरुमध्ये धेरै विद्यालयहरुमा विद्युतको विस्तार भएतापनि केहि विद्यालयहरुमा भौगोलिक विकटताका कारण विद्युत विस्तार हुन सकेको छैन। विद्युतको सुविधा नभएकामध्ये प्राय विद्यालयमा सौर्य उर्जाको माध्यमबाट विद्युतको अभाव पूर्ति गर्ने प्रयास गरिएको छ। यसैगरी यस नगरपालिका सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको जडान भई त्यसको सामान्यरुपमा शिक्षण सिकाइमा प्रयोग हुदैँ आइरहेको पाइन्छ भने बाँकी आधारभूत विद्यालयहरुमा इन्टरनेट जडानका लागि अनुदानको व्यवस्था गरिएको छ। विद्युत सेवाको विस्तार नहुँदा र वैकल्पिक उर्जाको व्यवस्थापन नहुँदा इन्टरनेट जडानका लागि अनुदान निकासा भएतापनि जडान हुन सकेको छैन। यस नगरपालिकाका माध्यमिक र आधारभूत विद्यालयहरुमा कनेक्टिभिटी सुविद्या सहितको ICT प्रयोगशाला स्थापना गरिएको छ भने केही विद्यालयहरुमा कम्प्युटरका सामग्रीहरु जडान गरिएका छन राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापका लागि ३० कार्य घण्टा निर्धारण गरिएको छ। कोभिड १९ को प्रभावसंगै हाल शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको खाँचो महसुस भएको छ। यससँगै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको इ लर्निङ्ग पोर्टलका बारेमा सबैलाई सुसुचित गर्न सकिएको छैन्। शिक्षामा सूचना प्रविधिको प्रयोग स्वरुप विद्यालय तहका सम्पुर्ण शैक्षिक सूचनाहरुलाई व्यवस्थित गर्नका लागि एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको भयतापनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन्।

**चुनौती तथा अवसरहरुः**

अहिलेको युग सूचना र प्रविधिको युग हो। समयको परिवर्तनसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य भयतापनि सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको व्यवस्थापन गर्नु, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी साधनहरुको सञ्चालन र प्रयोगका लागि शिक्षकहरुको क्षमता विकास गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका विच समन्वय र सहकार्य व्यवस्थित गर्नु , सूचना र सञ्चारको प्राणिको रुपमा रहेको विद्युत सेवाको विस्तार एवम् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु, सूचना र सञ्चार प्रविधिको दुरुपयोगलाई न्यूनीकरण गर्नु,विद्यालयमा सूचना प्रविधि सम्वन्धी दक्ष जनशक्तिको अभाव केहि विद्यालयहरुमा विद्युत जडान नभएको, सबै विद्यालयमा आई.सि.टिको पहुँच नभएको, आई.सि.टिको पहुँच भएका विद्यालयहरुमा मर्मत सम्भार नहुनु ,सबै विद्यालयमा इन्टरनेटको पहुँच नहुनुको अभाव , आई.सि.टि. सम्वन्धी तालिम प्राप्त शिक्षकको अभाव जस्ता कुराहरुले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा चुनौती खडा गरेका छन्।

यसैगरी COVID १९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरुलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाइनबाट हुने शिक्षण सिकाइका सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतस्फुर्त किसिमबाट योगदान गर्नु, वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रुपमा विकास हुनु, विद्यार्थीहरुमा अनलाइन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरुमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रहरु प्रतिष्पर्धात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै संघसंस्थाहरुले अनलाइनमा पढ्ने मिल्ने गरी पाठ्यसामग्रीको विकास गर्नु ,सबै अभिभावकसँग मोबाइल फोन हुनु जस्ता कुराहरुलाई शिक्षाको क्षेत्रको सूचना तथा सञ्चार प्रविधिमा देखिएका अवसरहरु मान्न सकिन्छ।

### ४.७.२ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्नका लागि तपसिल बमोजिमका उद्देश्यहरु तय गरिएकका छनः

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
२. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।
४. पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नव प्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै मूल्यमा आधारित सक्षम समुन्नत र आत्म निर्भर समाज र सबल अर्थतन्त्र निर्माण गर्नु ।

५. पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धनात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्न ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिमा आधारित रही सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ ।
३. दिगो र रोचक सिकाइका लागि विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइनेछ ।
४. शिक्षकको पेशागत विकास तथा शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
५. विद्यालयका शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ ।
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिनेछ ।
७. सामुदायिक अध्ययन केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिका संरचनाहरुको स्थापना सञ्चालन गरिनेछ ।
८. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहिन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य सामग्रीको उचित प्रवन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि र नतिजा

#### ४.७.४.१ उपलब्धिः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने ।

### ४.७.४.२ नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको संङ्या | १९ | २ | ३ | ५ | - | - |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संङ्या | ११ | २ | ५ | ५ | ४ | २ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सँङ्या | ६ | ४ | ४ | ४ | ५ | ६ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संङ्या | १७ | ३ | ३ | ४ | २ | - |
| ५ | विद्युत पहुँच पुगेको विद्यालय संङ्या | २४ | २ | २ | १ | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने | १ | १ | १ | - | - | - |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | परिमाण | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (१० वर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालयमा आई.सि.टि. संरचना विस्तार गरि इलाइब्रेरी स्थापना | वटा | ४४ | - | १० | १० | १० | १० | ४० | ४ |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेन्ट्रिभिटिको व्यवस्था | वटा | ४४ | २२ | १० | १२ | ४४ | ४४ | ४४ | निरन्तर |
| ३ | विद्यालयमा आई.सि.टि स्थापना तथा सञ्चालनमा शिक्षकको क्षमता विकास | विद्यालय | ४४ | - | १० | १० | १० | १० | ४० | ४ |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने । | वटा | ५ | २ | १ | १ | १ | - | ५ | निरन्तर |
| ५ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलव्धता | वटा | ४४ | ५ | १० | १० | १० | ९ | ४४ | निरन्तर |
| ६ | IEMIS व्यवस्थापन | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | निरन्तर |
| ७ | साझेदारीमा क्रमस एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ४४ | ५ | १० | १० | १० | ९ | ४४ | निरन्तर |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक समरचना, सामाग्री तथा शिक्षकको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेद– ५:

## ५.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ५.१. १ परिचय

विकास र समृद्धि मूलतः उपलब्ध प्राकृतिक स्रोत साधन र क्षमता र दक्षता भएका जनशक्तिमा निर्भर गर्दछ।विकासलाई शिक्षासँग नजोड्नेरशिक्षालाई विकाससग नजोड्ने हो भने हाम्रो शिक्षाप्रणाली केवल शिक्षित बेरोजगार उत्पादन गर्ने कारखानाको निरन्तरता मात्रै हुनेछ।हाम्रो शिक्षा प्रणालीलाई सम्रचनागत नीति  बदल्न अनिबार्य छ।हाम्रो शिक्षा प्रणाली मौलिकतामा आधारित साधन स्रोत परिचालन र उपयोग गरी विकासका लागि साधक बन्नु आवश्यक छ।समृद्ध नगरपालिकाबनाउन नगरपालिकामा उपलब्ध सामर्थ्य र मौलिकतामा आधारित बनाउन शिक्षामा समेत पुन सम्रचना आवश्यक छ । जुन मुलुकले आफ्नो मुलुकमा रहेका स्रोत साधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन र आजको भूमण्डलीकरणको युगमा युग अनुकूलको नागरिक सनिर्माण गर्न सक्दैन त्यो मुलुक पनि विकासको दौडमा पछाडि पर्ने निश्चित छ। शिक्षालाई सिप सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न थप चुनौती हुने देखिन्छ।

नेपालको सन्दर्भमा लिच्छवी कालदेखि नै अनौपचारिक नीति सिकेका सिपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ। त्यस्तैगरी मल्लकालमा आएर सिपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ । शाहकालीन तथा राणाकालीन समयमा पनि कालीगढी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगढहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो। औपचारिक नीति प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरूवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो। नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरू भएको हो। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार गरीसकेको छ।

कर्णाली प्रदेशको खाँडाचक्र नगरपालिकालाई जल, जमिन, जङ्गल र जडीबुटीको भर्जिन ल्याण्ड नै मान्न सकिन्छ । यिनी प्राकृतिक स्रोत साधनमा आधारित पाँच “ज” - जल, जमिन, जङ्गल, जडीबुटी र जैविक विविधता) हरूको उपयोग र परिचालन गर्न सक्ने अर्को “ज“ - जनशक्ति) आवश्यक्ता पर्दछ । तसर्थ जनशक्तिको उत्पादन र विकासबाट मात्र विकास र समृद्धिको दिर्घकालिन रोडम्याप तय गर्न सकिन्छ। खाँडाचक्र नगरपालिकामा रहेको क्याम्पस प्रबिधिक बिद्यालयहरू हाल संचालीत शैक्षिक प्राज्ञिक कार्यक्रमहरूले स्रोत साधनमा आधारित प्राविधिक र व्यवसायिक जनशक्ति उत्पादन र विकासको आवश्यक्तालाई सम्बोधन गर्न मौंजुदा सम्रचना र व्यवस्थापनले थेग्न सकिने देखिदैन भने विद्यालय स्तरको शिक्षादेखि नै स्रोत साधनको उपयोग गर्न सक्ने न्युनतम ज्ञान, सिप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न जरूरी छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सिप र दक्षता सहितको श्रम शिक्षा हुनुपर्छ। शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशिलतामा आधारित श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी हुन सक्ने हुनुपर्छ। यसका लागि राज्यको केन्द्रीय, प्रान्तीय र स्थानीय सम्रचनाको लगानी र भूमिका महत्त्वपूर्ण हुन्छ।माध्यामिक तहलाई श्रम शिक्षाको नीति विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ।

### ५.१.२  चुनौती तथा अवसर

यस खाँडाचक्र नगरपालिकाको भौगोलिक बनावट र मानव वस्तीको अवस्थाका कारण प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु,शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणाली सम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक  तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यवसायिक

शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने, प्राविधिक र व्यवसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम सञ्चालनका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्नु,प्राकृतिक स्रोत साधनमा आधारित प्राविधिक र व्यवसायीक शिक्षा अगाडि बढाउन आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राबिधिक र व्यवसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यन्वयनको लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परगत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्तगर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन ।

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरूको चासो बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षा सङ्घ र प्रदेशसरकारको समन्वयमा उपलब्ध प्राकृतिक स्रोत साधनहरू (जल, जङ्गल, जमिन, जडीबुटी, जैविक विविधता,पर्यापर्यटन र हिमसार) लाई आधार वनाएर विद्यालय तथा विश्वविद्यालयस्तरमा शिक्षण कार्यक्रम सञ्चालनमा ल्याउने र निम्न मध्ययम र उच्चस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने संभावना हुनु,जैविक विविधताको अधिकतम उपयोगमार्फत प्राविधिक शिक्षाको हबका नीति  विकास गर्न सकिने संभावना हुनु, सीटिइभिटी अन्तरगतका विभिन्न तहका सिपमूलक र उद्यमशीलमा आधारित व्यवसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, खाँडाचक्र नगरपालिकाले प्राविधिक शिक्षालयहरू र पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना मार्फत प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनु यस क्षेत्रका प्रमुख अवसरको नीति रहेका छन् ।

### ५.१.३ लक्ष्य

खाँडाचक्र नगरपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन गरिनेछ ।

### ५.१.४ उद्देश्य

३.४.१. खाँडाचक्र नगरपालिकामा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सिपयुक्त स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु

३.४.२. प्राविधिक,व्यवसायिक र सिपमूलक शिक्षामार्फत शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु।

३.४.३  खाँडाचक्र नगरपालिको स्रोत साधनमा आधारित उद्योग, व्यवसाय, ररोजगारी मार्फत आर्थिक विकास र समृद्धिमा टेवापु¥याउनु

३.४.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम सिपयुक्त र उद्धमशील जनशक्ति तयार गर्नु ।

३.४.५. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

### ५.१.५ रणनीति

३.५.१ राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्प्रर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू सबैलाई प्रदान गरिने ।

३.५.२. प्राविधिक ताथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गरिने ।

३.५.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गरिने ।

३.५.४.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले तयार गरेका प्राविधिक र व्यवसायिक धारका पाठ्यक्रमहरूलाई नगरपालिकाको मौलिकता अनुकूल रूपान्तरण गर्न प्राविधिक तथा व्यवसयिक शिक्षा पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिने ।

३.५.५. खाँडाचक्र नगरपालिकामा माध्यमिक विद्यालयहरूलाई आगामी पाँच वर्षभित्र कम्तिमा ५ वटा प्राविधिक धारको शिक्षा प्रदान गर्नेगरी सङ्घ र प्रदेश सरकार सँग आवश्यक समन्वय र सहजीकरण गरिने ।

३.५.६. नगरपालिकामा कम्तिमा एक वटा प्राविधिक र व्यवसायिक धारको नमुना माध्यमिक विद्यालय स्थापना गर्न यसका लागि सङ्घ र प्रदेश सरकार सँग समन्वय गरिने ।

३.५.७. प्राविधिक र व्यवसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा प्राविधिक क्याम्पसस्थापना गर्नसङ्घ र प्रदेश सरकार सँग समन्वयगरी प्राविधिक र व्यवसायिक शिक्षाको उच्च स्तरको जनशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्ने रणनीति अख्तियार गरिने।
३.५.८. प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रमलाई व्यवस्थित नीति सञ्चालन गर्नका लागि नगरपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा व्यवस्थापन समन्वय एकाई गठन गरी प्राविधिक तथा व्यावशायिक शिक्षालाई थप प्रभावकारी बनाउने।
३.५.९. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यकजनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरूसँग सहकार्यगर्नुका साथै उनीहरूको क्षमता विकासमा जोड दिने।

### ५.१.६ अपेक्षित उपलब्धि

नगरपालिका कम्तिमा एकवटा प्राविधिक तथा व्यवसायिक धारको नमुना माध्यमिक विद्यालय स्थापना भएकोहुनेछ। सबै माध्यमिक विद्यालयहरूलाई अनिवार्यनीति क्रमशःसाधारण र प्राविधिकधारको कार्यक्रम सञ्चालनगर्दै लगिएको हुनेछ। उच्चप्राविधिक शिक्षा हासिल गर्नका लागि नगरपालिकामा प्राविधिकधारको एक बहुप्राविधिक क्याम्पस सञ्चालनमा ल्याएको हुनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रममापिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि हुनेछ। प्राविधिक तथा व्यावसयिक शिक्षा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हुनेछ, एक नमुना प्राविधिक शिक्षालयको नीति तथा कार्यक्रम अख्तियार भएको हुनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थापन गर्नका लागि नगरपालिकामा प्राविधिक शिक्षा विकास समन्वय एकाई सञ्चालनमा ल्याइनेछ।

## ५.१.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | परिमाण | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्राविधिक तथा व्यवसायिक धारको विद्यालय स्थापना र विस्तार गर्ने | पटक | १ | १ | ० | ० | १ | ० | २ | निरन्तर |
| २ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | जना | ४० | ८ | ८ | ८ | २ | ८ | ४० | निरन्तर |
| ३ | प्रयोगशाला तथा आई.सि.टी ल्याब व्यवस्थापन, | पटक | ४ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| ४ | प्राविधक तथा व्यवसायिक शिक्षा सञ्चालनको लागि अध्ययन तथा कार्यविधी तयारी | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ५ | छोटा अवधिका आधारभूत तालिमको व्यवस्था गर्ने एसइइ पास विद्यार्थीका लागि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | अति विपन्न र पछाडि परेका वर्गका लागि शैक्षिक सहायता र इन्टर्नशिपको व्यवस्था | जना | ३० | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनकालागि छात्रवृत्ति वितरण | जना | ५० | - | १० | १० | १० | १० | ४० | १० |
| ८ | प्राविधिक शिक्षा अध्ययन गरिसकेकाहरुकालागि स्थानीय उधम निर्माणकालागि सहुलियत कर्जा उपलब्धताकालागि निर्देशिका वा कार्यविधि निर्माण तथा अध्यावधिक गर्ने | पटक | १ | - | १ | - | - | १ | २ | निरन्तर |

# परिच्छेद –६

## ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

शिक्षा क्षेत्रको परिमाणमुखि विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस नगरपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो। शिक्षासम्बन्धि राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायार्न्वयन गरी अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेकोछ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रुपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पादन गर्न विद्यामान जनिशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्नेआवश्यकता लिई मध्यनजर गरेर योजना बद्धरुपमा अगाडी बढ्नुअति आवश्क हुन्छ । स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजनाबद्ध हनुपर्दछ । सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषेर्ण गर्नसकिन्छ। सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनकुल हुनेगरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनिहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरी ज्ञान, सीप र क्षमताको विकास गर्नुजरुरी छ। यसका अतिरिक्त पालिकाले जनसमक्ष न्युनतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरु मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन। यी सबै प्रकारका सेवाहरु उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ। तर्सथ, यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशानलाई प्रमखु साधन तथा माध्यमको रुपमा लिई योजना तर्जुमा गरिएको छ। यो खाडाँचक्र नगरपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशिकरण र शिक्षित वर्ग तथा समदुायको मूलप्रवाहीकरण सम्बन्धि विषयहरु समावेश गरिएका छन। सोह्रौ योजनामा सबै जाति, धर्म, भाषा, सिंस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरि कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ । साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र पररणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धि विशेष सावजनिक सेवा कार्य सम्पादन ऐन निर्माण गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त , दुरुस्त तथा प्रभावकारी बनाउन अनुहार रहित र कागज रहित बनाइ विधुतिय सुशासन प्रवद्धन गर्ने; एउटै विवरण एक पटक मात्र सङ्कलन गर्ने आवश्यक कानूनी व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गको सेवाग्राहीको माग र आवश्यक्तालाई सम्बोधन हुनेगरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुनेसबै प्रकारका भुक्तानीहरूलाई विधुतिय स्वरूपमा रुपान्तरण गर्ने; गनुासोको सनुवुाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सावजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्य सम्पादन करारलाई नतिजामूलक बनाउने व्यवस्थापन परिक्षण र कार्य परिक्षण लागु गरी कार्य सम्पादन प्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास

### ६.१.१ परिचय

नेपालको संबिधानले व्यवस्था गरे अनुसारको शिक्षाको संस्थागत तथा तहगत सम्रचना अनुसार शिक्षालाई प्रभावकारी नीति सञ्चालन भइरहेको छ यी तहगत सम्रचनामा भएका जनशक्तिलाई क्षमतावान बनाइ काममा प्रभावकारीता ल्याउनको लागि क्षमता बृद्धि विकासको कार्यक्रम सञ्चालन गर्ने छ सङ्घीय सम्रचना अनुसार सङ्घ प्रदेश र स्थानीय तहमा भएको संबिधानको अनुसूचि ९ मा भएको साझा अधिकारको सूचिलाई आ आफ्नो क्षेत्राधिकार भित्र पर्ने अधिकारलाई कार्यन्वयन गरी नागरिकलाई अधिकार सम्पन्न बनाउने र शिक्षामा परिर्वतन ल्याउन नगरपालिकाले रणनीति अवलम्वन गरेको छ ।

संस्थागत सम्रचनाको क्षमता विकासका लागि सङ्घ र प्रदेश सरकार मातहतमा शैक्षिक तालिम विकास केन्द्रले शिक्षक तथा कर्मचारीको क्षमता

विकास गर्नका लागि विभिन्न तालिम गोष्ठी सञ्चालन गदै आइरहेको छ । र नगरपालिकाले पनि विद्यालयमा भएका जनशक्तिहरूलाई आवश्यक किसिमको तालिम तथा क्षमता विकास गर्नेको लागि शैक्षिक सत्रको सुरूमा नै सरोककारवालाहरूको बीचमा आवश्यक सुधार गर्नेको लागि एक कार्यशाला गोष्ठीको आयोजना गरी कार्यन्वयनमा ल्याउने कार्य गर्ने छ। यसका लागि आवश्यक सङ्घ प्रदेश र स्थानीय सरोकारवालाहरू सँग समन्वय र सहकार्य गर्ने।

